## पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

### १.१ विषय परिचय

लोकसाहित्यका विविध विधामध्ये लोकगीत एक हो । लोकसाहित्य अन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोककविता, नाटक, उखान, टुक्का, गाउँखाने कथा आदि पर्दछन् । सर्वाधिक चर्चित र महत्त्वपूर्ण विधाका रूपमा लोकगीतलाई लिने गरिन्छ । लोकगीतमा लोक जीवनका हाँसो-रोदन, सुख-दुःख, आशा-निराशा, प्रेम-विछोड विभिन्न भावनाका साथै लोक परम्परामा प्रचलित चालचलन, रीतिरिवाज, संस्कृति, धर्म, आस्था, मान्यता र अन्धविश्वासको चित्रण पाइन्छ (बन्धु, २०७१ (ते.सं.) : ११५) । रागात्मक प्रेम प्रसङ्ग, विरह, व्यथा, वियोग, चिन्ता, पारिवारिक असन्तुलन, अभाव, पीडा, कुण्ठा आदिको मनस्थितिबाट प्रायः लोकगीत अभिव्यक्त हुन्छ । मानव हृदयमा रहेको भावको अभिव्यक्ति लोकगीतमा हुनाले लोकगीतलाई मानिसले आफ्नै सिर्जना ठान्दछन् । सोही कारण प्रस्तुत अध्ययनपत्रमा रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गर्ने प्रयास गरिएको छ ।

### १.२ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक 'रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन' रहेको छ ।

### १.३ अध्ययनपत्रको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्र (५१०-६) को प्रयोजनका लागि प्रस्तुत अध्ययनपत्र तयार गरिएको छ ।

### १.४ समस्या कथन

प्रस्तुत शोध कार्य निम्नलिखित समस्यामा केन्द्रित भई सम्पन्न गरिएको छ ।

क) रूपाकोट क्षेत्रको भौगोलिक अवस्था के कस्तो छ ?

ख) रूपाकोट क्षेत्रमा प्रचलित लोकगीत के-कस्ता रहेका प्रकारका छन् ?

ग) रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण र अध्ययन के कसरी गर्न सकिन्छ ?

### १.५ अध्ययनको उद्देश्य

क) रूपाकोट क्षेत्रको भौगोलिक अवस्थाको परिचय दिनु,

ख) रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन गर्नु,

ग) रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण गरी अध्ययन गर्नु ।

माथि समस्या कथनमा उल्लेखित समस्याको निरूपण गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ ।

### १.६ पूर्व कार्यको विवरण

मानव सभ्यताको विकास सँगसँगै विकास भएको लोकगीत आज कर्णप्रिय विधाका रूपमा रहेको छ । लोकगीत आज मानव जीवनका दुःख-आँसु, हासो-खुसी तथा वेदना व्यक्त गर्ने अभिन्न अङ्ग भइसकेको छ । लोकगीत जनजीवनबाट प्रभावित स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । लोकसाहित्यको विधा ठूलो छ । सोही कारण लोकसाहित्यले व्यापक क्षेत्र ओगटेको छ । विभिन्न समयमा लोकसाहित्य अन्तर्गतको लोकगीत विधाको विभाजन गरी विधागत अध्ययन गर्ने गरिएको पाइन्छ ।

अध्ययनका क्रममा लोकगीत मनोरञ्जनको साधनका साथै विचार र भावनाको आदानप्रदान गर्ने साधनका रूपमा पनि परिचित गरिएको देखिन्छ । यिनै कुरालाई ध्यानमा राखी विभिन्न समयमा विभिन्न विद्वान्ले लोकगीतको अध्ययन अनुसन्धान एवम् विवेचना गर्दै आएका छन् । प्रस्तुत अध्ययनपत्र तयार पार्ने क्रममा पनि लोकगीतका बारेमा विभिन्न विद्वान्ले व्यक्त गरेका धारणा र उनीहरूले गरेका कार्यको सङ्क्षिप्त विवरण यसप्रकार प्रस्तुत गरिएको छ,

#### १.६.१ कालिभक्त पन्त, हाम्रो सांस्कृतिक इतिहास (२०२८)

नेपाली लोकसाहित्यका अध्येता कालीभक्त पन्तले आफ्नो कृति **हाम्रो सांस्कृतिक इतिहास** (२०२८) मा लोकगीतसमेतको चर्चा गर्ने क्रममा विभिन्न लोकगीतलाई पुकारेका छन् (पन्त, २०२८ : १३) । उनको यस कृतिले पनि रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतलाई समेट्न सकेको पाइँदैन ।

**१.६.२ धर्मराज थापा, गण्डकीका सुसेलीहरू** (२०३०)

धर्मराज थापाको **गण्डकीका सुसेलीहरू** कृतिमा पश्चिमाञ्चल विकास क्षेत्रको लोकगीतको अध्ययन गरेको पाइन्छ । विशेषतः गण्डकी र धवलागिरि अञ्चलको लोकसंस्कृतिलाई विभिन्न कोणबाट प्रस्तुत गरिएको देखिन्छ (थापा, २०३० : २५) । यसमा उल्लेख गरिएका कुनै-कुनै गीत रूपाकोट क्षेत्रमा पाइन्छन् तर रूपाकोट क्षेत्रमा पाइने गीत भनेर ग्रन्थमा उल्लेख गरिएको छैन ।

**१.६.३ धर्मराज थापा र हंसपुरे सुवेदी, नेपाली लोकसाहित्यको विवेचना (२०४१)**

प्रस्तुत नेपाली लोकसाहित्यको विवेचना कृतिमा नेपाली लोकसाहित्यलाई छ खण्डमा विभाजन गरी अध्ययन गरिएको पाइन्छ । छ खण्डमध्ये एक खण्डमा लोकगीतका बारेमा चर्चा गरिएको छ । जसमा संस्कार गीत, ऋतुगीत, पर्वगीत, कर्मगीत, लोकनृत्य र विविध गरी विभिन्न भागमा वर्गीकरण गरिएको छ (थापा र सुवेदी, २०४१ : ९) । यस खण्डमा विभिन्न गीतको जानकारी दिइए तापनि रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन पाइँदैन ।

**१.६.४ कृष्णप्रसाद पराजुली, नेपाली लोकगीतको आलोक** (२०५७)

पराजुलीको यस कृतिमा नेपाली लोकगीतको परिचय दिई वर्गीकरण र विश्लेषण गरिएको छ । लोकगीतलाई ऋतुचक्रीय गरी दुई भेदमा विभाजित गरी अन्य उपभेद हुन्छ भनी देखाइएको छ (पराजुली, २०५७ : १२) । यसमा रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको चर्चा भने पाइँदैन ।

**१.६.५ चूडामणि बन्धु, नेपाली लोकसाहित्य** (२०६०)

लोकसाहित्यलाई उँचाइमा पुऱ्याउनका लागि **नेपाली लोकसाहित्य (२०६०)** कृतिमा लोकसाहित्यका विभिन्न विधाका बारेमा चर्चा गरिएको पाइन्छ । यस कृतिमा लोकगीतलाई विभिन्न आधारमा विभाजन गरी चर्चा गरिएको पाइन्छ । विशेषगरी लोकगीतलाई सहभागिता र प्रकार्यका आधारमा विभाजन गरी ख्याली, मालसिरी, बालगीत, देउडा, झ्याउरे, रोइला, भजन, जुहारी, रोपाई, दाइँ, असारेजस्ता गीतको चर्चा गरिएको छ (बन्धु,

२०६० : ५२) । यस कृतिमा पनि रूपाकोट क्षेत्रमा प्रचलित लोकगीत समावेश भएको पाइए तापनि उक्त गीतलाई रूपाकोट क्षेत्रका गीत भनेर कहीँ कतै उल्लेख भएको पाइँदैन ।

### १.६.६ मोहनराज शर्मा र डा. खगेन्द्रप्रसाद लुइटेल, लोकवार्ता विज्ञान र लोकसाहित्य (२०६३)

यस पुस्तकमा लोकगीतलाई क्षेत्रीय, जातीय, उमेर, लिङ्ग, सहभागी, बनोट, प्रस्तुती, विषय, आकार र समयका आधारमा वर्गीकरण गरिएको छ (शर्मा र लुइँटेल, २०६३ : १६) । झ्याउरे, तीजे, भैलो, देउसी, असारे र रत्यौली जस्ता गीत रूपाकोट क्षेत्रका परे पनि यस स्थानको बारेमा चर्चा गरिएको छैन ।

### १.६.७ कुसुमाकर न्यौपाने र नेपाली लोकगीत (२०७०)

कुसुमाकर न्यौपानेको प्रस्तुत कृतिमा खासगरी लोकगीतलाई मुख्य केन्द्रमा राखी लोकनृत्य र लोकबाजाको पनि विवेचना गरिएको छ । **नेपाली लोकगीत** (२०७०) कृतिमा लोकगीतलाई विभिन्न आधारमा वर्गीकरण गरिएको पाइन्छ । लोकगीतलाई जाति, उमेर, लिङ्ग, प्रस्तुति, भूगोल, विषय, आकार, गायन, अवसर आदिका आधारमा वर्गीकरण गरिएको छ (न्यौपाने, २०७० : ३) । उनका कृतिमा गण्डकी क्षेत्रमा प्रचलित लोकभाकालाई समेटेको छ । यद्यपि रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतका बारेमा भने विवेचना भएको पाइदैन ।

यसरी विभिन्न अध्येताका कृतिलाई हेर्दा पनि यस रूपाकोट क्षेत्रका गीतको अध्ययन नभएको देखिन्छ । सोही कारण प्रस्तुत अध्ययनपत्र यस क्षेत्रमा प्रचलित लोकगीतमा केन्द्रित रहेर तयार पारिएको छ ।

## १.७ अध्ययनको औचित्य

नेपाली समाजले अत्यन्तै मन पराउने विधा हो लोकसाहित्य । लोकसाहित्य अन्तर्गत लोकगीत सबैभन्दा लोकप्रिय विधा हो । लोकगीतमा समाजमा भए गरेका सम्पूर्ण परिवेशलाई सन्दर्भिक तरिकाले प्रस्तुत गरिएको हुनाले यो विधा महत्त्वपूर्ण मानिने गरिन्छ । यहीँ महत्त्वलाई ध्यानमा राखी आजसम्म अध्ययन नगरिएको कास्की जिल्ला अन्तर्गत पर्ने रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन गरी यसको सामाजिक तथा सांस्कृतिक

परिवेशको महत्त्वसमेत पहिल्याउने प्रयास गरिएको हुनाले प्रस्तुत अध्ययनपत्र औचित्यपूर्ण रहेको छ ।

### १.८ शोध कार्यको क्षेत्र र सीमा

गण्डकी अञ्चल कास्की जिल्ला रूपा गाउँपालिका अन्तर्गत पर्ने रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको मात्र यहाँ अध्ययन गरिएको छ । यो नै यस अध्ययनको क्षेत्र अन्तर्गत पर्दछ । यसै क्षेत्र अन्तर्गत प्रचलित नेपाली लोकगीतलाई सङ्कलन गरी विषय कथ्य र भाषाका कोणबाट विश्लेषण गरी निष्कर्ष निकाल्नु यस अध्ययनपत्रको सीमा रहेको छ ।

### १.९ सामग्री सङ्कलन विधि

यस अध्ययनपत्र तयार गर्दा यस क्षेत्रमा बसोबास गर्ने मानिससँग प्रत्यक्ष भेटघाट गरी तथा विभिन्न क्षेत्रमा लाग्ने मेला, पर्व, जात्रा, आदिमा प्रत्यक्ष सहभागी भई सामग्री सङ्कलन गरिएको छ । साथै, लोकगीत सङ्कलन कार्य अझै प्रभावकारी बनाउनका लागि आवश्यकता अनुसार टेपरेकर्डर, तस्वीरका लागि क्यामेराको प्रयोग गरेर लेख्य रूपमा उतारिएको छ ।

### १.१० अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रलाई व्यवस्थित रूप दिनका लागि निम्नलिखित पाँच अध्यायमा विभाजन गरिएको छ-

| | |
|---|---|
| पहिलो परिच्छेद : | अध्ययनपत्रको परिचय, |
| दोस्रो परिच्छेद : | रूपाकोट क्षेत्रको परिचय, |
| तेस्रो परिच्छेद : | लोकसाहित्य र लोकगीतको सैद्धान्तिक परिचय, |
| चौथो परिच्छेद : | रूपाकोट क्षेत्रका लोकगीतको सङ्कलन र अध्ययन, |
| पाँचौ परिच्छेद : | उपसंहार निष्कर्ष, |
| | सन्दर्भसूची, |
| | परिशिष्ट । |

दोस्रो परिच्छेद

# रूपाकोट क्षेत्रको परिचय

## २.१ रूपाकोट क्षेत्रको ऐतिहासिक पृष्ठभूमि

रूपाकोट गाउँ विकास समिति संघीय संरचनामा गएपछि रूपा गाउँपालिकामा परिवर्तन भएको छ । कास्कीको रमणीय स्थल रूपाकोट पौराणिक कालमा ऋषि च्यावनको तपोभूमि रूपाताल काखमा लिई २९ वर्ग किलोमिटर क्षेत्रफलमा आफ्नो आकार विस्तार गरेको किंवदन्ती पाइन्छ ।

'कास्कीका वडाराजा कुल मण्डल शाहका सात छोरामध्ये रूपा शाही नामक छोरालाई त्यहाँको सुरक्षार्थ अख्तियार दिइएबाट त्यस ठाउँको नाउँ उनैको नामबाट रूपाकोट बनेको हो' भनेर स्थानीय रामराज सुवेदी भन्छन् । स्थानीय अग्रज व्यक्तिका अनुसार काखमा कञ्चन रूपाताल बोकेको यस गा.वि.स.को नाम **रूपा** राखियो र यस ठाउँमा रहेका कोटको प्रतिनिधित्व स्वरूप **कोट** थपी रूपाकोट रहेको विचार प्रकट गर्दछन् । चिसापानी कोट, भिरचोक कोट, वराहथोक जहाँ अहिले मन्दिर र गुम्बाहरू अवस्थित छन् । उक्त ठाउँमा बाइसे चौबीसे राज्यको समयमा सुरक्षार्थ किल्ला र दरबार रहेका थिए । हाल उक्त अवशेषसमेत हराउँदै गएका छन् । ती कोट र रूपातालको समागमबाट रूपाकोट रहन गएको कथन बढी सान्दर्भिक देखिन्छ । कुरा जे होस्, रूपाकोट गा.वि.स. ऐतिहासिक पृष्ठभूमि बोकेको स्थलका बारेमा कसैले नकार्न सक्दैन ।

रूपाकोटको नामाकरण २०३८ सालमा भएको हो । त्यसभन्दा अगाडि यस ठाउँ भिरचोक गाउँ पञ्चायत रहेको थियो । लेखनाथ नगरपालिका बन्नु अगाडि रूपाकोट गा.वि.स. संघीय संरचना अघिको लेखनाथ नगरपालिका १२, १३ र १४ वडासम्म फैलिएको थियो । क्षेत्र पुर्नसंरचना गरी गा.वि.स.मा परिणत गर्दा रूपाकोट गाउँ विकास समिति पूर्वमा मोहोरिया, दक्षिणमा आँपुखोला उत्तरमा भारपाला र तालवेसी साथै पश्चिममा रूपातालसहित मालमुल फाँट खोलाको छेऊसम्म रहन पुगेको हो । रूपाकोट क्षेत्रका मुख्य प्राकृतिक स्रोतमध्ये रूपाताल, घना वनजङ्गल पर्दछन् । जसको सही सदुपयोग गर्न सकेको खण्डमा रूपाकोट क्षेत्रमा पर्यटन प्रवर्द्धन एवम् आय आर्जनको स्रोत वृद्धि गर्न ठूलो सहयोग पुग्छ ।

देशको सन्तुलित विकास एवम् प्रशासनिक सन्तुलन कायम गर्ने उद्देश्यले २०१८ सालमा १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरियो । यसैगरी, २०३८ सालमा केन्द्रित राज्य सञ्चालन गर्ने उद्देश्यले पाँच विकास क्षेत्रमा विभाजन भयो । २०७२ सालको संविधान नबन्दाको अवस्थासम्म नेपाललाई पाँच विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला, ५८ ओटा नगरपालिका र तीन हजार नौ सय चार वटा गाउँ विकास समितिमा विभाजन गरियो । लुम्बिनी, धवलागिरि र गण्डकी अञ्चललाई समेटेर पश्चिमाञ्चल विकास क्षेत्रको निमार्ण गरियो । छ जिल्लाको संयोजनबाट बनेको गण्डकी अञ्चल अन्तरर्गत कास्की जिल्लामा एक उप-महानगरपालिका, एक नगरपालिका र ४३ ओटा गाउँ विकास समिति समावेश रहे ।

२०७२ सालको संविधान पछि बनेको पछिल्लो संघीय संरचना अनुसार एक महानगरपालिका र चार गाउँपालिकामा रूपान्तरण गरिएको छ । जसअन्तर्गत पोखरा लेखनाथ महानगरपालिका, रूपा गाउँपालिका, मादी गाउँपालिका, माछापुच्छ्रे गाउँपालिका र अन्नपूर्ण गाउँपालिका रहेका छन् । यिनै चार गाउँपालिकामध्येको एक पर्यटकीय गन्तव्य रूपाकोट हो । यसर्थ, आर्थिक समृद्धिको सम्भावना बोकेको गाउँपालिका पनि हो रूपाकोट । प्रस्तुत अध्ययनपत्र सोही रूपाकोट गाउँपालिका अन्तर्गत रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतमा मात्र केन्द्रित रहेको छ ।

## २.२ रूपाकोट क्षेत्रको परिचय

रूपाकोट गाउँ विकास समिति हाल रूपाकोट गाउँ पालिकाअन्तर्गत समावेश भएको छ । यस अध्ययनपत्र तयार पार्ने समयसम्म यस क्षेत्रका स्थानीयवासीलाई नयाँ संरचना अनुसारको खण्ड भनेर विश्लेषण गर्दा असहज देखिने भएकाले साविकको रूपाकोट गाउँ विकास समिति अन्तर्गतको क्षेत्र हाल रूपाकोट भएको छ । प्रस्तुत अध्ययनपत्रमा उही पुरानो  गाउँ विकास समितिलाई हालको रूपाकोट क्षेत्र भनेर त्यसैका बारेमा मात्र चर्चा गरिएको छ ।

कास्की जिल्लाको दक्षिण पूर्वी भेगमा पर्ने रूपाकोट गाउँ विकास समिति साविकका ४३ गा.वि.स.मध्येको एक ग्रामीण बस्ती हो । नेपालका पहाडी बस्तीका आ-आफ्नै विशेषता पाइन्छन् । हरेक बस्ती एवम् गाउँमा पुग्दा त्यहाँका आफ्नै विशेषताले नौलो अनुभूति प्रदान गरिरहेका हुन्छन् । नेपाली गाउँहरूको भीडभाडबाट आफूलाई माथि उठाउन खोजिरहेको बस्ती हो रूपाकोट । रूपाकोटले यस क्षेत्रले यहाँ पाइला टेक्ने अधिकांश व्यक्तिलाई छुट्टै

अनुभूति र अनुभवको चुलीमा टेकाउने गर्दछ । अधिकांश भू-भाग डाँडा-पाखा, खोच र हरियाली जङ्गलले ओगटेको यस क्षेत्रका बस्ती बाक्ला छन् । एक हजार चार सय १२ मिटरसम्मको उँचाइमा अवस्थित यस क्षेत्रको दक्षिणी सिमानामा एक हजार १८ मिटरको उँचाइमा देउराली गा.वि.स. र ७९० मिटरको उँचाइमा अवस्थित लेखनाथ नगरपालिका पश्चिमी सिमानामा रहेकाले पनि रूपाकोट गाउँ विकास समिति अग्लो स्थानमा रहेको भान पर्छ ।

साविकको रूपाकोट गा.वि.स.को पूर्वी सिमानामा थुम्की गा.वि.स. र उत्तरी सिमानामा हंसपुर गा.वि.स.ले घेरेको छ । पुरानो बसोवास स्थलको रूपमा चिनिएको यस क्षेत्रमा क्षत्री, बाहुन, गुरुङ, मगर, मुसलमान, दमाई, कामी आदि जातजाति एक आपसमा बन्धुत्वको भावना स्थापित गरी बसोवास गरेको पाइन्छ । साथै, विभिन्न मठ, मन्दिर, गुम्बा, मस्जिदको संरक्षण र विभिन्न चाडपर्व एक आपसमा सौहार्द्रपूर्ण वातावरणमा मनाउने गरिन्छ ।

रूपाकोट गाउँ विकास समितिबाट साविकको लेखनाथ नगरपालिकामा अवस्थित ताल, हिमशृङ्खला, माछापुच्छ्रे हिमालको माछापुच्छ्रे आकारको पूर्वीय मोहडाको अवलोकन गर्नुका साथै लेखनाथ एवम् पोखरा सहर र फेवातालको दृश्यावलोकन गर्न सकिन्छ । सेती नदी, मादी नदी, विभिन्न पहाड जसले क्षितिजसँग मितेरी गाँस्दै छन्, जसको दृश्यावलोकनबाट हरेक आगन्तुकले छुट्टै अनुभूति गर्दछन् । दन्तलहरको रूपमा उभिएका हिमशृङ्खलाको हँसिलो स्वागत, लालीगुराँस फूलको मुस्कुराहट, ठाडो र उकालो बाटोमा उक्लदा आउने पसिनालाई चुम्वन गर्दै बहने चिसो बतास, हरिया पहाड, घना वन अनि अतिथि देवो भवःको भावना भएका रूपाकोटवासीको सत्कारबाट प्रभावित जो कोही पनि पुनः यस ठाउँमा आउने अपेक्षा गर्दछन् ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत गण्डकी अञ्चल, कास्की जिल्लाको दक्षिण पूर्वी विकासोन्मुख रूपाकोट क्षेत्र विशेषतः प्राकृतिक सांस्कृतिक र जैविक विविधताको खानी हो । पोखरादेखि २५ किलोमिटरको दूरीमा अवस्थित यस गा.वि.स विश्वमानचित्रमा ८४ डिग्री ०६ मिनेट ४० सेकेण्डदेखि ८४ डिग्री ०५ मिनेट ४० सेकेण्ड पूर्वी देशान्तरमा तथा २८ डिग्री ०६ मिनेट ४० सेकेण्डदेखि २५ डिग्री ०९ मिनेट १७ सकेण्ड उत्तरी अक्षांशसम्म फैलिएको छ । अधिकतम लम्वाई ७.६ किलोमिटर र चौडाई ६.८ किलोमिटर भित्र २९ वर्ग किलोमिटर यस क्षेत्रको भू-भागमा ओगेटेको छ ।

सामुद्रिक सतहबाट एक हजार चार सय १२ मिटरको उँचाइमा अवस्थित थाप्लेडाडाँदेखि ६५० मिटरमा अवस्थित रूपाताल जस्ता धरातलीय स्वरूप र भौगोलिक विविधता यस क्षेत्रमा पाइन्छन् ।

नेपाल एक पहाडी भू-धरातलले प्रचुरता छाएको देश हो । हिमाली र पहाडी प्रदेशका अधिकांश स्थानीय तह डाँडापाखाका उपज हुन् । जसमध्ये रूपाकोट पनि एक हो । भिरालो जमिन, रातो, कालो एवम् कमेरो माटो रहेको ठाउँमा पहिरो र भूक्षयले बढी सताउने गर्दछ । केही भाग पाँगो माटोले बनेको समथर जमीन पनि रहेको छ । जुन भू-भागमा वर्षायाममा धान खेती र हिउँदमा तरकारी खेती योग्य रहेको हुन्छ । यद्यपि माथिल्लो क्षेत्रबाट तल्लो भेगमा बाढी आउने गर्दछ, वन विनाश, आगलागी अयोग्य ठाउँमा बसोवास र खेती गर्नाले रूपाकोट गा.वि.स.को मुख्य खेतीयोग्य जमिन ताल, वेसी, फाँट र आँपुखोला फाँट जस्ता उर्वरायुक्त खेतमा बाढी र डुवानको समस्या हरेक वर्ष देखिन्छ । यो समस्या निराकरण गर्नका लागि चेकड्याम मात्र प्रयाप्त हुँदैन यसका साथ साथै, माथिल्लो भेगमा जनचेतना फैलाई वन विनाश रोक्ने, वृक्षारोपण वृद्धि गर्ने, पानीको निकास व्यवस्थित गर्ने जस्ता कार्य गर्न सकेका खण्डमा समस्या न्यूनीकरण हुने देखिन्छ ।

रूपाकोट क्षेत्र पहाडी भू-धरातलमा अवस्थित भइकन उर्वरायुक्त जमिनले घेरिएको छ । साविकको रूपाकोट गा.वि.स.को तल्लो भेगमा धान खेत छन् । माथिल्लो भेगमा तरकारी, अन्न कोदो, मकै, मास, भट्ट एवम् फलफूल उत्पादन हुने गर्दछ । खेतीयोग्य जमिन तीन हजार नौ सय ४९ हेक्टर रहेको यस गा.वि.स. ७२१ हेक्टर क्षेत्रमा मात्र सिचाइँको उपलब्धता छ । यस क्षेत्रमा विगतमा वर्षमा एक फसल मात्र उत्पादन गर्ने र अन्य समय बाँझो रहने गरेको थियो । पछिल्लो समय यस क्षेत्रमा आंशिक सिञ्चित क्षेत्रमा बाँझो हुने क्रममा वृद्धि हुँदै गएको पाइन्छ । रूपाकोट क्षेत्रमा धना जङ्गलले ३४९ हेक्टर जमिन ओगटेको छ । खेतीयोग्य जमिन बाँझो रहने क्रमले गर्दा यसको क्षेत्रफल बढ्दो देखिन्छ भने बुट्यानले ३०७ हेक्टर जमिन ढाकेको छ । यस क्षेत्रमा पशुपालनका लागि चरण क्षेत्र १३० हेक्टर रहेको छ ।

## २.३ रूपाकोट क्षेत्रको सामाजिक जीवन

रूपाकोट क्षेत्रको अधिकांश भू-भाग डाँडापाखा र जङ्गलले ढाकेको छ । ऐतिहासिक कालदेखि नै उत्तरबाट मङ्गोल वर्ण जातिहरू आएर रूपाकोटको उच्च भू-भागमा बसोबास

गरेको पाइन्छ । यस्तै दक्षिणबाट भित्रिएका आर्यहरू रूपाकोटको तल्लो भेगमा बसोबास स्थल बनाएका थिए । त्यसैले अहिले पनि उच्च उँचाइमा गुरुङ, मगर समुदायको बसोबास रहेको छ । तल्लो भेकमा क्षत्री, बाह्मणलगायत अन्य जाति बसोबास गर्दै आएका छन् ।

जाति अनुसार रीतिरिवाज जन्म र मृत्यु आदि संस्कारका साथै भेषभुषा र चालचलन रहेको पाइन्छ । परापूर्व कालदेखि नेपालमा प्रवेश गरेका मुसलमानले रूपाकोटमा पनि आफ्नो बसोवास स्थल बनाएको पाइन्छ ।

रूपाकोट क्षेत्रमा हाल क्षत्री, बाह्मण, गुरुङ, मुसलमान, नेवार, सार्की, कामी, दमाई, सुनार आदि जातजातिको बसोवास पाइन्छ । एक आपसमा भ्रातृत्व कायम गरी मिलेर बसेका यी जातजातिका बीचमा उत्पन्न छुवाछुतको भेदभाव विस्तारै हराउँदै नयाँ-नयाँ मान्यता र परम्परा शुरू हुँदैछ । नेपालको राष्ट्रभाषा नेपाली हो । नेपालमा बोल्ने विभिन्न भाषा परिवार छन् । रूपाकोटमा पनि तिनैमध्येका केही भाषा परिवार रहेका छन् । जस अन्तर्गत गुरुङ, मगर, तामाङ, नेवारी, उर्दू भाषा रूपाकोट समुदायमा प्रचलनमा रहेको पाइन्छ ।

रूपाकोटमा हिन्दू, इस्लाम, इसाई र बौद्ध धर्मालम्बी बसोबास गर्दछन् । रूपाकोटमा विशेष गरी हिन्दू धर्मालम्वीको बाहुल्यता छ । यसका साथै बौद्ध, इस्लाम धर्मालम्बी पनि बसोवास गर्दछन् । हिन्दू धर्म भित्र पशुपति, शिवमहादेव, इन्द्रको पूजा गर्ने, दुर्गा, काली, महाकाली आदि देवीको पूजा गर्ने, तन्त्रमन्त्र जपेर वली चडाउने शक्तिमार्गी, विष्णुमार्गी, शौर्य र गणेशमार्गी रहेको पाइन्छ । बौद्ध धर्म भित्र गौतम बुद्धको मूल उपदेशमा विश्वास गर्ने, अवतार वादमा विश्वास नगर्ने सम्प्रदायमध्ये अवतारवाद मान्ने मार्गी रूपाकोटमा प्रचुर मात्रामा बसोवास गर्दछन् । मुस्लिम धर्म इस्लाम अन्तर्गत सुन्नी र शिया सम्प्रदायमध्ये रूपाकोट क्षेत्रमा बसोवास गर्ने मुसलमान सुन्नी सम्प्रदाय अन्तर्गत पर्दछन् ।

रूपाकोटको प्रमुख पेशा कृषि व्यवसाय मान्न सकिन्छ । यो पेशा परम्परागत रूपमा गरिरहेको पाइन्छ । आधुनिकीकरण हुन नसक्दा कृषि पेशाको अवमूल्यन भएको छ । युवा पुस्ताको अबको जिम्मेवारी कृषि पेशालाई आधुनिकीकरण गरी सामुदायिक विकासमा सहयोग पुऱ्याई आत्मनिर्भर बन्नुपर्ने देखिन्छ ।

दोस्रो पेशाका रूपमा जागिरबाट जीविका चलाउने प्रचलन रहेको छ । जसअन्तर्गत सैनिक सेवा, विदेश गएर सेवा गर्ने लहर पनि रूपाकोटमा कम छैन । यसका अलवा

स्थानीय स्रोत र साधनको उपयोग गरी परम्परागत रूपमा सञ्चालन हुँदै आएका पेशा व्यवसाय गर्ने कार्य रूपाकोटबासीका पेशा रहेका छन् ।

यस क्षेत्रमा बसोबास गर्नेहरूले खानामा धानको भात, मकै र कोदाको रोटी, ढिँडोलगायतका परिकार प्रयोग गर्दछन् । यस्तै गरी गरगहनामा ढुङ्गी, मारवारी, सिलमुन्दी, तिलहरी, सिक्री, यार्लिङ, बुलाँकी, टप, फूली, औँठी, वाला महिलाको सोख अनुसार लगाएको पाइन्छ । देश गुनाको भेष भने झैं खाने लगाउने कुरामा भौगोलिक वातावरण र संस्कृतिले पनि ठूलो असर गर्दछ । रूपाकोटबासी कुर्ता, सुरुवाल, दौरा, भोटो, कछाड, इस्टकोट, पटुका, टोपी छाडेर प्यान्ट सर्ट लगाउन थालेका छन् । महिलाहरू फरिया, चोलो, पछ्यौरा लगाउँछन् ।

## २.४ रूपाकोट क्षेत्रका धार्मिक स्थल

रूपाकोटमा विभिन्न धार्मिक स्थल रहेका छन् । जसका आ-आफ्नै महत्त्व र विशेषता छन् । यहाँका जाति, संस्कृति र परम्पराअनुसार फरक-फरक धार्मिक चालचलन गरी आएको पाइन्छ । यस स्थलका महत्त्वपूर्ण स्थलमध्ये रूपाकोट-३ मा अवस्थित चिसापानी देवी मन्दिर एक हो ।

विशेषतः वैशाख पूर्णिमा र मंसिर पूर्णिमामा हिन्दू धर्मालम्बी यस मन्दिरमा पूजाका लागि आउने गर्दछन् । सो समयमा सरदर पाँच हजारसम्मको भिड त्यस पूजामा लाग्ने गर्दछ । नियमित पूजा गर्ने, सङ्कट परेको बखत बली चढाउँछु भनी गरेको भाकल चढाउने र आफन्त इष्टमित्र छरछिमेकलाई निम्ता गरी पञ्चवली दिने, भोज खुवाउने प्रचलन रहेको छ । आटे ताकेको पुऱ्याउने र सङ्कटको वेलामा चिसापानी देवीले बचाउने जनविश्वासका साथ यस मन्दिरमा टाढा-टाढाबाट पूजा गर्ने भक्तजनज आउने गर्दछन् । हाल यस मन्दिरको पुनः निर्माण कार्य सम्पन्न भइसकेको छ ।

यस्तै, रूपाकोटमा रहेको चिसापानी गुम्बा अर्को महत्त्वपूर्ण पौराणिक एवम् धार्मिक स्थल हो । यो गुम्बा करिब एक हजार पाँच सय मिटरको उँचाइमा अवस्थित छ । बाइसी चौबीसी राज्य हुँदाका बखत यहाँ कास्कीको दरबार रहेको र उक्त समयका हातहतियार बौद्ध धर्म सामग्री संरक्षित गर्न २०३० सालमा उली बस्ने प्रथा चलाइएको थियो । विशेषतः असिना पानीको क्षतिबाट बालिनालीको संरक्षण गर्न यो प्रथा चलाएको बुझिन्छ । उक्त

समयदेखि नै यस कार्य वीर्खसिङ गुरुङ्ग (कान्छा लामा) बाट सञ्चालित हुँदै आएको र २०४२ माघमा नोयन्द्र गुरुङको सक्रियतामा यहाँ मन्दिरको स्थापना गरेको पाइन्छ ।

साथै, शास्त्रीय पैनीहरूको सल्लाह अनुसार कार्तिक महिनामा खेतीपाती थन्काउने समयमा खेती संरक्षण गर्ने उद्देश्य र चैत्रमा लगाउने समय मेघ, असिना र हावाहुरी तर्काउन उली प्रथाको सट्टा होमादि हाल्ने परम्पराको शुरूवात गरियो । यस क्षेत्रलाई हिन्दू धर्मालम्बीका लागि पितृको सम्झनामा शतवीज छर्ने परम्पराको थालनी हिमदृश्य शान्ति गुम्बा व्यवस्थापन समितिले गर्दै आएको छ । केयर नेपालको सहयोगबाट हरियाली बनेको यहाँको थाप्लेडाँडा धार्मिक एवम् पर्यटकीय स्थलको रूपमा चिनिदैँ आएको छ ।

यसका साथै मोहोरियाको गुम्बा, बराहथोकको कोट भैरव मन्दिर, भोर्लेमा रहेको बाराही मन्दिर र मुस्लिम धर्मालम्बीको आस्थाको केन्द्र मस्जिद रूपाकोटका विशेष महत्त्वपूर्ण धार्मिक स्थल हुन् । यसैगरी, मैदानको अजितमाला थान, भङ्गराको बाराही मन्दिर, मोहरियाको गुम्बा, धर्मडाँडाको पेरुगुफा ओझेलमा परेका महत्त्वपूर्ण धार्मिक स्थल हुन् । रूपाकोटको गुफा धार्मिक मात्र नभै ऐतिहासिकसमेत रहेको पाइन्छ ।

## २.५ रूपाकोट क्षेत्रका मेला र उत्सव

रूपाकोट क्षेत्रमा विभिन्न समयमा विभिन्न मेला, उत्सवलगायतका कार्यक्रम हुँदै आएका छन् । जस अन्तर्गत, वैशाख पूर्णिमामा बुद्ध जयन्तीको अवसर पारी रूपाकोटको सिद्धार्थ स्मृति क्लव मोहरियाले कार्यक्रम राख्ने गर्दछ । क्लबद्वारा निरन्तर आयोजना हुँदै आएको खुला भलिबल प्रतियोगिता यस कार्यक्रमको मुख्य आकर्षण रहेको छ । यसै दिन चिसापानी मन्दिरमा ठूलो मेला लाग्ने गर्दछ ।

यसैगरी, कृष्ण जन्माष्टमीका दिन रूपाकोटको भिरचोकमा स्थानीय ध्रुवतारा क्लबले निरन्तर रूपमा कृष्ण जन्माउने प्रचलन चलाइरहेको छ । राति १२ बजेको कृष्ण जन्मसमयसम्म विभिन्न स्थानीय कृष्ण लीलाको संयोजनका साथमा कृष्ण जन्माअष्टमी मनाउने गरिन्छ । स्थानीय दर्शकका माझमा कृष्ण जन्माउने कार्यक्रमलाई भावी पुस्तासम्म हस्तान्तरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

यस्तै, हरितालिका तीजको अवसर पारी रूपाकोटमा स्थानीय क्लबले आफ्ना दिदीबहिनीलाई नाचगानका माध्यमबाट रमाइलो वातावरणको सिर्जना गर्न तीजमेलाको आयोजना गर्ने गर्दछन् । यसैगरी, माघे सङ्क्रान्तिमा रूपाकोटमा महत्त्वपूर्ण मेला सञ्चालन

गरिन्छ । विशेषतः रूपाकोट महोत्सवको रूपमा प्रचलित यो मेलामा स्थानीय घाटु, सारेठी जस्ता लोपोन्मुख नृत्य, आधुनिक तथा लोकनृत्य, विभिन्न खेलकुद प्रतियोगिता सञ्चालन गरिन्छ । हालका वर्षमा स्थानीय सामग्री र महत्त्वपूर्ण जडिबुटी प्रदर्शनसमेत गरी उक्त मेला मनाउने  गरेको पाइन्छ । ध्रुवतारा क्लवले यस मेलालाई हालसम्म जीवित रूपमा सञ्चालन गर्न सफल रहेको छ । स्थानीय लोक संस्कृति र परम्पराको बचाउ गर्ने र रूपाकोटलाई पर्यटन गन्तव्यमा उत्कृष्ट स्थलको रूपमा चिनाउन मेलाको आयोजना गरिदै आएको हो ।

यसका साथसाथै रूपाकोट-३, चिसापानीमा स्थानीय क्लबले ल्होसार पर्वका अवसरमा ठूलो मेलाको आयोजना गर्ने गर्दछ । यस्तै, फागु पूर्णिमाको अवसरमा रूपाकोट-१, तालवेसीमा विभिन्न प्रतियोगिताका साथमा स्थानीय सप्तरङ्गी युवा क्लबले महत्त्वपूर्ण कार्यक्रम राख्दै आएको पाइन्छ । हाल यी सबै क्षेत्र रूपाको गाउँपालिका अन्तर्गत रूपाकोटमा समावेश भएकाले विगतमा वर्षमा जस्तै ती कार्यक्रम हुने अपेक्षा गर्न सकिन्छ ।

## २.६ रूपाकोट क्षेत्रको सम्भाव्यता

हाम्रो देश नेपाल सानो भए तापनि यहाँका सम्भाव्यताको धरातल फराकिलो रहेको छ । प्राकृतिक सौन्दर्यका खानी, साँस्कृतिक झाँकी हाम्रो भविष्यको सपना साकार पार्ने ठाउँ मात्र होइनन् । नेपालका सम्पत्ति हुन् । आफूलाई सँधै गरीबीको रेखामा राख्ने गर्दछौं, तर वास्तवमा धनका रूपमा आफ्नै घर आँगनमा खेर गइरहेका स्रोतलाई नयाँ तरिकाले प्रयोगमा ल्याउन सकेनौं । ८० प्रतिशत भन्दा बढी जनता कृषिमा निर्भर रहेको हाम्रो देशमा कृषिमा आधुनिकीकरणतर्फ नलागी कृषि पेशालाई नै अवमूल्यन गर्ने प्रचलन विकासको अवरोध रहेको छ । स्रोतको सही सदुपयोग र परिचालन गर्न सकेमा आफ्नै ठाउँलाई उदाहरणीय बनाउन सकिन्छ । अधिकांश युवा विदेश पलायन हुने रोगले रूपाकोटलाई पनि गाँजेको छ । गाउँमा केटाकेटी र वृद्ध महिला पुरुषको मात्र बाहुल्यताले गर्दा खेतबारी बाँझो रहने, कुनै उद्यम सञ्चालन हुन नसक्ने, विकास निर्माण तथा स्रोतको परिचालन गर्न गाह्रो हुने अवस्थाको सिर्जना भएको छ । आफ्नो सुन्दर भविष्यका लागि रूपाकोटमा निम्न पेशा, व्यवसाय अपनाएर समृद्ध समाज र परिवार बनाउन सकिन्छ ।

**कृषि तथा घरेलु उद्यम** : साधन र स्रोतको प्रयाप्तता हुँदाहँदै परिचालन गर्न नजान्दा विदेशमा अर्काको नोकरी  गर्न नेपाली बाध्य भएका छन् । विदेशी भूमिमा काम गर्न नेपाली

लालायित हुन्छन् तर आफ्नै भूमिमा गर्वका साथ काम गर्नका लागि हिच्किचाउँछन् । यसले गर्दा नेपाली समुदायको विकास हुन कठिन भइरहेको छ । रूपाकोट क्षेत्रमा युवा उद्यमीका लागि निकै अवसर भए पनि यसतर्फ युवा आकर्षित हुन सकिरहेका छैनन् ।

एक डेढलाख रूपैयाँ चर्को ऋण काटेर विदेश जान नहिच्किचाउने समूह पचास हजार लगानी गरेर आफ्नै समुदायमा सानो उद्यम सञ्चालन गर्न भने गाह्रो मान्ने गर्दछन् । रूपाकोट एक पहाडी भू-धरातलमा अवस्थित रहेको हुँदा यो क्षेत्रमा युवा उद्यमीका लागि सम्भावित क्षेत्र हो । साना उद्योगमा अम्बा खेती, कफी, अदुवा, खुर्सानी, केरा, अम्रिसो, कृषि जडिबुटी खेती तथा जराकला व्यवसाय, तल्लो क्षेत्रमा मत्स्यपालन, बाख्रा पालन, कुखुरा पालन, भैँसी पालन, काष्ठ उद्योग, पर्यटन उद्योग होटल रेष्टुरेण्ट आदि उपयुक्त देखिन्छ ।

हाल पोखरादेखि रूपाकोट हुँदै थुम्की क्षेत्रको कास्की-लमजुङ्गको सिमाना मादी नदीको तिरसम्म नियमित रूपमा बस सेवा सञ्चालन भएको छ । साथै सम्पूर्ण वडामा शाखा सडक मार्ग खुलेका छन् । उत्पादित वस्तु सुन्तला, केरा, अम्बा, नास्पती, कफी, अदुवा जस्ता कृषि उपजले बजार प्राप्त गरेका छन् । कृषकको आयस्तर वृद्धिमा सडक विकासले टेवा पुर्‍याएको छ । खेती प्रणालीलाई आधुनिकीकरण गर्ने उद्देश्यले केही कृषक टनेल प्रविधि, थोपा सिंचाई प्रविधि, सामूहिक खेती प्रणाली आदि सञ्चालन गरिरहेका छन् । सामुदायिक आयस्तर वृद्धि गर्नका लागि विभिन्न वनलाई सामुदायीकरण गरी आय स्रोतको माध्यम बनाइएको छ । खेलकुदका विभिन्न विधामा स्थानीय संस्था लागि परिरहेको छन् । फोहर मैलाबाट विभिन्न रोगव्याधि लाग्नेतर्फ सचेत गराउन विभिन्न सङ्घसंस्थाले सचेतनात्मक कार्यक्रम सञ्चालन गरिरहेका छन् । खुला दिसापिसाबबाट पखाला, हैजा आदि जस्ता महामारी फैलनेतर्फ सचेत भई शौचालयको प्रयोगमा व्यापकता आएको छ । शौचालयको प्रयोगमा आएको व्यापकताले रूपाकोटवासी जनसमुदायमा जनचेतना अभिवृद्धि भई सकारात्मक सोचको विकास भएको पाइन्छ ।

यहाँ उल्लेखित गरिएका बाहेक रूपाकोट क्षेत्रमा थुप्रै त्यस्ता उद्यमका अवसर छन् । जसले आफ्नो र समुदायको वृहत्तर विकास गर्न सक्ने सम्भावना बोकेका छन् । यी साना व्यवसाय सञ्चालन गर्न र सफल बन्नका लागि इमान्दार जागरुक र कर्मठ हुन आवश्यक छ । यसका लागि धेरै लगानी गर्नुपर्ने बाध्यता छैन । आफ्नै घर गाउँको साधन र स्रोतको उपयोगबाट उद्यम सञ्चालन गर्न सकिने छ । विजेता त्यो हो जसले कुनै नौलो काम गर्दैन

तर त्यही कामलाई फरक तरिकाले गर्दछ । भनिन्छ काम कुनै सानो वा ठूलो हुँदैन । यो त मानिस स्वयम्ले बनाउने कुरा हो ।

कुनै पनि कामलाई सानोठूलो नभनीकन त्यही काममा लागि पर्ने हो भने अवश्य सफलता हात पर्दछ । सानो नै सुन्दर हो भन्ने अवधारण अनुसार साना उद्यमको पनि महत्त्व व्यापक छ । उत्पादनमूलक उद्योग, व्यापार वा सेवा व्यवसाय जुनसुकै रूप भए पनि यिनै साना उद्यमले नै साना-ठूला, धनी-गरीब सबै देशको अर्थतन्त्र सञ्चालित रहेको कुरालाई नकार्न सकिँदैन । त्यसैले आफ्नो क्षेत्रको विकास गर्नका लागि आफ्नै क्षेत्रमा उद्यम गरी जोखिम बहन र ऋण काटेर विदेशिने परम्परालाई तोड्न सकेको खण्डमा यस क्षेत्रको विकास सम्भव छ । अन्यथा काम थोरै, कुरा धेरै गरेर न नेपाली आफै उद्यमी बन्न सक्छन् न नेपालीको परिवारमा गरीबीले माया नै मारेर जान सक्छ । त्यसैले अब नेपाली समयानुकूल आफूलाई परिवर्तन गराउँदै सकारात्मक सोचका साथ आफ्नै पाखा रेखामा सुनौलो भविष्य खोज्नका लागि लाग्नुपर्ने समय भएको छ ।

**पर्यटकीय गन्तव्य :** रूपाकोट क्षेत्रमा स्थानीय उद्यम तथा व्यवसाय मात्र होइन, आन्तरिक र बाह्य पर्यटनको पर्वद्धन गर्नका लागि पनि प्रयाप्त सम्भावना रहेका छन् । यो व्यवसाय सञ्चालन गर्न सकको खण्डमा यही माटोमा सुन फलाउन सकिन्छ । किनकि यो क्षेत्र शान्त र सौम्य रहेकाले पदयात्राका लागि उत्कृष्ट स्थान हो ।

लेखनाथ नगरपालिकासँग जोडिएको यस क्षेत्रमा आन्तरिक भन्दा बाह्य पर्यटक बढी आउने गर्दछन् । आन्तरिक पर्यटकका लागि विशेषतः पिकनिक क्षेत्रको रूपमा विकसित गर्न सकिने यस ठाउँमा आवश्यक साधनको उपलब्धता रहे तापनि त्यो सदुपयोग हुन सकेको छैन । यस्तै, बाह्य पर्यटक भिरचोक र थाप्ले क्याम्पिङ क्षेत्रमा आफ्नो गन्तव्यलाई विश्राम स्थल बनाउने गरेको पाइन्छ । चिसापानी क्षेत्र पर्यटकको आकर्षक स्थलका रूपमा चिनिदै आएको छ । यस क्षेत्रबाट रूपाकोटका बस्तीको अवलोकन विभिन्न पहाड हिमशृङ्खलाको दृश्यावलोकन गर्न सकिन्छ । लालीगुराँसको घना जङ्गल, मादी नदीको बगर, सेती नदीको खोँच अनि विभिन्न तालको दृश्यावलोकन गर्न सकिने भएकोले थाप्लेडाँडाबाट मनोरम स्थलको अवलोकन बाह्य पर्यटकलेसमेत लिने गरेको पाइन्छ । बाह्य पर्यटक रूपाकोट पदमार्गमा एक रात बास बस्ने गरेको पाइन्छ । हाल मोटर बाटोका कारण केही पदमार्ग हराएको छ । यसका लागि वैकल्पिक पदमार्गको निर्माण, ठाउँ-ठाउँमा होटल रेष्टुरेन्टको

सुविधा र पिकनिक स्पोर्टको निमार्ण गर्न सकेमा रूपाकोटमा पर्यटन व्यवसायको व्यापक सम्भावना रहेको छ । रूपाकोटको अर्को विकासको महत्त्वपूर्ण डाँडा भिरचोक यस्तै सम्भावना बोकेको स्थल हो । हात्तीमैता अथात् भिरचोक डाँडा पिकनिक स्थल र दृश्यावलोकनका लागि अत्यन्तै उपयुक्त स्थल हो । यस ठाउँको व्यवस्थापन गर्न सकेमा लेखनाथ र पोखरा सहरको दिवा तथा रात्री जीवन सूर्यास्तको अवलोकन, वेगनास, रूपाताल एवम् अन्नपूर्ण हिमशृङ्खलाको दृश्यावलोकन गर्ने उपयुक्त स्थल हुन सक्ने प्रचुर सम्भावना रहेको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा बेलायतका युवराज चाल्स र तत्कालीन समयका अधिराजकुमार धीरेन्द्र शाहलेसमेत उपयुक्त मानी रूपाकोट पदमार्गमा यात्रा गरेका थिए । त्यसैले यस मार्गलाई रोयल ट्र्याकका नामले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रख्यात छ । यद्यपि पदमार्गमा देखिएका समस्यालाई निराकरण गर्न सकेमा यसको महत्त्वमा कमी आउने थिएन । यसतर्फ सम्बन्धित पक्षको ध्यान जानु जरुरी छ । सडक, यातायात, विद्युत् जस्ता विकासका पूर्वाधारले छोएको थिएन भने उत्पादिन वस्तुले बजार प्राप्त गर्न नसकेको अवस्था थियो ।

## २.७ निष्कर्ष

रूपाकोट क्षेत्र शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, खानेपानीलगायतका सबै सेवा सुविधाले पूर्ण रहेको क्षेत्र भएका कारण आफैँमा धेरै सम्भाव्यता बोकेको क्षेत्र हो । अबका दिनमा यस क्षेत्रको सम्भाव्यता पहिचान गरी त्यसलाई मूर्त रूप दिनका लागि सकारात्मक सोचको विकास हुन आवश्यक छ । सकारात्मक सोचले समुदायलाई विकासतर्फ अभिप्रेरित गर्दछ । सामुदायिक विकासका लागि देशको आर्थिक अवस्था, भौगाेलिक परिवेश, सामाजिक अवस्था, बौद्धिक स्तरलगायतको महत्त्वपूर्ण भूमिका हुन्छ । स्थानीय ठाउँमा प्रयाप्त स्रोत-साधनलाई उपयोग र परिचालन गर्न सक्ने जनशक्तिको उपलब्धता सोही ठाउँमा हुन सकेमा मात्र विकास हुने भएकाले त्यसका लागि अब पछिल्लो पुस्ता लाग्नु पर्ने भएको छ ।

नेपाल सरकारले नेपालीको प्रतिव्यक्ति आय मासिक बाह्र हजार पुऱ्याउने लक्ष्य राखेको छ । त्यो लक्ष्य पूरा गर्नका लागि आफैँ जाग्नुपर्ने भएको छ । बढ्दो महङ्गी, भष्टाचार, अनियमितता जस्ता कुराले आक्रान्त पारिरहेको वेला हामी शिक्षा, स्वास्थ्य, रोजगार, भौतिक पूर्वाधार जस्ता विषयको सुदृढीकरणलाई हेरेर विकासको आँकलन गर्न सकिन्छ ।

तेस्रो परिच्छेद

# लोकसाहित्य र लोकगीतको सैद्धान्तिक परिचय

### ३.१ लोकसाहित्यको परिचय

प्राचीनकालदेखि नै लोकसाहित्य विद्यमान छ । लोक शब्दको प्रयोग ऋग्वेद, उपनिषद्, पौराणिक ग्रन्थहरूमा भएको पाइन्छ । लोकको एउटा अर्थ सम्पूर्ण विश्वब्रह्माण्ड र अर्को अर्थ जनसामान्य भन्ने लगाइएको पाइन्छ । लोकसाहित्य लोकको हितमा सिर्जित साहित्य हो । परम्परादेखि हस्तान्तरित हुँदै आएको अभिव्यक्ति नै लोकसाहित्य हो (बन्धु, २०७१ : १४) । लोक साहित्यको स्रोत मूल रूपमा अपठित, अशिक्षित जनता नै हुन् । यिनीहरूले दिएको चीज नै लोकसाहित्य हो । जसमा उनीहरूको वाणी, इतिहास, संस्कृति र परम्परा घुलमिल भएको हुनाले यो मौखिक पारम्पारिक हुन्छ । मानव सभ्यताको इतिहासदेखि लोकसाहित्यको पनि विकास भएको हो ।

प्राचीन कालदेखि नै लोकजीवनले आफ्ना अभिव्यक्ति गायनका रूपमा कथा सुनाएर, टुक्का भन्दै, पहेली र ठट्टा गर्दै यस परम्परालाई जीवन्त बनाएको देखिन्छ । सोही परम्परालाई नेपाली नरनारीले पुस्तौदेखि ऋतु पर्वमा मेलापात गर्दा, घाँसदाउरा गर्दा, गोठालो जाँदा प्रयोग गरेका छन् । यी र यस्तै अनेकौं अवसरमा आफ्नो मनोरञ्जनका निम्ति तथा थकान मेट्न लोकसाहित्य प्रयोग भएको छ । यो मात्र होइन विरह, वेदना, आँसु हाँसोका मधुर सुसेलीका लयात्मक ध्वनिलाई गुञ्जायमान बनाउन पनि लोकसाहित्य पूर्णरूपमा सफल भइरहेका छन् । लोकसाहित्य लोक जीवनको ऐना हो । जीवन भोगाइका क्रममा हाँसो खुसीसँगै मनाइने विभिन्न संस्कार, पर्व, उत्सव, ऋतु, महिना आदिमा मनोरञ्जन प्राप्त गर्ने माध्यम वा आधार नै लोकसाहित्य हो । यसले नेपाली भाषालाई व्यापक र बिस्तार गराउनुका साथै विभिन्न भाषिकाको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

लोकसाहित्यमा पौराणिक कथा, टुक्का, गीत, पद्य आदिको सरल, सहज रूपमा बाहुल्य भएको हुन्छ । यसले जातिगत साम्प्रदायिक एकताको भावना फैलाउनुका साथै, परम्परात्मक राम्रा पक्ष, नराम्रा पक्ष, धनी, गरीब सम्पूर्ण पक्षको चित्रण गर्नुका अतिरिक्त पुरानो सभ्यताको बोध गराएको हुन्छ (बन्धु, २०७१ : १३-१४) । लोकसाहित्यलाई कसैले

जनसाहित्य र ग्रामसाहित्य पनि भन्ने गरेका छन् । वास्तवमा हरेक समाजको सुख-दुःख, व्यथा-वेदना, हाँसो-खुसी जस्ता क्षणले भरिएको साहित्य नै लोकसाहित्य हो ।

## ३.२ लोकसाहित्यको परिभाषा

लोकसाहित्यका सन्दर्भमा विभिन्न विद्वान्ले आ-आफ्नै तवरबाट परिभाषित गरेका छन् । जसमध्ये सत्यमोहन जोशीले लोकसाहित्यलाई यसरी परिभाषित गरेका छन् । 'लोकसाहित्य त्यो साहित्य हो जसमा नेपालीहरूको विशुद्ध लोक संस्कृति छ, उन्नत कला छ, आफ्नैपनको शैली छ (जोशी, २०१४ : १९०) ।' यसैगरी धर्मराज थापा र हंसपुरे सुवेदीको अभिव्यक्तिलाई लिने हो भने 'लोकले सजिलै बुझ्न, अनुभव गर्न सक्ने भाषा र भावनामा निर्मित मानव मुटुको स्पन्दनबाट निस्केको मीठो आकर्षणमय मौखिक साहित्य नै लोकसाहित्य हो (थापा र सुवेदी, २०४१ : ३) ।'

यस्तैगरी, लोकसाहित्यका सन्दर्भमा चूडामणि बन्धुको मत यस्तो रहेका छ । 'लोकसाहित्यमा ललितयुक्त र भावपूर्ण भाषिक कलाका रूपमा साहित्यलाई परिभाषित गरिएको हुन्छ । समाजमा परम्परादेखि हस्तान्तरित हुँदै आएको अभिव्यक्ति नै त्यस समुदायको लोकसाहित्य हो (बन्धु, २०६६ : १३-१४) ।'

लोक शब्दको व्युत्पत्तिका सम्बन्धमा लोक दर्शने धातुमा धञ् प्रत्यय लागि लोक शब्द निर्मित हुन्छ । लोक धातुबाटै अन्य पुरुषमा लोकते हुन्छ जसको अर्थ देख्ने वा हेर्ने हो । हेर्ने वा देख्ने समस्त जनसमुदाय नै हुने हुँदा जनसमुदायको साहित्य नै लोकसाहित्य हो भन्ने बुझिन्छ (अज्ञात, २०६७ : १०) ।' यसैगरी, असफल गौतमले लोकसाहित्यलाई आदिम मान्छेको जीवन सरल, सहज, स्वाभाविक र अकृत्रिम थियो । जसमा कृत्रिमताको स्पर्श, महत्त्वाकाङ्क्षा, स्वार्थ र उद्देश्य थिएन, जसले गर्दा लोकसाहित्य व्यक्तिको निजी सम्पत्ति बन्न पाएन र सोही सम्पत्ति लोकसाहित्य हो (गौतम, २०७२ : ३०३) ।' भनेका छन् ।

माथिका परिभाषाबाट के बुझिन्छ भने, लेखक अज्ञात रहेको, एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने ग्रामीण समाजका अपठित व्यक्तिको भावना बोक्ने साहित्य लोकसाहित्य हो । लोकले अनुभूत गरेका जीवनका तीतामीठा अनुभूति तथा परिस्थिति अनुकूलका प्रतिक्रिया, दुःख-सुख, हर्ष र विस्मात सबै जीवित परम्परा लोकसाहित्यमा अकृत्रिम रूपमा प्राप्त हुन्छन् । लोकसाहित्य सरल साहित्य हो । यस साहित्य भित्र लोक जीवन प्रकट भएको

हुन्छ । एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने भएकाले लोकसाहित्य हाम्रो समाजमा सदैव जीवित रहँदै आएको छ ।

## ३.३ लोकसाहित्यको वर्गीकरण

साहित्यको अर्थ निकै फराकिलो रहेको पाइन्छ । साहित्यलाई पूर्वीय चिन्तन परम्परामा काव्य शब्दले पनि बोध गरिन्छ । त्यसलाई श्रव्यकाव्य र दृश्यकाव्य गरी वर्गीकरण गरेको पाइन्छ । लोकसाहित्यलाई कतै लिखित र अलिखित त कतै संस्कार मूलक रूपमा र विषयवस्तुका आधारमा पनि लोकसाहित्यलाई वर्गीकरण गरेको पाइन्छ । लोकसाहित्यका विधालाई विभिन्न विद्वान्ले फरक-फरक तरिकाबाट वर्गीकरण गरेका छन् । चूडामणि बन्धुले लोकसाहित्यका विधामा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोकनाटक, लोककथा, उखान र टुक्का एवम् पहेली गरी वर्गीकरण गरेका छन् (बन्धु, २०६६ : २७-३०) । मोतीलाल पराजुलीले भाषिक अभिव्यक्ति, प्रस्तुतीकरण, संस्कार वा अनुष्ठान र विषयवस्तुका आधारमा लोकसाहित्यको वर्गीकरण गरेका छन् (पराजुली, २०४९ : ७) । विभिन्न विद्वान्ले लोकसाहित्यलाई आ-आफ्नै रुचि एवम् धारणा अनुसार वर्गीकरण गरेको पाइन्छ । तिनैलाई आधार मान्दै लोकसाहित्यका विविध विधालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

लोकगाथा,<br>
लोककथा,<br>
लोकनाटक,<br>
लोकगीत,<br>
उखान टुक्का,<br>
गाउँखाने कथा ।

**लोकगाथा :** गाथा शब्दको प्रयोग बढी मात्रामा गेयता भएका मौखिक परम्पराका गीतिकथाका निम्ति गरिएको छ । लोकगाथा लोकको बहुमूल्य सम्पत्ति हो । गीति शैलीमा रचिएको लोककथालाई लोकगाथा भनिन्छ । यो देवीदेवता र वीर पुरुषका वीरतापूर्ण कार्य अथवा कुनै उल्लेखनीय सामाजिक घटनायुक्त कथानक माथि आधारित हुन्छ । गाथाहरू कथा तत्त्व वा आख्यान तत्त्वका दृष्टिले लोकगीत नजिक देखिन्छन् । यस्ता गीतमा आख्यान

हुने हुँदा आख्यान गीत र कथानक गीत पनि भनिन्छ । लोक गाथामा मुख्य तीन तत्त्व हुन्छन् । कथानक, लोकतत्त्व र लयात्मकता । लय, लालित्य र रसले लोकगाथा ओतप्रोत हुन्छ (अज्ञात, २०६७ : २०) । यिनै तत्त्वले गर्दा लोकगाथा लोकप्रिय रहेको पाइन्छ ।

**लोककथा :** लोककथालाई नेपांली लोकसाहित्यको महत्त्वपूर्ण उपविधा मानिन्छ । लोककथा विभिन्न अवसरमा घटेका घटनाको आधारमा तयार पारिन्छ । यसमा वक्ता र श्रोता दुवैको आवश्यकता पर्दछ । लोककथामा काल्पनिकता, वास्तविकता, अतिरञ्जनात्मकता, धार्मिकता र औपदेशिकता पाउन सकिन्छ । लोककथामा ढुङ्गा, माटो, पशुपंक्षी आदि पात्र भएर बोल्दछन् । निर्जीव वस्तु पनि सजिव जस्तै संवाद गर्दछन् । लोककथाको जन्म जङ्गली युगदेखि नै भएको पाइन्छ । 'लोककथामा एकादेशमा...' भनेर कथा प्रारम्भ गर्ने थेगो बनाइएको हुन्छ । त्यस्तै कथाको समाप्तिमा 'सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेलामा तुरुन्त आउला' भनेर टुङ्ग्याइन्छ ।

**लोकनाटक** : लोकनाटक गेयात्मक र अभिनयात्मक विधा अन्तर्गत पर्दछ । यसमा मञ्च, नृत्य र सङ्गीतका साथै पात्रको चयन गरिएको हुन्छ । लोक तत्त्वलाई शारीरिक अभिनयद्वारा लोकनाटकमा प्रस्तुत गरिन्छ । लोकनाटकमा नृत्य, गीत र सम्भावित सानातिना घटना संवादयुक्त कथावस्तु रहन्छन् । लोकनाटकमा कथावस्तुमा कथा बुनिन्छ । पात्रले अभिनय गर्दै सन्देशसहित नाटक समापन गरिन्छ । नेपाली समाजमा प्रचलित घाटु, धामी नाच, गाइजात्रा, इन्द्रजात्रा, मारुनी, बालुन लोकनाटकका उदाहरण हुन् ।

**उखान टुक्का** : उखान अनुभवले खारिएका मार्मिक निचोड हुन् । अनुभव, ज्ञान र भोगाइबाट उखानको जन्म भएको मान्न सकिन्छ । उखान लोकसाहित्यको स्वादिलो, खिरिलो र चोपिलो विधा हो । लोकले मान्यता दिएका ठूला वडा भलादमी वा अझैं अनुभवले खारिएका लोकका विचारवान् व्यक्तिका अनुभव निचोडका रूपमा निस्किदा उखानको जन्म भएको देखिन्छ ।

**गाउँखाने कथा** : लोक जीवनमा बौद्धिक कसरत वा क्षमताको परीक्षण गर्न गाउँखाने कथाको प्रचलन रहेको देखिन्छ । यसमा प्रश्नोत्तर पद्धति हुन्छ । गाउँखाने कथा गद्य र पद्य

दुवै खालका हुन्छन् । मानिस दैनिक काम सकेर फुर्सदको वेलामा बसिबियालो गर्दा गाउँखाने कथा भन्ने गर्दछन् । गाउँखाने कथामा आफ्नैपन र बान्की प्रर्दशन हुन्छ ।

### ३.४ लोकसाहित्यका विशेषता

लोकसाहित्य लेख्य साहित्यभन्दा पुरानो साहित्य हो । सोही कारण लोकसाहित्यका आफ्नै मौलिक पहिचान छन् । लोकसाहित्य मौखिक परम्परामा हुर्किएकाले यसका रचनाकार अज्ञात हुनु यसको पहिलो विशेषता हो । यस्तैगरी, लोकसाहित्य मौखिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै आएको साहित्य हो । जुन साहित्य लोकसंस्कृतिमा भिजेको हुनु । सोही कारण लोकसाहित्य हृदयको साझा अभिव्यक्ति हुन पुगेको देखिन्छ । लोकसाहित्यमा समसामयिकताको प्रभाव पर्ने भएकाले यो सहज हुन्छ (बन्धु, २०७१ : ३२) । लोकसाहित्यमा आलङ्कारिता र सरलता पाइन्छ । लोकसाहित्य समयको कालक्रम अनुसार रूपान्तरण, परिमार्जन र संशोधन हुँदै जाने भएकाले यसमा लचिलो, गतिशीलता, स्वच्छन्दता र पुनरावृत्ति भएको पाइन्छ । जहा समुदायको आफ्नै भाषा र अभिव्यक्ति वहन गरिएका हुनाले लोकसाहित्य सबैको प्रिय साहित्य बनेको छ । यस्तै विशेषताले गर्दा लोकसाहित्य लोकप्रिय हुँदै आएको छ ।

### ३.५ लोकगीतको परिचय

लोकसाहित्यको सबैभन्दा प्रमुख र लोकप्रिय विधाका रूपमा लोकगीतलाई मानिन्छ । लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतः स्फूर्त लयात्मक अभिव्यक्ति हो (बन्धु, २०७२ : ११५) । यसमा लोक जीवनका दुःख, सुख, आसु, हाँसो, आशा, निरासाका लोकको चालचलन, विधि व्यवहार, आस्था र मान्यताको चित्रण हुन्छ । लोकगीतमा जन्मदेखि मृत्युसम्मको सम्पूर्ण पक्षहरू समावेश भएका हुन्छन् । त्यसैले गर्दा लोकसाहित्यका विविध विधामध्येको सबैभन्दा लोकप्रिय विधाका रूपमा लोकगीतलाई मानिन्छ ।

लोकगीतमा आफ्नो काम पूरा होस् भन्ने प्रार्थना गीत, आफ्नो जातीयता अनुसार गाइने संस्कार गीत, चाडपर्वमा गाइने पर्व गीत, कामको समयमा गाउने कर्म गीत कुनै विशेष अवसरमा नगाई सधैँ गाइने सदावहार गीत पनि हुन्छन् । यसरी हेर्दा जनसमाजमा परम्परादेखि गाउँदै र चल्दै आएको गीत नै लोकगीत हो । लोकगीतका अध्येता धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगीतलाई लोकसाहित्यको सबैभन्दा व्यापक र प्रिय अंग मानेका

छन् । लोकगीत भावुक हृदयले स्पन्दनशील लयदार कवितामय सामयिक ध्वनि हो, जीवनको कटुता र खल्लोपनामा मनोहरताको मलम लगाउने स्वतः प्रमुख झन्कार हो । यस्तै, लोकगीतका सन्दर्भमा अध्येता कालीभक्त पन्त भन्छन्, लोकगीत भनेको जीवनका आदिम स्रोत हुन्' (पन्त, २०२८ : ११४) । यसैगरी, धर्मराज थापाले चोखो लय र शब्दको प्रभावबाट उठी जनजीवनलाई प्रभाव पार्न सक्षम भएको छ । लोकगीत त्यसैले मानव सिर्जनाको पहिलो प्रस्फुरण लोकगीत नै हो (थापा, २०३० : ख) । लोकगीतको परिभाषा दिने सन्दर्भमा अर्का अध्येता चूडामणि बन्धुले लोकगीत भनेको लोक जीवनको रागात्मक स्वतःस्फूर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख, सुख, आँसु, हाँसो, आशा, निराशाका साथै लोकका चालचलन, विधि, व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ (बन्धु, २०५८ : ११५) । यस्तै, कुसुमाकर न्यौपानेले लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतस्फूर्त, लयात्मक अनि गेय अवैयक्तिक अभिव्यक्ति लोकगीत हो भनेका छन् (न्यौपाने, २०७० : ३) ।

यसरी सबैका परिभाषा हेर्दा लोकगीत लोकको अभिव्यक्ति नै हो लोकगीत हो । जुन गीतमा लोकजीवनको कथा, व्यथा र वास्तविकता अभिव्यक्त भएको हुन्छ सोही गीत नै लोकगीत हो ।

### ३.६ लोकगीतका तत्त्व

कुनै पनि संरचनाको निर्माणमा नभई नहुने अवयवलाई तत्त्व भनिन्छ । हरेक विधाका साहित्यिक कृतिलाई एउटा सिद्ध वस्तुको स्पष्ट आकृति प्रदान गर्ने काम त्यसमा अन्तर्निहित विभिन्न अवयवले गर्छन् । प्रत्येक कृति स्वयम् एउटा संरचना हो । यसको निर्माण विभिन्न अवयवको पारस्पारिक सम्बन्धबाट हुन्छ । रचनालाई आकृति प्रदान गर्ने वा रचनाको निर्माण गर्ने विभिन्न अवयवलाई नै यसका संरचक घटक, तत्त्व, अङ्ग, अवयव, उपकरण जस्ता नामले पुकारिन्छ ।

कृतिलाई रूपगत पूर्णता प्रदान गर्ने अर्थात कृतिलाई अस्तित्वमा ल्याई निश्चित संरचना प्रदान गर्ने आवश्यक अङ्ग वा अवयव नै त्यसका संरचक घटक वा तत्त्व हुन् । यिनै विभिन्न घटकको पारस्पारिक संयोजन र मेलबाट नै कृतिको सिङ्गो संरचना निर्माण भई त्यसले स्पष्ट अस्तित्व र आकार प्राप्त गर्छ । कुनै पनि साहित्यिक विधाका कृतिको

निर्माणका लागि निश्चित घटक वा अवयवको मेल हुनु आवश्यक छ । यिनै तत्त्वको सङ्क्षेपमा चर्चा गरिएको छ ।

### ३.६.१ संरचना

लोकगीतको प्रमुख तत्त्व भनेको संरचना हो । संरचना गीतको बनोट हो । यसलाई कथ्य पनि भनिन्छ । लोकगीतमा नैतिक शिक्षा, प्रेम, आस्था आदि कुनै न कुनै महत्त्वपूर्ण कुरा निहित हुन्छ । सङ्गीत तत्त्वले गर्दा नबुझिन सक्छ । मौखिक रूपमा गेयात्मकता आउने गरी सहज र स्वःस्फूर्त हुने गरी कथिने र भनिने प्रक्रिया नै संरचना हो । संरचना बाह्य र आन्तरिक दुई तहमा भेटिन्छन् । बाह्य संरचना गीतको पहिचान हो । यसमा वर्ण, शब्द, वाक्य, अनुच्छेद हुँदै सङ्कथनसम्म पुग्दछ । आन्तरिक संरचना वस्तुको सिलसिलेवार संयोजन गरिएको सारपूर्ण टुंग्याउनी हो । बाह्य संरचना रूप हो भने आन्तरिक संरचना गीतको सार हो भन्न सकिन्छ ।

### ३.६.२ लय तथा गेयता

लोकगीतको अर्को तत्त्व लय हो । लय विभिन्न शब्दलाई रागात्मक तवरले उनेर सुमधुर बनाउने काम गर्दछ । गीतलाई भावनात्मक गहिराइमा पुऱ्याएर रागात्मक अनुभूति प्रदान गर्ने काम लयले गर्दछ । लयमा स्थायी र अन्तरा रहेका हुन्छन् । लय विभिन्न प्रकारका हुन्छन् । लयको बन्धनभित्र स्थानअनुसार भाका फरक हुन्छ । सोही कारण लय विना लोकगीतको कल्पना गर्न सकिँदैन । संरचना र लय मात्र भएर लोकगीत बन्न सक्दैन । यसका लागि गाउन सक्ने कला चाहिन्छ । यसलाई गेयता भनिन्छ । मुक्त कण्ठद्वारा गाउने सुमधुर आवाजलाई नै गेयता भनिन्छ । गेयताले लय वा भाकालाई मीठो बनाउँछ । गीतलाई रसिलो र श्रुतिमधुर बनाउनका निम्ति सङ्गीतलाई बुझ्न र स्वरलाई सुरमा मिलाउन अति आवश्यक हुन्छ ।

गीत गाउँदा जुन स्वर वा लय उत्पन्न हुन्छ । सोही लयलाई भाका भन्ने गरिएको पाइन्छ । लोकगीतका सन्दर्भमा भाका वा स्वर जुन गेयता भित्र पर्दछ त्यो चुड्का मझौला र लस्के कुनै पनि लोकगीतको प्रमुख तत्त्व गेयता हो ।  लय तथा गेयतालाई लय र भाका पनि भनिन्छ । लय र भाकालाई पर्यायका रूपमा लिन सकिन्छ । लय भनेको गायनको शैली हो । जसमा आरोह अवरोहको विशेष क्रम हुन्छ । त्यस्तै भाका भनेको स्वर गठन वा स्वर

साधना हो । यो एक प्रकारको शैली हो । लोकगीतका सन्दर्भमा एउटै गीतलाई पनि विभिन्न भाकामा गाउन सकिन्छ । थेगो ठाउँ र लयका आधारमा निरमाया, नैना रेशम, चाइना कम्पनी, जाले रूमाल आदि ठाउँका आधारमा आँधीखोले, कर्पूटारे र लयका आधारमा ठाडो, तेस्रो भाका आदि रहेका हुन्छन् । लयलाई लोकगीतको प्राण भनिन्छ । छन्दको वर्ण मात्रालाई पनि लयले मिलाइएको हुन्छ । लोकगीतको निर्माण तथा गायन दुवैमा लयको प्रमुख भूमिका हुन्छ । लयले नै भाकालाई समात्छ र स्वर साधन, गायन, क्रिया, यति, स्थायी एवम् अन्तरा जस्ता पक्ष यसमा आउँछन् । लोकलय शास्त्रीय लय, गुरु, गण आदिको सीमाभित्र नरही गाउँदा र भन्दा मिल्ने अक्षर वा मात्राका आधारमा बनेको हुन्छ । नेपाली लोकगीतमा ठाउँ अनुसार आफ्ना विशेषता अनुसार लय र भाकाहरू हुन्छन् ।

### ३.६.३ कथन पद्धति

यसैगरी लोकगीतमा नभई नहुने अर्को अवयव भनेको कथन पद्धति हो । लोकगीतमा कथन पद्धतिको मुख्य भूमिका रहेको हुन्छ । यो कतै लामो, कतै छोटो रूपमा आउने गर्दछ । लोकगीतमा एकल वा दोहोरी रूपमा गाइने संवादात्मक कथन पद्धति पनि प्रयोग हुनसक्छ । लोकगीत गायनका सन्दर्भमा आउने थेगो पनि एक तत्त्व हो । यसलाई रहनी वा बथन पनि भनिन्छ । यस्ता थेगोमध्ये कतिपय सार्थक र कतिपय निरर्थक पनि हुन्छन् । यिनले गीतको प्रवाह र छन्द निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् ।

### ३.६.४ भाषा

लोकगीतको महत्त्वपूर्ण अर्को तत्त्व भाषा हो । लोकगीतको भाषा जनबोलीको भाषा हो । यो लोकमा प्रचलित सरल, सहज हुन्छ । जे अनुभव गरिन्छ, त्यसलाई सोझै प्रस्तुत गरिन्छ । जहाँको लोकगीत हो त्यो त्यहीँको झर्रोपनमा आधारित हुन्छ । यसमा स्थानीय रूपमा प्रयुक्त हुने निपातको प्रयोग भेटिन्छ । भावलाई अलङ्कृत तुल्याउन लयात्मक भाषाको प्रयोग गरिएको हुन्छ । लोकगीतमा अनपढ, गोठाला जस्तासुकै सरल खालका मानिसले पनि बुझ्न सक्ने सरल भाषाको प्रयोग हुन्छ । लोकगीत ग्रामीण क्षेत्रमा बस्ने मानिसको गीत भएकाले भाषा कृत्रिम नभएर सरल, मौलिक र स्वःस्फूर्त हुन्छ । प्रत्येक लोकगीत अनुप्रासयुक्त हुन्छ । लोकगीतमा प्रसाद र माधुर्य गुण स्वभाविक रूपमा पाइन्छ ।

### ३.६.५ भाव

लोकगीत संरचना, लय, गेयता, कथन पद्धति, भाषा भएर मात्र पूर्ण लोकगीत बन्न सक्दैन । सबै अवयव भएर पनि त्यसमा विषयवस्तुले मागेजस्तो भाव भएन भने त्यो गीतको कुनै अर्थ हुँदैन । यसर्थ लोकगीतको मुटु नै भाव हो । कुनै पनि घटना परिवेश आदिले मानिसको मन मष्तिष्क छोएको हुन्छ । सुखदुःख, हर्षविस्मात्, मिलनविछोड आदि अनुभूतिको निश्चित विन्दु नै भाव हो । विना भावको लोकगीत हुन सक्दैन । गीतको गायन र श्रवणपछि मनमा जुन किसिमको छाप लोकगीतले पार्न सक्छ त्यो नै वास्तवमा लोकगीतको भाव हो जसले लोकगीतलाई लोकप्रिय बनाएको हुन्छ ।

### ३.६.६ छन्द र अलङ्कार

छन्द भनेको वर्ण र मात्रा गति यति मिलेको गेयात्मक रूप हो । अर्थात् लयको अनुशासित रूप छन्द हो । लोकगीतको छन्द पूर्णतया शास्त्रीय अनुशासनमा आधारित हुँदैन । छन्दका पनि दुई रूप देखिन्छन् । एकथरी शास्त्रीय छन्दमा गाइन्छन् जसमा सिलोक पनि पर्दछन् । अर्कोथरी उन्मुक्त छन्दमा गाइन्छन्, जस्तैः झ्याउरे, सवाइ, भोटे, सेलो आदि । यसरी लय उन्मुक्त वा लोक छन्दबाटै लोकगीतको रूप निर्मित हुन्छ । लोकगीतको रूप निर्मित हुने लय वा छन्द अन्तर्गत चार तत्त्व पर्दछन् । जस अन्तर्गत गति, यति, तुक र टेक रहेका छन् । गति भनेको प्रवाह हो । अर्थात एक ठाउँबाट जाने क्रिया नै गति हो । गतिलाई पनि द्रुत र विलम्बित गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । यति भनेको विश्राम हो । गाउँदा लयलाई ठीक राख्न चरणका बीचमा केही बेर अडिन्छ । लोकगीतको यति विधान शास्त्रीय छन्दमा भन्दा भिन्न हुन्छ । शास्त्रीय छन्दमा यतिको स्थान निश्चित हुन्छ, तर लोकगीतमा यति गायकको गायनमा निर्भर गर्दछ ।

लोकगीतमा गति र यति सँगसँगै तुक र टेक पनि आएको हुन्छ । तुक भनेको चरणको अन्त्यमा आउने वर्णको एकरूपता हो । लोकगीतमा प्राय तुक मिलाइएको हुन्छ । तुकले लयमा मिठास ल्याउँछ । शिशुगीत बढी तुकान्त हुन्छन् । टेक भनेको, हर चरणको अन्त्यमा दोहोऱ्याउने भाग नै टेक हो । सङ्गीत शास्त्रको शब्दावलीमा यसलाई स्थायी भनिन्छ र अन्य चरणलाई अन्तरा भन्ने गरिन्छ । स्थायीलाई रिटक, दुआ र छोपुवा पनि भनिन्छ । गीतको आवश्यक रूप विस्तार पछि स्थायीलाई दोहोऱ्याइन्छ । गीतको क्रमसँगै अघि बढ्ने अन्तरा हो, यो दोहोरिदैन ।

अलङ्कारका सन्दर्भमा लोकगीतमा सचेत रूपमा अलङ्कारको प्रयोग हुँदैन् तापनि गीतकारको प्रतिभा कौशलले गर्दा त्यहाँ अलङ्कार स्वतः पर्न गएको हुन्छ । लयलाई मीठो तुल्याउने क्रममा तुक र अनुप्रासको पर्याप्त प्रयोग भएको पाइन्छ, जस्तै बारूले कम्मर, काक्री बिँया दाँत, अनार दाना दाँत, लालुमाया जस्ता उपमा र दृष्टान्तले अर्थालङ्कारको प्रयोग अधिक भेटिन्छ । यसरी लोकगीत लोक समाजको ऐना हो । लोकगीत हरेक मानिसको मुटुको ढुकढुकी पनि बनेको छ । मानिसले आफ्नो मानसिक तृप्ति र मनोरञ्जनको चाहना गर्नु स्वभाविक कुरा हो । सोही प्रयोजनका लागि गीत गाइने र सुनिने गरिन्छ । तिनै गाइने र सुनिने लोकगीतलाई चिनाउने विभिन्न तत्त्व रहेका हुन्छन् । चूडामणि बन्धुका अनुसार, कथ्य वा सन्देश, भाषा, लय र भाका, छन्द, गति, यति, टुक, टेक, थेगो, अलङ्कार लोकगीतका पमुख तत्त्व हुन् (बन्धु, २०६६ : १८) । यसैगरी, अन्य अध्येताका गीतका अवयवलाई अध्ययन गर्दा लोकगीतलाई संरचना, लय, गेयता, कथनपद्धति भाषा र भाव लोकगीतका प्रखर तत्त्व हुन् । नृत्य वाद्य आदि सहायक तत्त्व भित्र पर्दछन् भन्न सकिन्छ । यिनै अवयवको कलात्मक संरचनाबाट लोकगीत निर्मित हुन्छ ।

### ३.७ लोकगीतका विशेषता

लोकसाहित्यको सबैभन्दा लोकपिय्र विधा लोकगीत हो । त्यसैले लोक गीतका तुलनलामा साहित्यका अन्य विधाको अध्ययन तथा विश्लेषण कम भएको पाइन्छ । किनकि यसका आफ्नै प्रकारका मौलिक विशेषता रहेका छन् । ती विशेषतालाई पनि विभिन्न विद्वान्ले आफ्नै तरिकाले विभाजन गरेका छन् । अध्येता कृष्णप्रसाद पराजुलीले लोकगीतका विशेषतालाई निम्नानुसार उल्लेख गरेका छन् (पराजुली, २०५७ : १३८-१४०) ।

क अज्ञात रचयिता — ख सामूहिक भावभूमि

ग सहजता र स्वभाविकता — घ मौखिक परम्परा

ङ मौलिकता र सरलता — च कथन विविधता

छ स्वच्छन्दता ।

यसैगरी, अर्का अध्येता कालीभक्त पन्त लोकगीतका विशेषतालाई यसरी चर्चा गर्दछन् (पन्त, २०३३ : १००) ।

क स्थानीयता — ख सामयिकता — ग भिन्न प्रसङ्गता

घ घटनात्मकता — ङ छन्दोभङ्गता ।

यस्तै अध्येता चूडामणि बन्धु भने लोकगीतका विशेषतालाई यसरी व्याख्या गर्दछन् (बन्धु, २०५८:११५) ।

क रागात्मक ख स्वतःस्फूर्त अभिव्यक्ति

ग भिन्न प्रसङ्गता घ लयात्मक अभिव्यक्ति ।

यसरी विभिन्न विद्वान्ले दिएका मत मतान्तरको विश्लेषण गर्दा लोकगीतका विशेषतालाई निम्न बुँदामा चर्चा गर्न सकिन्छ ।

### क. अज्ञात रचयिता

लोकगीतका रचनाकार र रचनाकाल अज्ञात रहेको हुन्छ । लोकगीत एउटा व्यक्तिबाट अर्को व्यक्तिमा हस्तान्तरित हुँदै आएकाले मूल रचयिता को हो भन्ने कुरातिर गायकको चासो हुँदैन । यसैले लोकगीतका विशेषता मध्येको मुख्य विशेषता यसका रचयिता अज्ञात रहनु हो । रचयिता अज्ञात हुने भएकाले यो गीत आदि अनादिकालदेखि नै श्रुतिस्मृति परम्परा वा मौखिक परम्परामा रहँदै आएको छ । जुन पुस्तौं पुस्तादेखि चल्दै आएको दीर्घ परम्परा देखिन्छ । लोकगीत पनि वेद, उपनिषद्, पुराण जस्ता ग्रन्थ यसै परम्परामा आवद्ध भएका देखिन्छन् । यसरी मौखिक परम्परामा नै गाउँदै र सुन्दै आउनु यसको महत्त्वपूर्ण विशेषता हो ।

### ख सरलता र स्वतःस्फूर्त अभिव्यक्ति

सरलता र स्वभाविकताको अपूर्व संगम लोकगीतमा यसरी भेटिन्छ । लोकगीत कुनै व्यत्ति, समुदायको गीतको अनुकरण वा अनुवाद गरेर रचिँदैनन् । लोकगीत गाउँदा त्यसलाई आफ्नै ठानेर त्यसमा मौलिकता थपेर अभिव्यक्त गरिन्छ । यी सर्वसाधारण अपठित जनताका सरल स्वच्छ हृदयका उत्पादन हुन् । ग्रामीण जनजीवन सरल हुन्छ र उनीहरूको रहन सहन स्वाभाविक हुन्छ । जनजीवनले आफ्नै लागि अभिव्यक्त गरेको लयात्मक कला नै लोकगीत हो । लोकगीत सरल अपठित ग्रामीण जनसमुदायको हार्दिक अभिव्यक्ति हो । लोकगीत चिन्तन मनन्का परिणाम होइनन् । लोकगीत विना परिश्रम, विना साधना, सहज प्रतिभाका प्रतिभाज्वारबाट निस्केको भावधारा हो । लोक मानसका स्वतःस्फूर्त अभिव्यक्ति नै लयात्मक रूप लिई भाषामा प्रकट हुँदा लोकगीतले रूप धारण गर्दछ । त्यसैले प्राकृत शैली लोकगीतको हत्त्वपूर्ण पक्ष देखिन्छ ।

### ग. रागात्मकता र प्रश्नोत्तरात्मक अभिव्यक्ति

मानव हृदयमा रहेको प्रेम, करुणा, आशा-निराशा हर्ष, पीडा आदिको अभिव्यक्ति लोकगीतमा पाइन्छ । कठोर हृदय भएकालाई पनि सहृदयी बनाउनु लोकगीतको विशेषता हो । लोकगीतको प्रभावले व्यक्ति आफ्ना दुःख, कष्ट, भोक र रोगलाई बिर्सन्छ । लोकगीत मूलतः प्रश्नोत्तरात्मक शैलीमा केटाकेटी बीच, एक समूह र अर्को समूहबीच दोहोरीका रूपमा पनि चल्ने गर्दछ । नेपालको पूर्व पश्चिमका अधिकांश लोकगीतमा यो दोहोरीको प्रचलन व्यापक छ । रोदीमा, मेलापात र रत्यौली आदिमा यस्ता असङ्ख्यक गीत चल्छन् ।

### घ. लयमा आधारित अभिव्यक्ति

लय लोकगीतको आत्मा हो । लोकगीतलाई अरू विधाबाट छुट्याउने मुख्य आधार भनेकै लय हो । विभिन्न भाषीका आ-आफ्ना भाषाका लोकगीत भाषामा नबुझिए पनि मानिसलाई प्रभावमा पार्ने माध्यम भनेकै लय हो । लोकगीतमा लोक जीवनका अनेक रूप र भावका लय हुन्छन्, तिनले स्थानीय रङ्ग र ढङ्ग लिएका हुन्छन् । लोकगीतमा लयात्मक तीव्रता हुन्छ । लोकगीतको विषयवस्तुले जुन मानिसको अन्तस्करणलाई तुरुन्त स्पर्श गर्ने क्षमता राख्छ भने शैली लयात्मक छ संगीतात्मक छ । फलतः विषयवस्तु र शैलीको तीव्रता जति लोकगीतमा भेटिन्छ त्यति अन्य विधामा भेट्न मुस्किल पर्छ । लय नै लोकगीतको आत्मा हो । लय विना लोकगीत निष्प्राण हुन्छ । लयले गीतलाई आनन्दको महासागरमा डुवाइदिन्छ ।

### ङ. यथार्थता र सामाजिकता

लोकगीतमा लोकको चित्र उतारिएको हुन्छ । लोकगीतमा वातावरण, जीवनशैली, रहनसहन, आर्थिक अवस्था, सामाजिक, शोषण, अन्याय, अत्याचार आदिको तस्वीर पाइन्छ । यसका साथै समाजमा विभिन्न क्षेत्र र अवस्थाको यथार्थ प्रतिबिम्ब दिने काम लोकगीतमा पाइने हुनाले लोकगीतलाई समाजको रागात्मक ऐना भन्न सकिन्छ । लोकसाहित्यको रचनास्थल लेकवेशी, उकाली-ओराली डाँडा-काँडा, पाखा-पखेरा आदि प्रकृतिक स्थल नै यसको उद्‌गम स्रोत हो ।

**च. धार्मिक एवम् आध्यात्मिक उपदेशात्मकता**

लोकगीतमा मूलतः धर्म, प्राण, आध्यात्मिक र उपदेशात्मक अभिव्यक्ति पाइन्छ । कतिपय लोकगीतमा धर्म संस्कृति, ईश्वरीय आस्था, भाग्यवाद र उपदेशात्मकता आदिको तस्वीर देखिन्छ । लोकगीत नै सर्वसाधारण जनताका गीत हुन् । लोकगीत बुढापाका, बाबुआमा, युवायुवती, स-साना नानी बालकका सरल सहज एवम् स्वतःस्फूर्त अभिव्यक्ति हुन्, ।

## ३.८ लोकगीतको वर्गीकरण

लोकगीतको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वान्ले आ-आफ्नो मत व्यक्त गरेका छन् । कालिभक्त पन्तले लोकगीतलाई राष्ट्रस्तरीय, क्षेत्रस्तरीय, जिल्लास्तरीय, ग्रामस्तरीय, जातिस्तरीय, भाषास्तरीय, कार्यस्तरीय, ऋतुस्तरीय र लोकनाट्य गरी नौ भागमा वर्गीकरण गरेका छन् (पन्त, २०२८ :१४८-१५०) । यस्तै, धर्मराज थापा र हंशपुरे सुवेदीले लोकगीतलाई सात भागमा विभाजन गरेको पाइन्छ । ती सामान्य गीत, कर्मगीत, पर्वगीत, नृत्यगीत, संस्कार गीत, ऋतुगीत र ब्रतगीत हुन् (थापा र सुवेदी, २०४१ : ९४) । लोकसाहित्यलाई चूडामणि बन्धुले सहभागीताका आधारमा, भाकाका आधारमा र प्रकार्यका आधारमा विभाजन गरेका छन् । यिनले सहभागीताका आधारमा गीतलाई एकल, दोहोरी र समूह गीतमा वर्गीकरण गरेका छन् ।

लय वा भाकाका आधारमा गीतलाई द्रुतलय, मध्यलय र विलम्वित लयमा विभाजन गरेका छन् । यसैगरी प्रकार्यका आधारमा गीतलाई धार्मिक अनुष्ठानमूलक तथा संस्कार, ऋतु तथा पर्व र श्रम गीत गरी विभाजन गरेको पाइन्छ (बन्धु, २०५८ : १२१-१२४) । लोकगीतलाई जातीय, उमेर तथा लिङ्ग, क्षेत्र तथा प्रस्तुतिका आधारमा वर्गीकरण गर्न सकिन्छ । तापनि विषयात्मक आधारमा गरिएको वर्गीकरण बढी वैज्ञानिक मानिन्छ । यसमा मानिसका व्यवहार, रीतिस्थिति, आस्था एवम् प्रचलन समावेश गरिएका हुन्छन् । जुन आधारमा समग्र लोकगीतलाई धार्मिक गीत, संस्कार गीत, पर्वगीत, श्रमगीत र बाह्रमासे गीत गरी वर्गीकरण गर्न सकिन्छ ।

धार्मिक कार्यमा गाइने गीतलाई धार्मिक गीत भनिन्छ । जुन गीत दिनभरी व्रत बसेपछि र पूजापाठ गरिसकेपछि रातभर भगवान्को नाममा गाइन्छ । जसअन्तर्गत भजन, कीर्तन, व्रतगीत आदि पर्दछन् । जस्तै एक टुक्रा :

*रामलाई फूलको माला, सीता तिम्लाई सिन्दुर*

*रामले भाँचे धनु, सीता तिम्लाई के भनु (धार्मिक गीत) ।*

यसैगरी संस्कार तथा चालचलन अनुसार गाइने विभिन्न गीतलाई संस्कार गीत भनिन्छ । जसअन्तर्गत सगुन, मागल, फाग, सिलोक, रत्यौली आदि पर्दछन् । चाडपर्वमा गाइने गीतलाई पर्व गीत भनिन्छ । जसमा नेपालीका महान् चाडमा चाइने विभिन्न प्रकारका गीत जस्तैः तीज, देउसी, फागु, भैलो, मालसिरी, गौरालगायतका गीत पर्व गीतमा पर्दछन् ।

यसैगरी, काम गर्दा गाइने गीतलाई कर्मगीत अर्थात श्रमगीत भनिन्छ । जस अन्तर्गत असारमा धान रोप्दा धान गीत गाइन्छ भने दाँइ हाल्दा दाँइ गीत गाइन्छ । जसअन्तर्गत घाँसे, असारे, जेठे, गोडेलो आदि पर्दछन् । यसरी लोकगीतमा नेपाली लोकजीवन अनुभूति सङ्गृहीत हुने भए तापनि जसलाई बाह्रमासे, पर्व, कर्म, संस्कार, धार्मिक नृत्य गरी विभिन्न गीतलाई समावेश गरी अध्ययन विश्लेषण गरिँदै आएको पाइन्छ ।

जसरी लोकगीतमा विभिन्न प्रकारका धार्मिक, संस्कार, पर्व, कर्म र बाह्रमासे गीत गाइदै आएको छ त्यसै गरेर रूपाकोट क्षेत्रमा पनि यी र यस्तै गीत गाइने गरेको पाइन्छ । यी लोकगीतलाई चिनाउन र जीवन्त राख्नका लागि विभिन्न तत्त्वहरू रहेका हुन्छन् । जसअन्तर्गत कथ्य वा सन्देश, भाषा, लय र भाका, छन्द, स्थायी र अन्तरा रहेका हुन्छन् ( अज्ञात, २०६७ : ४१) । यिनै तत्त्वले गर्दा लोकगीतमा सङ्गीतात्मकता, भावनात्मकता, सार्वभौमिकता र स्वाभाविकता जस्ता गुण पाउन सकिन्छ ।

## ३.९ निष्कर्ष

लोकगीत लोक जीवन र लोक समाजको साझा सम्पत्ति हो । सर्जकले साहित्य सिर्जनाकै माध्यमबाट संसारको चित्रण गर्न सक्छ । साहित्य भावना र कल्पनामा बहकिने पनि गर्दछ । यथार्थको धरातलमा टेकेर सिर्जना गरी पाठकको मन छुन सक्नु नै लोकगीतको सार्वभौमिक महत्त्व हो । सोही कारण यस अध्ययनपत्रको परिच्छेद चारमा रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको समग्र अध्ययन तथा विश्लेषण गरिएको छ ।

चौथो परिच्छेद

# रूपाकोट क्षेत्रका लोकगीतको सङ्कलन र अध्ययन

## ४.१ रूपाकोट क्षेत्रमा प्रचलित लोकगीत

जसरी लामो आकार अनि दुई ढुङ्गा बीचको तरुलजस्तो शान्त, सुरम्य र प्राकृतिक रसयुक्त भएर रहेको छ रूपाताल क्षेत्र । त्यस्तै गरेर यहाँको लोकगीत पनि रसयुक्त रहेको पाइन्छ। नेपालको इतिहास कालखण्ड अन्तर्गत प्राचीन कालखण्डमा नेपाल अहिलेको जत्तिकै ठूलो भू-भाग ओगेटेको थियो । मध्यकालको केही शताब्दीसम्म नेपालको भौगोलिक स्थितिमा कुनै परिवर्तन नभई प्राचीनकालको जस्तै रह्यो । यस्तै गरेर नेपाली लोकगीतका सन्दर्भमा पनि प्राचीन समयमा भएका मान्यतालाई आधार मानेर लोकगीतको क्षेत्र फराकिलो बन्ने र फैलाउने कार्य हुँदै आएको छ। सोही कारण रूपाकोट क्षेत्र नेपाली लोकसाहित्यको उर्वरभूमि मानिन्छ । लेकबैँसी, टार भञ्याङ, पाखा, पखेरा, वन, जङगल, झरना, नदी, नाला आदि जस्ता प्राकृतिक अनुपम् दृश्यले भरिएको हुनाले नै यहाँका ग्रामीण वस्ती लोकगीतको उर्वर भूमि मानिन्छ । सोही कारण प्रस्तुत अध्ययनपत्रमा यस क्षेत्रका लोकगीतको अध्ययन गरिएको छ।

## ४.२ रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको वर्गीकरण

लोकगीत लोकसाहित्यको प्रमुख विधा हो । यसमा मानवीय भावनाको रागात्मक अभिव्यक्ति हुने भएकाले रूपाकोट क्षेत्रमा विभिन्न प्रकारका लोकगीत प्रचलनमा रहेका छन् । जुन गीतका माध्यमबाट यहाँका वासिन्दाले आफ्ना दुःखसुखमा लय मिलाएर गाउने गरेका छन् । यस क्षेत्रका गीतमा प्रायः गरेर गाउँसमाजमा बोलिने झर्रा शब्दको प्रयोग गरेको पाइन्छ। विभिन्न विद्वान्ले लोकगीतलाई आ-आफ्नै तरिकाले वर्गीकरण गरेका छन् । ती सबै वर्गीकरणलाई मध्यनजर राख्दै रूपाकोट क्षेत्रमा पाइने लोकगीतलाई अध्ययन गर्न सजिलो होस् भनेर निम्न भागमा वर्गीकरण गरी चर्चा गरिएको छ।

१. धार्मिक गीत,

२. संस्कार गीत,

३. पर्व गीत,

४. श्रम गीत,

५. बाह्रमासे लोकगीत ।

## ४.३ धार्मिक गीत

नेपाली समाजमा शास्त्रीय तथा लौकिक देवीदेवताका नित्य दैनिक पूजाका अवसरमा, विशेष पर्वमा र जीवनसंस्कारका अवसरमा धार्मिक गीत गाउने चलन छ । यस्ता गीतमा मगल, सगुन वा फाग पर्दछन् भने अन्य धार्मिक गीतका रूपमा भोलाउलो, धमारी, आरती, भजन, चुट्का, चुड्किलो र पडेली हुन् (बन्धु, २०६० :५८) । नेपालमा बसोबास गर्ने आम नेपाली धर्मशास्त्र तथा ईश्वरीय शक्तिमा अत्यन्त विश्वास राख्दछन् । उनीहरू ईश्वर तथा देवी देवताको नित्य पूजा गर्ने गर्दछन् । यसरी पूजा गर्दा यस धार्मिक क्षेत्र होस् या पूजा क्षेत्रमा धार्मिक गीत गाउने प्रचलन रहेको छ । विभिन्न प्रकारका व्रत बस्दा देवीदेवताको प्रार्थना गर्दै गीत गाउने चलन हुन्छ । तिनै गीतलाई धार्मिक गीत भनिन्छ । यसैगरी, घरमा बिहानी बेलुका आरती उतार्दा पनि भजन गाउने चलन हुन्छ । धार्मिक पूजाआजाका अवसरमा सप्ताह, देवीभागवत, गणेशपुराण, महापुराण, श्रीमद्भागवत धनधान्याचल पुराण जस्ता विभिन्न यज्ञ तथा पुराण लगाउँदा, रुद्री, ग्रहशान्ति, ब्रतबन्ध जस्ता विविध सन्दर्भमा भजन कीर्तन गाउने गरिन्छ । भजन गाउँदा खैँजडी, मुजुराको तालमा सामुहिक स्वरमा गाउने गरिन्छ । सत्यनारायणको पूजा गर्दा, रुद्री गर्दा, स्वस्थानी व्रत समापन गर्दा, पूर्णिमा व्रत समापन गर्दा समेत यस्ता भजन तथा व्रत गीत गाउने चलन रहेको छ ।

भजन, कीर्तन गाउनाले घरमा देवीदेवताको वास हुने, परिवारका सदस्यमा सकारात्मक धारणा उत्पन्न हुने, मनले सोचेको कुरा पुग्ने हाम्रो जनविश्वास रहेको पाइन्छ । भजनको अभिप्राय पूजाआजा वा आराधनाको क्रममा ईश्वरको गुणगान गर्दै, भक्तिभाव देखाउनु हो । यिनै भगवान्प्रति भक्तिभाव देखाउँदा गाइने गीतलाई धार्मिक गीत भनिन्छ । रूपाकोट क्षेत्रमा विभिन्न प्रकारका धार्मिक गीत गाउने गरेको पाइन्छ ।

धार्मिक गीत अन्तर्गत गाइने गीत भनेको भजन हो । धार्मिक पूजाका अवसरमा गाइने गीत नै भजन हुन् । भजनमा पूजा गरिएका देवदेवीको गुण, शक्ति र सामर्थ्यको बयान गरिएको हुन्छ । एकादशी, माघे सङ्क्रान्ति, शिवरात्रि जस्ता धार्मिक पर्वमा पवित्र स्थलमा गई सामूहिक रूपले भजन गर्ने चलन छ । कतैकतै एउटाले भजन गाउने र अरुले सुन्ने वा छोप्ने काम गरेको पनि देखिन्छ ।

भजनमा सबैले सहभागिता जनाउँछन् । मुजुरा र खैँजडी बजाएर सामूहिक रूपमा गाइने भजनका पनि विभिन्न शैली छन् । भट्याउने कथालाई अघि बढाउँछ, अन्तमा

नारायण भन्छ अनि अरुले हरिहरि भन्छन् । भजन भनेको धार्मिक गीत हो । यसलाई धार्मिक पर्वहरूमा घरमा अथवा मन्दिरमा गाउन सकिन्छ । भजनको अभिप्राय पूजाआजा वा आराधनाका क्रममा ईश्वरको गुणगान गर्दै भक्तिभाव देखाउनु हो । भजनमा यसरी ईश्वरको भक्तिभाव सँगसँगै सत्कर्मका लागि प्रेरित गरेको पाइन्छ ।

*राधाकृष्ण नजाऊ वनमा बस हाम्रो मनमा*
*राधाकृष्ण जसले पनि सकारात्मक गर्नुपर्छ कर्म*
*राधाकृष्ण सत्य गर्दा सत्य टिक्छ अनि मिल्छल धर्म*
*राधाकृष्ण नजाऊ वनमा...* (धार्मिक गीत) ।

भजनलाई एकोहोरी तथा दोहोरी दुवै चरणमा गाउन सकिन्छ । विभिन्न प्रतियोगितामा भाग लिएर पुरस्कार समेत जित्ने र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले पनि गाउन सकिन्छ । पछिल्लो समय भजन चुट्का प्रतियोगितासमेत आयोजना हुँदै आएको देख्न पाइन्छ । साथै, भजनलाई धार्मिक कर्मकाण्ड गरेको वेला देवीदेवाताको भक्ति आराधना स्वरूप घरमा अथवा मन्दिरमा मनोरञ्जन लिने दृष्टिकोणले समेत भजन गाउन सकिन्छ । विभिन्न प्रकारका भजनले चित्त शान्ति हुने, एकाग्रता हुने गर्दछ । भजन विभिन्न प्रकारका हुने गर्दछन् । जस्तै :

क. चुड्का भजन
ख. प्रभाती भजन
ग. आरती भजन
घ. लम्बरी भजन

### ४.३.१ चुड्का भजन

चुड्का भजन ब्राह्मण क्षत्रीका विभिन्न धार्मिक अवसरमा गाउने गरिन्छ । घरका आँगन पिंढीँमा गुन्द्री काम्लो ओच्छ्याएर यस प्रकारका गीत गाउने गरिन्छ । चुड्का भजन गाउँदा एक जनाले भट्याउने, चुड्का निकाल्ने र त्यसैलाई भजन समुहले दोहोऱ्याउने गरिन्छ । यसरी चुड्कामा भक्ति, आराधना, हाँसो, ठट्टा, कथा इतिहास आदि गीत गाइन्छ । चुड्का भजन खैँजडी मुजुरा लिएर सामूहिक रूपमा गाइन्छ । जस्तै :

*कोटी नमस्कार,*
*देउता जति सबैलाई, देउता जति सबैलाई ।*

*शंख धुनी लगाए*

*कैलाशैमा शिवले, कैलाशैमा शिवले ।*

òòò òòò òòò

*रामको फूलबारीमा*

*छड्के हान्यो मृगले, छड्के हान्यो मृगले ।*

òòò òòò òòò

*शिव जटाधारी*

*कहाँ छ तिम्रो फूलबारी ।*

òòò òòò òòò

*शिव तिम्रो नाउँमा*

*शङ्ख बज्यो ठाउँ-ठाउँमा ।*

òòò òòò òòò

*कोटी नमस्कार,*

*देउता जति सबैलाई ।* *(चुटका भजन) ।*

यस रूपाकोट क्षेत्रमा प्रचलित रहेको चुट्का भजन विभिन्न पूजापाठ, धार्मिक अनुष्ठानका विषयमा मात्र केन्द्रित छैन । विभिन्न सन्दर्भका पनि चुड्का भजन गाउने गरेको पाइन्छ । जहाँ रूपातालको सौन्दर्यलाई लिएर पनि स्थानीयवासीले चुट्का गीत गाउने गरेको पाइन्छ । यी चुट्का गीत विभिन्न मेला, महोत्सव, सभा, सम्मेलनमा प्रस्तुत गर्ने गरेको पाइन्छ । जसको नमूना यस प्रकार उल्लेख गर्न सकिन्छ ।

*हेर रूपातालमा*

*कमल फूल फुलेको*

òòò òòò òòò

*उडी जाने पुतलीको रूपातालमा छाया*

*जस्तो लाग्छ पानी तिर्खा उस्तै लाग्छ माया*

*हेर रूपातालमा...* *(चुटका गीत) ।*

यसरी रूपाकोट क्षेत्रमा धार्मिक गीत अन्तर्गतको चुड्का गीत निकै प्रचलनमा रहेको छ । यस प्रकारका गीतले एकातर्फ हाम्रो संस्कृतिको संरक्षणमा टेवा पुऱ्याएका हुन्छन् भने

अर्कातर्फ मानवमा आध्यात्मिक जागरण ल्याएर हत्या, हिंसा र अपराधजन्य क्रियाकलापलाई कम गर्न टेवा पुऱ्याएको आँकलन गर्न सकिन्छ ।

### ४.३.२ प्रभाती भजन

प्रभाती भजन धार्मिक गीत अन्तर्गतको एक प्रकारको भजन गीत हो । जुन गीत धार्मिक अनुष्ठानकै सन्दर्भमा गाउने गरिन्छ । प्रभाती भजनमा के फरक छ भने यो प्रभाती भजन ब्रह्म मुहुर्तमा गाउने भजन हो । सत्यनारायण पूजा, सप्ताह पूराण आदि यज्ञयज्ञादी पूजाआजा हुँदा भजन मण्डलीबाट रातभर चुड्का भजन गाइसकेपछि बिहानी पख प्रभाती भजन गाएर समाप्त गर्ने चलन छ ।

रूपाकोट क्षेत्रमा पनि यस प्रकारको प्रभाती भजनको गायन हुँदै आएको पाइन्छ । यस किसिमको भजनमा प्रायः कीर्तन नै भूमिकामा रहेको देख्न सकिन्छ तर यो समयको मुहुर्त हेरेर गाउने भएकाले यसको पनि आफ्नै पृथक महत्त्व र पहिचान रहेको पाउन सकिन्छ । हेरौं एक टुक्रा प्रभाती भजन :

*“हरे राम हरे राम राम राम हरे हरे ।*
*हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥*
*राधे श्याम राधे श्याम श्याम श्याम राधे राधे ।*
*राधे कृष्ण राधे कृष्ण कृष्ण कष्ण राधे राधे ॥”* *(धार्मिक गीत)* ।

### ४.३.३ आरती भजन

धार्मिक अनुष्ठानका सन्दर्भमा मन्दिरमा नित्यकर्मका रूपमा, घरमा पूजा लगाएका वेलामा पूजा गर्दा गाउने गीतलाई आरती भनिन्छ । भजनका क्रममा यो आरती गाइन्छ । यो बढी मात्रामा शास्त्रीय शैलीको हुन्छ । आरती गीत धार्मिक कर्म अन्तर्गतको पूर्वसन्ध्यामा अथवा कुनै पनि पूजाआजा सकेर धुप, दीप नैवेद्य चढाई सकेपछि प्रथमा आरतीबाट शुरु गरी यस आरती भजन गाएर भजन गाउने क्रम अगाडि बढाइन्छ । जस्तै :

*ॐ जय जगदीश हरे,*
*प्रभु जय जगदीश हरे ।*
*प्रभुका चरण उपाशक*
*कति-कति पार तरे ।*

*ॐ जय जगदीश हरे  (धार्मिक गीत) ।*

आरती भजनका पनि विभिन्न टुक्का वा गेडा गुनगुनाउने गरेको पाइन्छ । रूपाकोट क्षेत्रमा प्रचलित आरतीको अर्को नमूना पनि यहाँ उल्लेख गर्न आवश्यक देखिन्छ । जस्तैः

*आरती जगाऊ भक्त, आरती जगाऊ*
*शिवजीको मन्दिरमा भक्त हो आरती जगाऊ*
*सञ्जे जगाऊ भक्त सञ्जे जगाऊ*
*आरतीको वेला भो भक्त हो सञ्जे जगाऊ ।*
*पूर्वको सन्ध्या उठी पश्चिम दिशा जाइ*
*पश्चिमका बरणजीले दिपखा जगाई        (धार्मिक गीत)।*

### ४.३.४ लम्बरी भजन

भजन अन्तर्गतको अर्को भजनको नाम हो, लम्बरी भजन । रूपाकोट क्षेत्रमा चुड्का, प्रभाती, आरती र लम्बरी सबै प्रकारका भजन प्रचलनमा रहेको पाइन्छ । लम्बरी भजन लामो भाकामा गाइन्छ । लम्बरी भजनमा कुनै एक कथालाई अभिव्यक्त गरिएको पाइन्छ । यस क्षेत्रमा गाइने लम्बरी भजनको एक टुक्का यस प्रकारका रहेका छन्

*हे राम त राम राम राम लौ सुन सबैले*
*हे बसेका पञ्चले सुन न सबैले*
*हे ज्ञान रूपी हृदयमा राखन सबैले*
*हे अठार पर्वको एक पर्व भनौला*
*हे बयान गर्छौं हामीले लौ सुन सबैले*

*(धार्मिक गीत) ।*

यसरी रूपाकोट क्षेत्रमा धार्मिक गीत अन्तर्गत आरती र भजन गीत प्रचलनमा रहेका छन् । आरती अन्तर्गत पनि दुई थरी आरती गीत यस क्षेत्रमा प्रचलनमा रहेका छन् । यस्तैगरी, भजन अन्तर्गत चुट्का र लम्बरी भजन यहाँका स्थानीय दिदीबहिनी, बुबाआमा, दाजुभाइले विभिन्न धार्मिक अनुष्ठानका सन्दर्भमा गाउने गरेको पाइन्छ ।

लम्बरी भजन लामो भाकामा गाइन्छ भने चुड्का भजन छोटो छरितो हुन्छ । साथसाथै विभिन्न समय-समयमा हुने धार्मिक पुराण, धनधाऱ्याचल महायज्ञ लगायतका सन्दर्भमा पनि यी र यस्तै खालका भजन गाउने गरेको पाइन्छ । यसरी, नेपालका बाहुन-

क्षत्रीको समाजमा विशेष प्रचलित यस प्रकारका भजनले रूपाकोट क्षेत्रमा पनि राम्रो पक्कड जमाएको पाइन्छ । सोही कारण विभिन्न सन्दर्भमा धार्मीक गीत अन्तर्गतका विभिन्न भजन गाउने गरेको पाइन्छ ।

## ४.४ संस्कार गीत

जन्म, व्रतबन्ध र विवाहका संस्कार गर्दा नेपाली समाजमा विशेष प्रकारका गीत गाइन्छन् । तीनै गीतलाई संस्कार गीत भनिन्छ । जसअन्तर्गत यस्ता सन्दर्भमा मागल, सगुन र फाग गाउने चलन छ । जन्म, व्रतबन्ध र विवाह जस्ता संस्कारमा विभिन्न चरणमा गाइने यी मागल, सगुन वा फागमा इष्टदेवताको आराधाना, व्यक्तिको मङ्गलकामना र अन्य प्रसङ्गको पनि वर्णन हुन्छ (बन्धु, २०६० : ६२) । विभिन्न संस्कारमा नेपाली नारीले एक प्रकारको गीत गाउँछन् । यसलाई मागल भनिन्छ । यसलाई महाल वा माल पनि भन्ने गरिन्छ ।

मागल, महाल वा माल शब्द मङ्गलबाट आएको हो । यसको अर्को नाम सगुन हो । बसाइँ सर्दै हिँडेका नेपाली भाषाभाषीले परम्परागत शैलीका मागल बिर्सिसकेका छन् । जीवन संस्कारका अवसरमा यिनको सम्झना गरिए तापनि गाउनेका अभावमा कतै-कतै बुढीआमाका मुखबाट केही चरन मात्र सुन्न पाइन्छ । ती क्षेत्रमा जहाँ मगल, सगुन वा फाग सुरक्षित छन् । तिनका पाठमा निकै भिन्नता पाइन्छ । हाम्रो समाजमा सगुन र फागको गायन जीवनका विभिन्न संस्कारको महत्त्वपूर्ण अङ्ग हो ।

यस रूपाकोट क्षेत्रमा भने यस्ता गीत त्यति प्रचलनमा रहेको पाइँदैन । कर्णाली अञ्चलमा पनि देवदेवीको आह्वान् एवम् अनुष्ठाका विविध प्रसङ्गमा गाइने गीतलाई मागल भनिन्छ । केन्द्रीय नेपालका पहाडी गाउँमा सगुन, मागल, फाग जस्ता शब्द प्रचलित छन् तापनि सगुन वा मागल गाउन जान्ने महिला निकै कम भइसकेका छन् । यसैगरी, रूपाकोट क्षेत्रमा विभिन्न संस्कारमा विभिन्न प्रकारका मागल गाउने गरेको पाइन्छ । जसलाई यसरी चर्चा गर्न सकिन्छ

### ४.४.१ रत्यौली

संस्कार गीत अन्तर्गत रत्यौली गीत नेपाली समाजमा निकै प्रसिद्ध छ । रात, राति शब्दबाट नै रतेली रत्यौली शब्द बनेको देखिन्छ । नेपालको पूर्व र पर्वततिर यो गीत पुरुषले

पनि गाउने गरेको पाइन्छ । कास्की जिल्लाको रूपाकोट क्षेत्रमा भने महिलाले मात्र रत्यौली गाउने गरेको पाइन्छ । विवाहको अवसरमा दुलाहाको घरमा शुभसूचक बत्ती कुर्न भनी जम्मा भएका महिलाले गाउने सामूहिक गीत नै रत्यौली हो ।

विशेषत: रत्यौली गीत ब्राह्मण, क्षत्री, दलित, दशनामी जातिमा प्रचलित छ । रत्यौली शब्दको व्युत्पत्ति फरक फरक ढङ्गले गरेको पाइन्छ । जस्तै : कतै रात + यौली = रत्यौली, कतै रात + एली = रतेली, कतै राति + एली = रतैली । रातमा गाइने भएकोले रत्यौली हो भन्ने तर्क गर्ने पनि पाइन्छन् । रतिक्रियाको भाव प्रस्तुत गरी गाइने भएको हुनाले रत्यौली भएको हो भन्ने पनि धेरै छन् (न्यौपाने, २०७० : १०८) । रत्यौली गीत रूपाकोट क्षेत्रमा विवाह जस्ता संस्कारका अवसरमा रातभरी वा दिनमा जाग्राम बस्दा गाइने गरिन्छ । उनीहरू विवाहको शुभ लग्नको पूर्व सन्ध्यामा यसरी रत्यौली गीत गाउँछन् :

*सबै तारा यहीँ सामेल भए*
*धुव्र तारा देखिन कहाँ गए*

*गयौं बाबु फूलमालाल भिरेर*
*दूधको भारा सारीले तिरेर*

*आमाले सारेको फूल,*
*बाबुले कहिल्यै नि नभूल*

यसैगरी, दुलाहाको घरबाट बेहुला बेहुली लिन निस्केपछि यसरी रत्यौली गीत प्रस्तुत गर्दछन्;

*भरे त बुहारी आउँछे,*
*सासुलाई बोकेर डुलाउँछे* (संस्कार गीत) ।

जब बेहुला पक्षबाट बेहुली पक्षको घरमा जन्ती प्रस्थान गर्दछन् त्यसपछि रत्यौलीमा अलिकति अश्लील प्रसङ्गसँग मिसिएर पनि आनन्द लिने परम्परा रहेको पाइन्छ । रूपाकोट क्षेत्रमा पनि त्यो परम्परा यथावत छ । जसमा वृद्ध पतिका तरुनी पत्नी, बालक पतिका जवान पत्नी अथवा बालविधवाले आफूँलाई नाटकका पात्रजस्तै बनाएर यौनकुण्ठा र यौन असन्तुष्टिको विषयलाई प्रदर्शन गर्ने गरेको पाइन्छ । रत्यौली गाउने क्रममा दुलाहाको

भूमिका निर्वाह गर्दै महिलाहरूले सट, पाइन्ट, दौरा, सुरुवाल, टोपी साफा गुतेर उनीहरूकै भाषामा लुठो भनिन्छ । रत्यौली भित्रै विवाह हुन्छ, रति क्रिडा हुन्छ । लुठो काल्पनिक पोइ हो (अधिकारी, २०५८:१४) । रत्यौलीका गीत टुक्कारहित र टुक्कासहित दुवै किसिमका हुन्छन् । यस गीतमा टुक्कालाई गेडा पनि भन्ने गर्दछन् । कृष्णको रति लीलाको क्रममा गाइने गीतबाटै रत्यौलीको जन्म भएको हो । यस गीतलाई गुल्मी तथा अर्घाखाँची तिर ज्युँती गीत पनि भन्दछन् । मनोरञ्जनका दृष्टिले गाइनु, सामुहिक रूपमा गाइनु, पुनरावृत्तिका कारण लामो संरचना हुनु यस गीतका विशेषताहरू हुन् । बेहुलाले बेहुली लिएर नआउँदाको समय सम्म उनीहरूले यसरी विभिन्न सन्दर्भलाई टुक्का बनाएर रत्यौलीका गीत गाएको पाइन्छ । भोलिबाट रत्यौली खेल्न पाइँदैन त्यसैले आजै नाँचौ गाऔं रमाऔं भन्दै उनीहरू भन्छन्,

*चैतमा मकै रोप्यो असारैमा धान,*
*खरी झरे झर्ला ठोकीदे मादलु ।*
××× ××× ×××
*रत्यौलीमा नाच्नलाई किन खोज्छ्यौ मान*
*खरी झरे झर्ला ठोकीदे मादलु ।*
××× ××× ×××
*सबै खुसी भएको दिन*
*गयो छोरो कलहको विउ लिन* (संस्कार गीत) ।

यस्तै, जब समय ढल्कदै जान्छ । तर रत्यौली गीतका टुक्काको विषयवस्तु परिवर्तन हुन थाल्छन् । घडीले दिनको ३ बजाउन थालेपछि उनीहरू बेहुलालाई छिटो आउनका लागि आग्रह गर्दै गीत यसरी गाउन थाल्छन् । उक्त गीतमा अब रात पर्न थाल्यो । समय के कसो हुन्छ । जति सक्दो छिटो गरेर आउ भन्ने आशय यसरी व्यक्त गरिएको हुन्छ ।

*सरर पिलेनमा आए*
*ढिलो हुन्छ बस कुर्न नलाए ।*
××× ××× ×××
*हाम्रो बाबु गएको ठाउँमा*
*बत्ति बाल्न पर्दैन त्यो गाउँमा ।*
××× ××× ×××

*आमाले सारेको फूल*

*बाबुले कहिले नि नभुल* (संस्कार गीत) ।

यसरी, दुलाहाको घरबाट जन्ती निस्केदेखि बेहुली भित्र्याउने वेलासम्म फरक-फरक प्रकृतिका रत्यौली गीत गाउँछन् । विवाहका समयमा दुलाहाका घरका दिदी बहिनीहरू समूह मिलेर गाउने गर्छन् । लुठो बनेर नाच्ने गर्दछन् । जब बेहुलाले बेहुली लिएर आउँछ त्यसपछि रत्यौली गीतको विषयवस्तु परिवर्तन हुन्छ र यसरी गीत गाउन थालिन्छ,

*हे यही हो नानी जुग जाने घर*

*झ्याप्प डोली रोकेर ढोग गर*

××× ××× ×××

*आमाले धान सुकाऊ मान्द्रामा*

*छोरा सूर्य बुहारी चन्द्रमा*

××× ××× ×××

*बल्ल बल्यो लक्षिनको दियो,*

*हाम्रो पनि चाहना यही थियो* (संस्कार गीत) ।

यसरी रूपाकोट क्षेत्रमा विभिन्न समय, परिस्थिति र कथावस्तुलाई लिएर रत्यौली गीत गाउने गरेको पाइन्छ । जसले हाम्रो संस्कार र संस्कृतिलाई संरक्षणमा टेवा पुऱ्याएको पाइन्छ ।

### ४.४.२ मागल

नेपाली समाजका प्रचलित मागलमध्ये विवाहका समयमा गाइने मागल बढी छन् । केही सगुन व्रतवन्ध कै प्रसङ्गसँग मिल्ने भए पनि कथ्य फरक छन् । उदाहरणका रूपमा पूर्वाङ्गको समयमा गाइने सगुन, माटी मागल, कसार बटार्दाको मागल, बुकुवा लगाउने मागल जस्ता केही उही कार्य भए पनि ती प्रसङ्गमा भनिने कुरा भिन्न छन् । यसका अतिरिक्त विवाहका अवसरमा दुलही सिँगार्दा, जन्ती अन्माउँदा, रतेली खेल्दा, जन्ती पर्छंदा र दुलहीका घरमा दुलहीलाई यज्ञमा ल्याउँदा, कन्यादान र बिदाई गर्दा गाइने मागलहरू उत्तिकै मार्मिक छन् ।

कन्यादान र छोरी बिदाइको प्रसादान र छोरी बिदाइको प्रसङ्ग पनि निकै मार्मिक छन् । दैलेखतिर गाइने एउटा मागलमा चेलीलाई सिँगारपटार गरी गहनाले सजिएर बाहिर

निस्कन अनुरोध गरिएको पाइन्छ । अनि उनलाई भैसी, घोडा, ताउलो र गाग्रो लैजाऊ भनिएको पाइन्छ । कन्यादानको मागलमा पनि दशधारा दूध पियाई पालीपोसी हुर्काएकी छोरीप्रतिको स्नेह प्रदर्शित हुन्छ भने छोरी बिदाई गर्दाको कारुणिक प्रसङ्गले सम्पूर्ण उपस्थित मैतालुलाई करुणार्द्र र भावुक बनाउँछ । दुलही बेहुलाका घरमा पुगेपछिका प्रसङ्गहरूमा दुलही भित्र्याउँदा, मानापाथी भर्दा, बधूप्रवेश आदि विभिन्न अवसरमा गाइने मागलले विवाह संस्कारलाई लोकको गौरवपूर्ण परम्परासँग जोड्छ । यहाँ रूपाकोट क्षेत्रमा गाइने मागललाई निम्नानुसार चर्चा गर्न सकिन्छ ।

### ४.४.१ निमन्त्रणाको मागल

रूपाकोट क्षेत्रमा प्रचलनमा रहेका मागलमध्येको विवाहको मागल एक हो । जुन हुर्के बढेकी चेलीले बाबाजीका आगनमा जग्गे लगाउनका लागि निवेदन गर्दै गरेको सन्दर्भलाई विवाहको निमन्त्रणाको मागलमा प्रस्तुत गरिएको पाइन्छ । जुन मागलको एक टुक्रा यस प्रकार छ :

*आकाशैकी दिदै मेरी पातलकी बैनै ।*
*कैले होला तिम्रो हाम्रो भेट ॥*

òòò òòò òòò

*बाबाज्यूका आगनीमा शुभै जग्गे लाउलान ।*
*त्यहै होला दिदै बैनै तिम्रो हाम्रो भेट ॥*

*जउन सारी जउन शुभै ब्रामणलाई निउती ल्याऊ ।*
*बाबा ज्यूका आगनीमा शुभै जगिया लाऊ ॥*

(संस्कार गीत) ।

### ४.४.२ व्रतबन्ध गरिदेऊ भन्ने मागल

नेपाली हिन्दू सनातन धर्म अनुसार छोराहरूको विजोर उमेरका सन्दर्भमा व्रतबन्ध गर्ने संस्कार रहेको छ । सोही संस्कार अन्तर्गत व्रतबन्ध गरिदेऊ भन्नका लागि मागल गाउने गरेको पाइन्छ । यसरी व्रतबन्ध गरिदेऊ भन्ने मागल रूपाकोट क्षेत्रमा पनि प्रचलनमा रहेको पाइन्छ । जसको एक टुक्रा यस प्रकार रहेको छ :

*सानै मन सानै चित्त नैरगरे बाबाले ।*

*बारम्बार हुनी होइन ह्यामरो करिमा ॥*

òòò òòò òòò

*एकै हजार लाउने भए चारै हजार लगाइदेऊ ।*

*बारम्बार हुने छैन ह्यामरो करिमा ॥*

*सकम्लता मेरा बाबा तिम्रो भारा तिरम्ला ॥*

*नैरसके मेरा बाबा भलै आशिक ॥।*

(संस्कार गीत) ।

यसरी संस्कार गीत अन्तर्गत रूपाकोट क्षेत्रमा विभिन्न प्रकारका गीत गाइन्छन् । जुन गीतमा सुखका, दुःखका, विरह, वेदनाका गीत गाउने गरिन्छ । यसैगरी, यस क्षेत्रमा गुरुङ जातिको बाहुल्यता रहेका कारण विभिन्न संस्कारमा जातीय गीत पनि गाउने गरेको पाइन्छ । गुरुङ समुदायको अर्घौ, स्योञ्कै जस्ता संस्कारमा विभिन्न जातीय गीत गाउने गरेको पाइन्छ ।

गुरुङ समुदायमा मनोरञ्जन गृह हुन्छन् । जहाँ गाउँघरका युवायुवती जम्मा भएर मिलेर नाचगान गर्दछन् । रोदीमा नाचगान र खानपिन पनि गर्दछन् । रोदीघरमा झ्याउरे, चुड्का, ख्यालीलगायतका गीत गाउने गरेको पाइन्छ (बन्धु, २०७१ : १२९) । मगर तथा गुरुङ समुदाय रहेका बस्तीमा प्रायः कौरा गीत गाउने गरेको पाइन्छ । यो गीत माघेसंक्रान्ति वा श्रीपञ्चमीका दिन शुरू गरी असारको पूर्णिमाका दिन पूरा गरिन्छ । कतै-कतै यसको आयोजना बाह्रै महिना हुन्छ । चाडपर्व र सामाजिक संस्कारका अवसरमा कौरा नृत्यगीतको आयोजना गर्दा गुरुवाको निर्देशनमा परम्परागत देवताहरूको सम्झना गरी वन्दना गरिन्छ । गाउने र नाच्नेलाई कहिलेकहीँ झाँक पनि आउँछ । यस्ता नृत्यगीतमा रामायण र महाभारतका कथांशको पनि गायन गर्ने चलन थियो । तर यो अहिले बढी मात्रामा मनोरञ्जनतिर ढल्केको छ । यसैगरी, रूपाकोट क्षेत्रमा केही चरणका मागल समेत गाउने गरिएको पाइन्छ ।

## ४.५ पर्वगीत

नेपाली समाजका विभिन्न चाडपर्वका अवसरमा गाइने गीत नै पर्वगीत हुन् । यी पर्वगीतमा कौरा, मालसिरी, सराएँ, देउसी, भैलो, भुओ, वसन्त र फागु प्रमुख छन् ।

नेपालका विभिन्न भौगोलिक क्षेत्र, भारतका विभिन्न राज्य, भुटान र बर्मामासमेत बसोबास गर्दै आएका नेपाली भाषी समुदायमा विभिन्न पर्वगीत गाइन्छन् । नेपालीहरू आफ्नो रीतिरिवाज तथा संस्कृतिको क्षेत्रमा धनी मानिन्छन् ।

विभिन्न जातजातिका आ-आफ्नै धर्म संस्कार हुन्छ त्यसैले उनीहरूका चाडपर्व आ-आफ्नै प्रकारका हुन्छन् । विभिन्न प्रकारका चाडपर्वले धार्मिक आस्था, सामाजिक मानमर्यादा साथै सामाजिक तथा सांस्कृतिक पक्षलाई समेत जीवन्त राख्ने कार्य गरिरहेको हुन्छ । पर्वगीतमा भैलो, देउसी, तीजे, फागु, जस्ता गीत प्रमुख मानिन्छन् । रूपाकोट क्षेत्रमा भने देउसी, भैलो र तीजेगीत बढी मात्रामा प्रचलित छन् । रूपाकोट क्षेत्रमा पर्व गीत अन्तर्गत प्रचलनमा गीतलाई सङ्क्षेपमा यसरी चर्चा गर्न सकिन्छ ।

### ४.५.१ तीजका गीत

तीजका अवसरमा नारीद्वारा गाइने गीतलाई तीजको गीत भनिन्छ । वर्षभरीमा आउने चाडमध्येको एउटा चाड तीज हो । यस चाडमा गाइने गीतलाई तीजेगीत भनिन्छ । यो पर्व भाद्र शुक्ल द्वितीयादेखि पञ्चमीको दिनसम्म मनाइन्छ । तीज पर्वमा नेपाली नारी माइत गएर दाजुभाइ, दिदीबहिनी तथा बाबुआमासँग भेट्ने गर्दछन् । तीजको अघिल्लो दिन सबैजना सँगै बसी दरखाने, तीजको गीत गाएर छमछमी नाच्ने परम्परा सर्वविदितै छ । तीजगीतमा पहिले पहिले ताली बजाउने चलन थियो भने, अहिले मादललगायत अन्य बाजा बजाउन थालिएको छ । नेपालमा विभिन्न ठाउँमा विभिन्न ढंगले गाउने तीजेगीत घर, आँगन, चौबाटो, चौर आदि जताततै गाउन सकिन्छ । तीजको समय महिलाले जुनसुकै ढंगले गाउने यस गीतमा नृत्यको अनिवार्यता हुँदैन ।

तीजको परम्परा पौराणिक कथासँग जोडिएको छ । धार्मिक परम्परा अनुसार हिमालय र मेनका सुपुत्री पार्वतीलाई विष्णुसँग विवाह गरिदिन चाहेको तर पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको र तीजको दिनमा नै उनको चाहना पूरा भएकोले तीज पर्वको दिन नेपाली नारी व्रत बस्ने परम्परा चल्दै आएको भन्ने भनाई पनि पाइन्छ । अविवाहित युवतीले पनि सोचे जस्तो पति पाउन भनेर व्रत बस्ने र विवाहिता महिला व्रत बस्नाले श्रीमान्को आयु बढ्ने विश्वास रहेको छ ।

तीजगीतमा सरल भाषा तथा लोक शब्दको प्रयोग हुन्छ । प्रायः गीतमा वर्णनात्मक शैलीको प्रधानता पाइनु, माधुर्यता, थेगोको प्रयोग, गायनमा नारीको प्रधानता हुनु यस

गीतका विशेषता हुन् । विगतमा तीजका गीत महिलाले मात्रै गाउने गरे तापनि पछिल्लो समय पुरुषले पनि तीजगीत गाउने गरेको पाइन्छ । तीजगीतमा पनि दिदीभाइ, माइती घर, सासु बुहारीका पीडा र व्यथालाई दोहोरी बनाएर गाउने गरेको पाइन्छ । जसरी तीजको अवसरमा दर खानका निम्ति विवाहिता नारीलाई माइती लिन आउँछन् । दर खाने दिनको रातमा र तीजकै दिन व्रत बस्दा नारीहरू तीजको गीत गाउँछन् । माइत जानेको आनन्द र उमङ्ग अनि माइत जान नपाउनेको व्यथा र मर्मलाई तीजका गीतमा व्यक्त गरिएको हुन्छ । नारीजीवनका मर्मको अभिव्यक्ति तीजका गीतमा पाइन्छन् ।

तीजका गीत पहाडी क्षेत्रका नारीको सामाजिक इतिहासका सुत्र हुन् । यी गीतमा बालविवाह र अनमेल विवाहले ल्याएका समस्या, सासूको प्रताडना र थिचोमिचोले जन्माएका पीडा, संस्कारगत र सामाजिक कुप्रथाले दिएका दुःख र दर्दलाई अभिव्यक्त गरिएका हुन्छन् । तीजका गीतले चेलीका आमाबाबु, दिदी-बहिनी र दाजुप्रतिको प्रेम, बाल्यकाल र जन्मस्थलको सम्झना मात्र प्रस्तुत गर्दैनन् । ती गीतले सामाजिक यथार्थलाई पनि राम्ररी देखाउँछन् । रूपाकोट क्षेत्रमा प्रचलित तीज गीतको एउटा अंश यस्तो छ :

*तीजको वेलामा छोरी घर पठायौ*
*अँधेरी ओलाले लग्यो बरिलै !*
*बाबा त भन्दा हुन छोरी घर पठायौँ*
*ससुरा बाबा भन्दा हुन् बहु आइन*
*उरलिँदा नदिया ढलकिँदा डुँगिया*
*मरन लेख्यो मलाई आधै बीचमा...*
*बाबाले सुन्नन् धुरुधुरु रुनन्* (पर्व गीत) ।

यसैगरी तीजका गीतमा यौवन चढेका युवतीले आफ्नो विरह र वेदनालाई पनि तीजका गीतको माध्यम बनाएको पाइन्छ । र उनीहरूले यसरी आफ्नो मनको विरह पोखेको पाइन्छ :

*बाबाजीको आगनीमा वायुपङ्खे घोडा वरिलै*
*नाच्न गाउन मन त लाग्छ तर छैन जोडा वरिलै*

यो मात्रै होइन, तीज पर्वका अवसरमा गीत गाएर नाच्नका लागि पनि दिदीबहिनीले आह्वान गरेको पाइन्छ । उनीहरूले नाच्नका लागि यसरी अनुरोध गरेको पाइन्छ ।

*वर्ष दिनको तीज आयो छमछम नाचम वरिलै*

*तीजका गीतमा दिदीबहिनी छट्ट कम्मर भाँचम वरिलै*

यस्तै माइत हिँड्न तयारी गरेकी चेलीले आफ्नी आमालाई मीठो, मसिनो पकाउन अनुरोध गर्दै पनि तीजको गीत यसरी गाएको पाइन्छ ।

*झिनुवाको भात पकाउनु तरकारी तामा वरिलै*

*सबै चेली जम्मा हुँदा खुसी भइन् आमा वरिलै* (पर्व गीत) ।

यसरी, तीजका अवसरमा वैंस चढ्दै गर्दा, माइतीमा भेला हुँदा, माइतमा जान नपाउँदाका सन्दर्भलाई उनीहरूले केही गाथाको रूपमा गायन एक्लै वा सामूहिक रूपमा गाइएको हुन्छ । कास्कीतिर प्रचलित ध्रुवचेलीको कथा र अन्य गाथा तीजका अवसरमा गाइन्छन् । यसरी रूपाकोट क्षेत्रका दिदीबहिनीले आफ्ना मनका विरह र वेदनालाई तीजका गीतमा प्रस्तुत गरेर गाउने गरेको पाइन्छ ।

### ४.५.२ भैलो र देउसी गीत

कार्तिक महिनाको औँसीका दिन साँझ झिलिमिली बत्ती बालेर लक्ष्मीको पूजा गरिन्छ । यसै अवसरमा गाउँघरका किशोरी भैलो खेल्दै गाउँगाउँ डुल्छन् । भैलो खेल्ने यी किशोरी बालिका वा युवतीलाई भैलिनी भनिन्छ । त्यसमा एउटीले भट्याउने र अरुले भैलीराम भन्दै दोहाऱ्याउँछन् । यस गीतमा भैलेनीहरू बलि राजाले चलाएको चलनअनुसार भैलो खेल्न आएको कुरा बताउँछन् । उनीहरू डुल्छन् । घरको वातावरण, घरको सम्पन्नता र घरका मुख्य व्यक्तिका गुणको प्रशंसा गर्छन ।

भैलिनीले घरकी महातारीलाई टीका लगाइदिएर आशीर्वादका गीत गाउँछन् । आशीर्वादमा त्यस घरकी महातारीले ढुङ्गा छुँदा द्रव्य होस्, माटो छुँदा अन्न होस्, पानी छुँदा तेलै होस् भनिन्छ । यस्तै, यो घरमा मधेसको लत्ताकपडा, भोटको नुन र ल्हासाको सुनले भरियोस् आदि कुरा भनिएको हुन्छ । नेपालीलाई जीवन्त बनाउने भैलो नेपाली संस्कृतिको एउटा महत्त्वपूर्ण विशेषताका रूपमा रहेको छ । दीपावली पर्वमा पर्ने लक्ष्मी पूजादेखि आरम्भ भएर भाइटिका लगाउनु पूर्वसम्म पुरुषद्वारा मादल वा खैंजरी अनि मुजुरा बजाउँदै सामूहिक रूपमा गाइने गीतलाई भैलो भनिन्छ । भैलो शब्दले भलो अर्थ व्यक्त गर्दछ । त्यसैले पनि यो गीत गाउँदा भलो हुन्छ भन्ने विश्वास व्यक्त गरिन्छ (न्यौपाने, २०७० : १०७) । नेपाली जीवनमा लक्ष्मी पूजाको दिनदेखि तिहारको झिलिभिली बढ्दछ । वातावरण रमाइलो बन्दछ । गाई तिहारको नामले पनि चिनिने यस दिन राती औँशीको अँध्यारोलाई

चिर्दै घरघरमा बत्ति बालेर लक्ष्मी पूजा आराधना गरिने हुँदा, नेपालमा खास लक्ष्मी पूजा नै दीपावली भन्ने चलन छ ।

भैलो पुरुषले गाउने गीत र भैली नारी समुहले गाउने गीत हो । यस गीतको प्रचलन बारे पुराण र इतिहासका पात्रसँग सम्बन्धित लोक भनाइ पाइन्छ । वलीले देवतालाई सताएको र देवताका चलीले वलीसँग अनुमति लिएर भैलो गाइ देवतालाई आशिक दिएकाले देवता दैत्यलाई परास्त गर्न सफल भए (बन्धु, २०५८ : १७८) । यसरी पौराणिक भनाइलाई आत्मसात् गरी लोक जीवनमा पनि आशिक दिए शत्रुसँग कहिल्यै झुक्नु नपर्ने विश्वास राख्दै भैलो खेल्ने परम्परा छ । भैलो गीत गाउँदा एकजना शब्द जोड्दै भट्याउने अरुले सँगसँगै भैलो भन्दै दोहोऱ्याउने गर्दछन् । हेरौं, रूपाकोट क्षेत्रमा प्रचलित भैलो यसरी थालिन्छ :

*ए भैलिनी आयौं आँगन*
*गुनियो चोली मागन हे औंसी बारो*
*गाई तिहार हो भैलो*
*ए वरीपरी फुलले बारेको*
*भैलो खेल्न तिहारले पारेको*
*ए भन मेरा सङ्गीनी भैली*
*ए राम्ररी भन भैलिनी*
*ए तिहारमो वेला भैलिनी*
*ए रमाइलो गर्दै भैलिनी*
*ए भैलो खेल्दै भैलिनी*
*ए आएका हामी भैलिनी*
*ए भन मेरा सङ्गीनी*
*ए खानलाई होइन भैलिनी*
*ए विकासका लागि भैलिनी*
*ए दान गर्नु भैलिनी*
*ए धर्मकर्म भैलिनी* (पर्व गीत) ।

लक्ष्मीपूजाको भोलिपल्ट साँझको बत्ती बालेपछि गाउँका किशोर र प्रौढहरू देउसीको गीत गाउँदै घर-घर डुल्छन् । देउसिरे गीत पनि भैलो जस्तै तिहारको अवसरमा गाइने गीत हो । देउसी तिहारको भाइटिकाको दिन बेलुकी घर आँगनमा गएर सुख, समृद्धिको कामना

गर्दै गाइने सामूहिक गीत हो । भैली विशेष गरेर नारीहरूले गाउने गीत हो भने देउसी पुरुषले गाउने गीत हो । यस गीतको देउसिरे नाम देवश्रीबाट बनेको हो । देउसी शब्दमा रे निपातको पनि प्रयोग भएर देउसी रे भन्ने शब्दको निर्माण भएको हो । अझ स्पष्ट भन्ने हो भने देव शब्दलाई नेपालीमा 'देउ' भन्ने र अनि 'श्री' शब्दलाई 'सिरी' शब्दले चिनाइन्छ ( न्यौपाने, २०७० : १२५) । यसरी देउसिरेको अर्थ देउसिरे नामको गीत गाइएको घरमा देवताले श्री सम्पत्ति देउरे भनेको हो भनी लोकमा चर्चा गरेको सुनिन्छ ।

भाइटिकाको दिनमा आशिष दिएपछि त्यस घरमा लक्ष्मीले बास गर्छिन्, सुख समृद्धि प्राप्त हुन्छ, चिताएको कुरो प्राप्त हुन्छ अनि गाउँमा सह रहन्छ भन्ने विश्वास विद्यमान छ ( बन्धु, २०५८ : १६९) । यस्तो आशिर्वचन मूलक यस गीतलाई समाज अनुसार द्यौसी, देउसी, देउसिरे, देउसरी, देउसुरे गीत भनेर फरक फरक ढङ्गले उच्चारण गरेको पाइन्छ । मनोरञ्जनको उद्देश्यले गाइनु भाइ तिहारको अवसरमा मात्र गाइनु, बाजा अनिवार्य मात्रामा नभए पनि खैँजडी, मुजुरा, मादललगायत बाजाको प्रयोग गर्नु, पुरुषको विशेष सहभागिता हुनु यस गीतका विशेषता हुन् । भैलो विशेष गरी नारीको पर्व हो भने देउसी चाहिँ विशेष गरी पुरुषहरूको हो । कति ठाउँमा देउसी खेल्दा नारीको पनि सहभागिता देखिन्छ । देउसी खेल्न निस्केका किशोर र प्रौढलाई देउसे भनिन्छ । स्थानीय प्रचलनअनुसार मादल, खैंजडी र मुजुरा लिएर देउसीको लयमा गीत गाउँदै घरघर डुल्छन् । घरकी मालिक्नीलाई आशीर्वाद दिएर सुख र समृद्धिको सह ल्याउँछन् । भैलोमा जस्तै देउसीमा पनि एक जनाले भट्याउने हुन्छ । अरुले सामूहिक रूपमा भट्याउँदछन् ।

देउसी खेल्ने घरमा पुगेपछि त्यहाँको झिलिमिली बत्तीको, प्राकृतिक वातावरणको, घरमा सम्पन्नताको र घरमालिकको दानशीलताको वर्णन गर्छन् । परम्परागत चलनअनुसार देउसी खेल्न आएको र अरु घरमा पनि जानुपर्ने कुरा बताउँछन् । देउसेलाई छिटो बिदा गर्ने व्यवस्था गर्न घरकी महातारीलाई प्रेरित गर्छ । भैलोलाई जस्तै घरकी महातारीले आफ्नो इच्छा र क्षमताअनुसार रोटी, फलफूल र पैसा दिन्छिन् । अन्तमा देउसेहरू यस घरका बुढाबुढी वरपिपल झैँ झाङ्गिएर आफ्नो सम्पन्नताले सबैलाई ढाकुन्, यस घरमा लालबाला दुबो झैँ मौलाउन र केरा झैँ गाँजियून्, यस घरका परेवा पंक्षी उड्दा सूर्यलाई ढाकुन्, तपाईंहरूले ढुङ्गो समाउँदा द्रव्य होस् र माटो समाउँदा अन्न होस् भन्दै आशीर्वाद दिएर बिदा हुन्छन् । देउसीलाई देवासुर सङ्ग्राम, पौराणिक बलिराजाको दानशीलता र जुम्लाका ऐतिहासिक बलिराजाको सामाजिक उत्थानका घटनाहरूसँग पनि जोडिन्छ । पहाडी क्षेत्रको

प्रचलन भए तापनि आज देउसी र भैलो साझा नेपाली संस्कृतिका प्रतीक भएका छन् । नेपालीहरू पुगेका ठाउँमा यी संस्कार पुगेका छन् । सामाजिक परिवर्तनका कारणले गर्दा कतैकतै देउसी र भैलाका गीत र प्रस्तुतिमा पुरानो पहिचान हराएर नयाँ रूप पनि देखिएका छन् । यसैगरी रूपाकोट क्षेत्रमा प्रचलित देउसिरे गीत यस प्रकार रहेको छ ।

*भन-भन भाइ हो देउसी रे*
*हे राम्ररी भन देउसी रे*
*हे यो रातो माटो देउसी रे*
*हे यो चिप्लो बाटो देउसी रे*
*हे लड्दै र पड्दै देउसी रे*
*हे आइपुग्यौ हामी देउसी रे* (पर्व गीत) ।

यसरी रूपाकोट क्षेत्रमा भैलो र देउसी गीत गाउने गरेको पाइन्छ ।

### ४.५.३ मालसिरी

दसैँ लागेपछि नेपालमा मालसिरीको गायन शुरू हुन्छ । सङ्गीतशास्त्रमा वर्णन गरिएको मालसिरी रागको नेपाली रूप नै मालसिरी हो । यद्यपि नेपालको लोकजीवनमा मालसिरी भनिने सबै गीत यसै रागमा नगाइएका पाइन्छन् (बन्धु, २०६० : ६६) । मालसिरीमा देवीको प्रार्थना गरिएको हुन्छ । काठमाडौँमा दसैँ लागेपछि मालसिरी गाएर बिहानै देवीको मन्दिर जाने जात्रा सम्पन्न गरिन्छ । रूपाकोट क्षेत्रमा पनि दसैँमा मालसिरी गाउने गरिन्छ । यस्तै दसैँकै सन्दर्भसँग जोडिएको सराएँ नेपालका गुल्मी र अर्घाखाँची जिल्लामा प्रचलनमा रहेको छ । सराएँ दसैँको टीकाका दिनदेखि पूर्णिमासम्म विभिन्न मन्दिर र कोटमा पशुको बली दिएपछि रगत लागेको खड्क नचाउँदै गाइने नृत्यलाई भनिन्छ ।

पञ्चेबाजाका साथ कोट वा मन्दिरका वरिपरि नाच्दै-गाउँदै हिँडेका नर्तकले वीर रसपूर्ण वातावरणको सृष्टि गर्दछन् । गीतमा पनि राक्षसलाई मारेर देउताले पनि यसरी नै आनन्द मनाई नाचेका थिए भन्ने आशय प्रस्तुत हुन्छ । त्यस कारण वर्ष दिनको यो चाडलाई आनन्दपूर्वक मनाऔँ, बाँच्यौँ भने अर्को सालमा पनि यसरी नै आनन्दपूर्वक मनाउँला भन्दै मन्दिरका वरिपरि हातमा खड्ग लिएर नाच्दै नर्तक गाउँछन् । रूपाकोट क्षेत्रमा केही मालसिरी गीत प्रचलनमा रहेको पाइन्छ । जसको नमूना यस प्रकार छ :

*स्वस्ती श्री गणेशाय नमः श्री सरस्वती शरण*

*स्वस्ती श्री गणेशाय नमः श्री सरस्वती शरण*

*श्री भवानी शंकरे नम*

*जय देवी भैरवी गोरखनाथ दर्शन देउ सबुत स्वरूप* (पर्व गीत) ।

यसरी रूपाकोट क्षेत्रमा शुभारम्भको श्री गणेश गरेको मालसिरी यदाकदा गाउने गरेको पाइन्छ ।

## ४.६ श्रमगीत

श्रम गर्दा गाइने गीत श्रमगीत हो । जसअन्तर्गत चाहे मकै गोड्दा, धान रोप्दा, दाइँ गर्दा होस् । चाहे, साना नानीलाई खेलाउँदा, सुताउँदा, वा अरु यस्तै कुनै पनि श्रम गर्दा गाइने गीतलाई श्रमगीत भनिन्छ । नेपाल कृषि प्रधान देश भएको हुनाले यहाँ विभिन्न प्रकारका श्रम गरिन्छ । रोपाइँ गर्ने, अन्न वाली थन्क्याउने, विउ छर्ने, खेत जोत्ने, धान, कोदो, मकै, गोड्ने आलु गहुँ तोरी लगाउने आदि सम्पूर्ण श्रम हुन् । ती श्रम गर्दा मानिसले काम सहजता पूर्वक गर्न सकियोस् भनेर र दिन बिताउनका लागि विभिन्न प्रकारका गीत गाउने गर्दछन् । ती गीतलाई नै श्रम गीत भनिन्छ ।

आफ्नो शारीरिक थकानलाई मेटाई मनलाई प्रफुल्ल पार्न, मार्मिक र सुखद् लयानुभूतिमा श्रमगीत गाइन्छ । खासगरी नारी समाजका सामूहिक स्वरलहरीले श्रमगीतको नाउँ लिएका हुन्छन् । यसमा पुरुष वर्गको सहभागिता पनि हुन्छ । पूर्वीपहाडी प्रचलित **लहरी लाली माई** गीत चैत-वैशाखमा मकै गोड्दा कोदालो नचाउँदै गाउने सामूहिक गीत हो । मध्यपहाडी क्षेत्रमा मकै अथवा घैया गोड्दा **गोडेलो** गाउँछन् । यसअन्तर्गत केही फुटकर गीत र केही गाथा पनि गाइन्छन् (बन्धु, २०६० : ६९) । लहरी गीत र गोडेलो गीत रूपाकोट क्षेत्रमा प्रचलनमा छैनन् ।

यस क्षेत्रमा प्रचलित श्रम गीतले एकातर्फ मनोरञ्जन प्रदान गर्छन् भने अर्कोतर्फ मनका पीडा पनि बिर्साउँछ । यस क्षेत्रका किसान अत्याधिक परिश्रम गर्दछन् । यसरी अत्याधिक रूपमा परिश्रम गर्दा मनमा उत्पन्न शारीरिक एवम् मानसिक पीडालाई यिनै श्रमगीतमार्फत् आनन्दित तुल्याउँदछ । यस क्षेत्रमा प्रचलनमा रहेका केही गीत निम्नानुसार चर्चा गर्न सकिन्छ ।

### ४.६.१ असारे गीत

असार लागेपछि असारे गीत शुरू हुन्छ । असारे गीतलाई ठाउँठाउँमा बेग्लाबेग्लै किसिमले गाइन्छ । खास गरी रोपाइँका समयमा गाइने भएकाले यस्ता असारे गीत रोपाइँगीतका रूपमा प्रचलित छन् । साना केटाकेटीलाई आमा, दिदी वा धरालेहरूले झोलुङ्गामा हाली झोलुङ्गो हल्लाउँदा अथवा बिछ्यानमा सुताउँदा गाउने गीतलाई लल्लोरी वा निदरी भनिन्छ । यी सबै गीतका केही टुक्का रूपाकोट क्षेत्रमा प्रचलनमा रहेको पाइन्छ । यी सबै गीत श्रमगीत अन्तर्गत पर्दछन् । यहाँ भने असारे गीतको चर्चा गर्न खोजिएको छ । साधारण झ्याउरे लयलाई नै असारे गीतको उदाहरणका रूपमा प्रस्तुत गरेको पाइन्छ तापनि असारे गीतमा असार महिनाको वातावरण, रोपाइँको चित्रण र सामाजिक सम्बन्धको लोकमानसको अधिव्यक्ति हुन्छ ।

रोपाइँ गर्दा गाउने गीत भएकाले कतै-कतै असारेलाई रोपाइँ गीत पनि भनिन्छ । रोपाइँका अवसरमा केही गाथा अर्थात् वर्णनात्मक गीतहरू पनि गाउने चलन छ । असारे भन्नाले विशेष गरी एक्लै, सामूहिक रूपमा र दोहोरीका रूपमा गाइने टुक्रा गीतहरू बुझिन्छ ।

*असार मासको दोपहरे खाजा रानीको कसार,*
*सुनको ढोका उघारी हेर्दा गएछ असार ।*
*तीनै र सहर नेपालै ज्यान्मा सुनको गजुर,*
*रातै र पर्‍यो झ्याउँकिरी बास्यो विदा द्यौ हजुर ।*

यसैगरी असारे गीतलाई रूपाकोट क्षेत्र वरिपरि यसरी पनि गाइन्छ

*असार मासको दबदबे हिलो छिः मलाई घिन लाग्यो,*
*पातली नानीलाई फरिया किन्दा छ बीस रिन लाग्यो,*
*बैलौती काँचो ख्याल होइन साँचो छ बीस रिन लाग्यो*
*असार मासको दश र पन्ध्र रोपाइँको चटारो,*
*राखने लुगा झिकिदेऊ आमा गौँथले पेटारो,*
*पानीको धारो नमान गारो गौँथले पेटारो* (श्रम गीत) ।

यसरी असार महिनामा गाइने र असार महिनाको वर्णन भएको गीतलाई नै असारे गीत भनिन्छ । नेपाल कृषिप्रधान देश भएकाले असारको महिनामा किसान विशेष गरी

खेतमा व्यस्त हुन्छन् । रूपाकोट क्षेत्रमा पनि त्यो कृषि कर्म सँगसँगै विभिन्न असारे गीत गाउँदै आएको पाइन्छ । प्राय: गरेर पहाडी खेतका गरामा जोतेर हिलो पार्ने हलीहरू, कोदाली चलाउने बाउसेहरू र एक हातमा धानका मुठा लिँदै अर्का हातले रोप्ने रोपाहारको सामूहिक स्वरलहरीले असारको तात्कालीन विषय लिँदा असारे गीत जन्मन्छन् । यिनै असारे कर्ममा गाउँदै यी गीतले जरा फैलाउने मौका पाएका हुन्छन् ।

### ४.६.२ घाँसे गीत

घाँस काट्न जाँदा एक्लै वा दुई तीन जनाको समूहले गाउने गीतलाई घाँसे गीत भनिन्छ । एकान्तमा आफ्ना मनका बह पोख्न घाँस काट्दा काट्दै वा एकछिन बिसाएर घाँसे गीत गाएको पहाडी भेगमा जताततै देखिन्छ । घाँसे गीत छोटा र टुक्रे खालका हुन्छन् । यस्ता गीतमा प्रेम, विरह, व्यङ्ग्य गीतका विषय हुन्छन् । जस्तै रूपाकोट क्षेत्रमा प्रचलित एक टुक्रा घाँसे गीत

*लाको माया छुटेर गयो,*
*के सोचेको जीवनमा के भयो*

*धान झुलेको छ,*
*कहाँ जाऊ कहाँ जाऊँ भइरहन्छ मन डुलेको छ* (श्रम गीत) ।

### ४.६.३ दाइँ गीत

मङ्सिरमा धान काटेर खलामा फिँजारी मियाँमा बाँधेका गोरु दाउँदा गाइने गीतलाई दाइँ गीत भनिन्छ । मियाँका टुप्पामा सिमलचरी बसेको कल्पना गर्दै गाइने दाइँ गीतलाई कतैकतै राशिगीत भनेको पनि पाइन्छ । मध्य र पूर्वी पहाडका गाउँमा धान काटेर खलामा फिँजारी गोरुले धान दाउने वेलामा गाउने गीतलाई दाइँ गीत भनिन्छ । यसलाई राशिगीत पनि भनिन्छ । मङ्सिरमा धान काटेर एक ठाउँमा कुन्यु लगाएर राखिन्छ । गोबरले लिपेर चिल्लो पारेको खलामा कुन्यु ढालिन्छ । खलाका बीचमा गाडेको ठूलो किलोलाई मिँयो भनिन्छ । त्यसैमा लहरै गोरु बाँधिन्छ र छरेको परालसहितको धानमा कुल्चाई दाइँ गरिन्छ ।

दाइँ सकिएपछि धानको रास बनाइन्छ । धानलाई एक ठाउँमा थुप्र्याएर चुलाइन्छ । यसैलाई धानको रास वा राशि भनिन्छ । दयँरो वा खेती गर्ने किसानले आफ्नो कर्मको प्रतिफलका रूपमा चुलिएको धानको रासलाई धूप हालेर देवदेवीको पुकारा गर्दै सह माग्छ ।

दाइँ गीतमा खेत जोतेर अन्न उब्जाउने गोरूप्रति आत्मीयता र कृतज्ञताको भाव प्रकट गरिएको हुन्छ र धानका रासले भकारी भरियोस् भनी कामना गरिएको हुन्छ । रूपाकोट क्षेत्रमा पनि यस गीत प्रचलनमा रहेको छ । यस क्षेत्रमा यसै सन्दर्भमा दाइँ गर्ने दयैँराहरू यसरी गीत गाउने गरेको पाइन्छ ।

*हो हो दाइँ बरदो हो !*
*तारे, झाले, माले हिँड बरदो हो !*
*मियाका टुप्पामा बसिगयो कोईली,*
*आजका दयैँरालाई घिउको चोइली ।....*

òòò òòò òòò

*चम्पा फूल फुल्यो लङ्का पुग्यो बास,*
*पाटीका गोरुको मेरा दाइँ बरदो हो बाटुलो जुरी,*
*आजका रासमा मेरा दाइँ बरदो हो सय साठी मुरी,*
*कोरी बाटी चुलठी त मेरा दाइँ बरदो हो मुठी भरी केश,*
*हिँड्न लाग्यो मेरा दाइँ बरदो हो पुतलीको भेष* (श्रम गीत) ।

यसरी श्रमगीत अन्तर्गत लहरी लाली माई, गोडेलोलगायतका श्रम गीत पनि देशका विभिन्न ठाउँमा गाइने गरेका छन् । रूपाकोट क्षेत्रमा भने ती गीत पाइँदैनन् । रूपाकोट क्षेत्रमा असारे, दाइँ र घाँसे गीतमात्रै प्रचलनमा रहेको पाइन्छ ।

### ४.७ बाह्रमासे गीत

कुनै खास पर्व, ऋतु वा संस्कारको अवसर पर्खनु नपर्ने र बाह्रै महिना मनोरञ्जनका निम्ति गाइने गीतलाई बाह्रमासे गीत भनिएको हो । यस्ता गीत चाडपर्व, संस्कार वा कुनै काम गर्दा पनि कथिन्छन् र गाइन्छन् । यी गीत भने संस्कार वा चाडपर्वका अङ्ग होइनन् । यी गीत कुनै पनि महिनाको कुनै पनि वेला मनोरञ्जनका रूपमा गाइन्छन् ।

बाह्रमासे र बाह्रमासा एउटै गीत हो भन्ने पनि सुनिएको पाइन्छ । तर बाह्रमासे र बाह्रमासामा फरक छ । बाह्रमासा त्यस्तो गीत हो, जसमा बाह्रै महिनाको वर्णन हुन्छ । यस्ता बाह्रै महिनाको वर्णन भएका गीतहरू नेपाली लोकजीवनमा त्यति प्रिय छैनन् । नेपालको तराई र उत्तरभारतका कतिपय भाषामा ऋतुवर्णनसम्बन्धी बाह्रमासा गीतका प्रचलन भेटिन्छन् । यस्ता वर्णनमा प्रायः कुनै नायिकाले नायकसँगको वियोगमा बिताएका

परिस्थितिको चित्रण पाइन्छ । बाह्रै महिनाको वर्णन गरिएका वर्णनात्मक गीतलाई बाह्रमासे भनेको पनि पाइन्छ । प्रयागराज भट्टराई (२०६५) ले यस्ता एउटा बाह्रमासे गीतको परिचय दिएका छन् । उनले उनको गीतमा एउटी नारीले बाह्रै महिनाको पृष्ठभूमिमा आफ्ना परदेश गएका पतिको सम्झना गरेको वर्णन छ । एम.ए. गुरुङ (१९८० इ.) ले पनि बाह्रमासे गीत भनी एउटा बाह्रमासा प्रस्तुत गरेका छन्, तर यो गीत चाहिँ सामान्य अवस्थामा पुरुष वा स्त्रीले गाउने गीत हो (बन्धु, २०७१ : ७२) । बाह्रमासे गीतअन्तर्गत विभिन्न गीत पर्दछन् रूपाकोट क्षेत्रमा प्रचलित रहेका यी गीतलाई निम्नानुसार सङ्क्षिप्त रूपमा यस अध्ययनपत्रमा चर्चा गर्न सकिन्छ ।

### ४.७.१ एकोहोरी गीत

विभिन्न समय सन्दर्भमा एक्लै गाउने गीतलाई एकोहोरी गीत भनिन्छ । लोकगीत सङ्गीतका क्षेत्रमा विभिन्न प्रकारका गीत हुन्छन् । कतिपय लोकगीत डाँडापाखामा घाँस दाउरा काट्न जाँदा, गाईवस्तु चराउन जाँदा आफ्नो विरह व्यथाले भरिएको मनलाई बहलाउनका लागि मनमनै गुनगुनाएर पनि गाउन सकिन्छ । त्यस्तै मनोरञ्जनका लागि वाद्यवादनका सामग्रीसहित पनि लोकगीत गाउन सकिन्छ । एकोहोरी गीत जुनसुकै उमेरका व्यक्तिले गाउन सक्दछन् । यस्ता प्रकारका गीत वाद्यवादनका साधनरहित र सहित दुवै हुन्छन् । एकोहोरी गीत घाँसदाउरा, उकालीओराली, मेलापातलगायतका हरेक समयमा गाउन सकिन्छ । मनोरञ्जन प्रदानता, प्रश्नोत्तर प्रवृत्ति नहुनु, जुनसुकै वेला गाउन सकिनु, वाद्यवादन विना पनि गाउन सक्नु एकोहोरी गीतका प्रवृत्ति हुन् । उदाहरणका लागि एकोहोरी गीत :

*कर्म मेरो बिग्रदै गइरा'छ*
*शत्रुरलाई भने झैं भइरा'छ*
*लाकुरीको बोट, दुई दिनको जीवनमा पऱ्यो साह्रै चोट ।*

यसैगरी एकोहोरी गीतमा छाडेर जाने मायालुको सम्झनालाई लिएर पनि रूपाकोट क्षेत्रका युवायुवतीले गीत गाउने गरेको पाइन्छ । जसको एक टुक्रा यस प्रकार छ :

*जता टेक्छु उहीँ पहिरो जानी*
*को छ मेरो कट्क्कै मन खानी*
*चोली मलमलको भूमरीमा पारेर जानीको आउँछ झझल्को ।*

यसरी एकोहोरी गीतमा विभिन्न विरह, वेदनालाई व्यक्त गरेर गाउने गरेको पाइन्छ । जसका कारण गाउने व्यक्तिको मन शान्त हुने गरेको पाइन्छ ।

### ४.७.२ दोहोरी गीत

दुई व्यक्ति अथवा समूहका बीच गीतैमा गरिने सवाल-जवाफलाई दोहोरी गीत भनिन्छ । यो प्रायः युवायुवती तथा युवकयुवतीको समूहका बीच हुने गर्दछ । यो गीत नेपालका विभिन्न क्षेत्रमा प्रचलित छन् । रूपाकोट क्षेत्रमा पनि यस गीत निकै प्रचलनमा रहेको छ । प्रश्नोत्तरका रूपमा प्रस्तुत हुने धेरै थरीका अरु गीत पनि छन् तर तिनलाई दोहोरी भनिँदैन ।

दुई व्यक्तिका बीचमा हुने दोहोरीमा प्रायः परिचयबाट शुरू हुन्छ र प्रेमको प्रसङ्ग ल्याएर ख्यालठट्टा गरिन्छ । खेतमा अथवा बारीमा काम गर्दा, चाडपर्वमा जाग्राम बस्दा, रोदीघरमा र जात्रामा दोहोरी गाएको सुनिन्छ । दोहोरी खेल्ने कुरामा प्रसिद्धि पाएका व्यक्तिमा कर्पुटारका देउबहादुर दुरा र पञ्चे सुब्बाको नाम लिइन्छ । दोहोरी गीतको भाका पूर्वपरिचित भए पनि गीतका गेडाहरू, शब्दावली र अभिव्यक्ति नयाँ हुन्छन् । प्रश्न र उत्तर दुवै एउटै लय र शैलीका गीतमा प्रस्तुत गर्नुपर्ने हुन्छ । यो कार्य कुनै स्रस्टा कविको रचना जस्तै हुन्छ । जस्तै : दोहोरी गीतको एक नमूना

केटा : *भेटेपछि छोड्नै मन ला'छैन्,*
*भन घरबार भा'छ कि भा'छैन*
*छिनको छिनैमा*
*भेट भो माया के भनी बोलाउनी पहिलो दिनैमा ।*

केटी : *तिमी मेरो नपर्नु भरमा*
*बालबच्चा नि छन् मेरो घरमा*
*छिनको छिनैमा*
*भेट भो माया के भनी बोलाउनी पहिलो दिनैमा ।*

यसैगरी युवायुवतीको देखादेखको सन्दर्भ मात्रै होइन । दोहोरी गीतमा विवाहिता एक जोडी छुट्टिटनु पर्दाको पीडालाई पनि अभिव्यक्त गरेर रूपाकोट क्षेत्रमा दोहोरी गीत गाएको पाउन सकिन्छ । जुन गीतको एक टुक्रा यस प्रकार छ :

केटा *जान्छु विदेश उठेर राती*

*तिम्लाई सम्झि चिरिन्छ यो छाती*
*फूलको बासना*
*मन्मा पीर परेनी मायालु मुसुक्क हासन ।*

केटी *मेरो माया मुग्लानको मुलुक*
*देख्न पाए झैँ हुन्छ झुलुक्क*
*फूलको वासना... ।*

केटा *मलाई विदेश जानै मन थिएन*
*साहुको ऋणले घर बस्न दिएन*
*फूलको वासना... ।*

केटी *नजाऊ प्यारा हङकङ र मलाय*
*सुन उब्जन्छ यहीँ माटो चलाए*
*फूलको वासना...*

*(राजकुमार तामाङ र सावित्री गौतम)* ।

यसरी दोहोरी गीतमा पनि शृङ्गारिक प्रेमदेखि विरह, वेदना र आफ्ना मनका कुण्ठालाई अभिव्यक्त गरेर गीत गाउने गरेको पाइन्छ ।

### ४.७.३ झ्याउरे गीत

बाह्रै महिना गाइने नेपाली भाषाको सबभन्दा लोकप्रिय र मनोरञ्जनप्रधान गीतको नाम झ्याउरे हो । झ्याउरे लोकगीतका साथ मादलको तालमा पनि नाचिन्छ । निश्चित कार्यसँग सम्बद्ध नभएका सबैजसो मनोरञ्जनप्रधान गीतलाई झ्याउरे भनिन्छ । झ्याउरे भनेको खास गरी पाँचौँ, दशौँ र पन्ध्रौँ अक्षरमा अडान हुने लयको गीत हो । बाह्रै महिना गाइने भए तापनि झ्याउरे गीतहरू काममा जाँदा, कामबाट फुर्सद पाएको वेलामा र चाडपर्वमा भेला हुँदा गाइन्छ । अन्य गीतहरू गाएका वेलामा पनि बीचबीचमा मनोरञ्जनका निम्ति झ्याउरे गीत गाउने गरेको सुनिन्छ । नेपालको धेरै क्षेत्रमा फैलिएको र नेपाल बाहिरको नेपाली समाजमा पनि लोकप्रिय रहेको हुनाले झ्याउरे गीत नेपाली लोकगीतमा विशिष्ट स्थानमा रहेको देखिन्छ ।

नेपाली लोकसाहित्यका विद्वान् कालीभक्त पन्तले झ्याउरे गीतको विकासमा गोऱ्या सिरस र मनवीर खत्रीको योगदानको चर्चा गरेका छन् । यिनीहरूले नेपाल युद्धका वेलामा कुमाउँ र गढवालामा सिकेका लोकगीतका भाकालाई आफ्ना घर फर्कंदा ल्याएका थिए भनेका छन् । बाग्लुङ फर्केपछि यिनीहरूले नै झ्याउरेको विकास गरी यसलाई फैलाएको भनिन्छ । गोऱ्या सिरस मानवीर खत्रीका समयमा गाइएको पहिलो झ्याउरेको नमूना यस प्रकार छ

*खानीको पुट रानीको पुट*
*हाईगोरी, आढि बालो खान्या हो ।*
*लाम् जान्या वेला न पिछ्याउ चेला*
*फेरि पाली रानो (त) लान्या हो ।*
*सुर्ती हाल्या जाबी बासा*
*किन्यो कि किन्यान- सै*
*बाला दिन्मा सँगै खेल्थ्यो*
*चिन्यो कि चिन्यान - सै*
*तल रिङ्गो सिँगारु त*
*माथि रिङ्गो बिगो - ना*
*एकै गाउँको रस्ती बस्ती*
*नचिन्नु क्या थियो - ना'*
*पितलु काटी मर्चुङ्गा मेरो - सालीज्यु*
*बाटै र - बजुँला*
*गमनु वेला नयारो चेला- सालीज्यू*
*साथै- र लैजुँला* (पन्त, २०२८) ।

झ्याउरे गीत र यसका छन्दबारे विद्वान्का बीचमा एकमत छैन । विभिन्न व्यक्तिले विभिन्न थरीका छन्दलाई झ्याउरे भनेको देखिन्छ । झ्याउरे गीत विभिन्न ठाउँमा विभिन्न भाकामा गाएको सुनिन्छ । मादलको तालमा गाइने झ्याउरे गीतको प्रचलन मध्य-नेपालको पहाडी क्षेत्रमा विशेष रूपले देखिन्छ । एक्लै वा दोहोरीका रूपमा यो नृत्यका साथ पनि प्रस्तुत हुन्छ । विभिन्न भाकामा गाइने झ्याउरे गीतहरू भाकाकै नामले चिनिन्छन् । नेपाली साहित्यमा लोकसाहित्यबाट लिइएका झ्याउरेका विभिन्न छन्दको प्रयोग पाइन्छ । लहरी

काव्यकै रचनाको सिलसिलामा 'प्रेमलहरी' (१९६९), 'आनन्दलहरी' (१९७३) र 'मनलहरी' (१९८०) मा झ्याउरे लयको प्रयोग भेटिन्छ । महाकवि देवकोटाले आफ्नो सर्वश्रेष्ठ कृति 'मुनामदन'मा सोह्र अक्षरकै झ्याउरे छन्दको प्रयोग गरेका छन् । 'मुनामदन'को प्रकाशनपछि झ्याउरे छन्दको प्रयोग नेपाली साहित्यमा व्यापक रूपमा भएको देखिन्छ । शास्त्रीय छन्दको प्रयोग पनि नेपाली साहित्यमा भएको छ । केही अरु लोकछन्दको प्रयोग पनि भएको छ । तर नेपाली साहित्यमा झ्याउरेले लिन सकेको विस्तार र उँचाइ अरु छन्दहरूले पाउन सकेका छैनन् । शास्त्रीय छन्द र आधुनिक गद्य कविताकै हाराहारी लोकछन्दले र खासगरी झ्याउरेले नेपाली साहित्यमा स्थान प्राप्त गर्नु नेपाली साहित्यकै खास विशेषता हो ।

नेपाली समाजमा ठूलो क्षेत्र ओगटेका विभिन्न भाका र लयहरूलाई आत्मसात् गरी अभव्यिक्तिको विस्तार र उँचाइसमेत लिएको झ्याउरे गीतलाई नेपाली लोकगीतकै प्रतिनिधिका रूपमा स्विकारिनु युक्तिसङ्गत नै देखिन्छ । महाकवि देवकोटा र अरु नेपाली कविहरूले प्रयोग गरेको छन्दलाई पनि झ्याउरे नै भन्नु उचित छ । हेरौं रूपाकोट क्षेत्रमा प्रचलित झ्याउरे गीतको एक नमूना :

*घर वुनाको बुँटे चोली मलमलको माया*
*चन्द्र मुहार तिम्रो रूप जूनको शीतल छाया*
*च्याप्प बागलुगे माया भेटियो पोखरा*
*आउन छेउमा बस मेरो भन्नी को छ र ?*

*एक्लो वर चौतारीमा पिपल भेटिएन्*
*मयाले मन पोल्न थाल्यो शीलत भेटिएन*
*च्याप्प बागलुगे माया ...।*

यसरी रूपाकोट क्षेत्रमा झ्याउरे गीत गाउने गरेको पाइन्छ । झ्याउरे छन्दलाई नै छोटो, मध्यम र लामो गरी तीन प्रकारमा छुट्याइन्छ । रूपाकोट क्षेत्रमा पनि यस्तै खालका झ्याउरे गीत पर्याप्त मात्रमा गाउने गरेको पाइन्छ । जुन गीतलाई परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

### ४.७.४ बालगीत

साना-साना बालबालिकालाई भुलाउन विभिन्न प्रकारका गीत गाउने गरिन्छ । तीनै गीतलाई बालगीत भनिन्छ । यस्ता गीत बालबालिकालाई फकाउनका लागि, उनीहरूको मन प्रफुल्ल पार्नका लागि गाउने गरिन्छ । कतिपय बालगीतमा वाद्यसामग्री र कतिपयमा शारीरिक हाउभाउ प्रस्तुत गर्ने गरिन्छ । जुन गीतका माध्यमबाट साना बाबुनानीलाई नैतिक आचरण र अनुशासनको पाठ सिकाउने उद्देश्य पनि राखिएको हुन्छ । कतिपय बालबालिकाले खाना नखाने गरेमा पनि यस्ता गीत गाएर उनीलाई खुसी पार्दै खाना खुवाउने गरिन्छ ।

बालगीत बालबालिकाको मनोविज्ञानसँग सम्बन्धित भएर गाइने गीत हो । बालगीतले पनि लोक संस्कृति र नेपाली लोकसाहित्यको फाँटलाई धनी बनाउन बल पुऱ्याएको छ । नेपालको जुनसुकै स्थानमा बालगीत भेटिन्छन् । बालगीतमा सरलपन र छिटो छरितोपन पाउन सकिन्छ । मनोरञ्जनमूलक सन्दर्भ, सामाजिक विषयवस्तु, भावगत विविधता, बालभाषाको प्रधानता, स्थायी अन्तरा र थेगोको प्रयोगलगायतका विविधता यी गीतमा पाइन्छ । वर्णनात्मक शैलीको प्रयोग, मनोरञ्जनको प्रधानता, बालबालिकाका निम्ति गाउनु, संरचनागत अनेकता जस्ता पक्ष नै बाललोकगीतका विशेषता हुन् (न्यौपाने, २०७०:६६) । यस प्रकारका बाल गीत एक्लै पनि गाउन सकिन्छ र समूहमा पनि गाउन सकिन्छ । जस्तै एक्लै गाउन सकिने बालगीत

*कुखुरी काँ*
*बासी भात खाँ*
*खोइबासी भात*

*ताराबाजी लै लै*
*मामा आए घोडा*
*माइज्यू आइन् डोली*
*पापा ल्याइन् सोली ।*

यसप्रकारका बालगीत जुनसुकै समयमा गाउन सकिन्छ । गीतले बच्चा वयष्क र वृद्ध केही पनि भन्दैन । गीतमा यस्तो सामर्थ्य हुन्छ, जसमा अभिव्यक्त गीति लय र त्यसमा प्रयोग भएको आन्तरिक संगीतको लयले मन्त्रमुग्ध पारी दिन्छ । त्यसैले लोकगीतको संरक्षण, लोक परम्परालाई जीवन्त राख्न बालगीतको उत्तिकै महत्त्व रहेको छ ।

### ४.७.५ ख्याली गीत

हाँसखेलका रूपमा व्यक्त युवायुवतीको सरस र प्रेमपूर्ण अभिव्यक्तिलाई ख्याली भनिन्छ । ख्याली विशेषगरी भेरी, गण्डकी र लुम्बिनी अञ्चलमा प्रचलित छ । छोटो र सरस अभिव्यक्तिलाई चुड्के ख्याली भनिन्छ । यो भक्तिप्रदान चुड्के भजनको शैलीसँग मिल्छ । तापनि यसको विषयवस्तु र अमोदप्रमोद प्रेम नै हुन्छ । यसलाई स्याङ्जा र गुल्मीतिरका मगरहरूको समाजमा रोईला भनिन्छ । मध्यपहाडी क्षेत्रको पाल्पा, गुल्मी र स्याङ्जाका बाहुन, क्षत्री तथा मगरहरूको समाजमा रोइला गीत निकै लोकप्रिय छ । रोइलामा स्थायी र अन्तरको भेद हुँदैन अर्थात् गीतमा कुनै दोहोऱ्याउने अंश हुँदैन । यो क्रमिक रूपमा अघि बढ्दै जान्छ । ठाउँ अनुसारका यसका भेदहरू पनि छन् । स्याङ्जामा रोइला भनिने यस्ता गीतलाई पाल्पाका केही ठाउँमा चुड्का पनि भनिन्छ । रूपाकोट क्षेत्रमा पनि विभिन्न समय सन्दर्भमा ख्याली गीत गाउने गरेको पाइन्छ ।

### ४.७.६ सालैजो गीत

नेपाली लोकगीत अन्तर्गत सालैजो बाह्रमासे गीत हो । सालैजो गीतलाई लोकगीतको पृथक भाकाका रूपमा लिने गरिन्छ । यो गीत लोकसाहित्यको प्राचीन सम्पदाका रूपमा रहेको छ । यो गीत विशेषगरी नेपालको पश्चिमाञ्चल क्षेत्रमा प्रचलित रहेको छ । यो गीत गुरुङ र मगर जातिका ठिटा–ठिटी साथै बूढाबूढीले मनोरञ्जनका लागि गाउँछन् । गीतको टुक्कामा सालैजो थेगो प्रयोग गरेर गाइने गीत भएकै कारण यसलाई सालैजो भनिएको हो ।

सालैजो थेगो प्रयोग गर्दै गाइने यस गीतको सालैजो शब्द 'साली' र 'ज्यू' शब्दको मेलबाट निर्मित भएको हो । विशेष गरी गुरुङ र मगर जातिमा प्रचलित यस गीतको गायनमा महिला सहभागिता भए पनि पुरूषको सक्रियता बढी हुन्छ (न्यौपाने, २०७० : ४०) पहिल्यै-पहिल्यै हरेक साँझ रोधीघरमा साली भेनाको सम्बन्धलाई प्रगाढ बनाउन र हृदय खोलेर रमाउन सालैजो घन्कने गर्थ्यो । यसका साथसाथै कुनै चाडपर्व, मेलाजात्रा, हाटबजार आदिको सु-अवसरमा पनि सालैजो गीत गाइने गरिन्छ ।

बाह्रै महिना जुनसुकै वेला गाइने भएकाले यस गीतलाई बाह्रैमासे गीत अन्तर्गत राख्ने गरिएको छ । यस गीतको गायनमा मादल बाजा प्रयोग हुन्छ । नेपालका चर्चित गीत मध्येको एउटा गीत सालैजो गीत हो । गुरुङ तथा मगर जातिका मानिसले गाउने

मनोरञ्जनमूलक बाह्रमासे गीत सालैजो गीत हो भन्न सकिन्छ । रूपाकोट क्षेत्रमा पनि यो गीत प्रचलनमा रहेको पाइन्छ । जस्तै हेरौं रूपाकोटमा प्रचलित एक टुक्रा सालैजो गीत

*बाटोमा मुनि दमै दाइको घर सालैजो*
*बजायो ढोलकी*
*आजको जस्तो रमाइलो दिन सालैजो*
*भोलि नि होला कि ?*

### ४.७.७ रोइला गीत

बाह्रमासे गीत अन्तर्गत पर्ने अर्को गीत रोइला गीत हो । यो गीत पश्चिमाञ्चल क्षेत्रको गुल्मीबाट उत्पत्ति भएको भानिन्छ । यो गीत रूपाकोट क्षेत्रमा पनि उत्तिकै चर्चित र मनोरञ्जनात्मक बन्न पुगेको छ । रोइला पनि चुट्काकै एउटा प्रकार हो । यस गीतलाई भजन, कीर्तनकै अवसरमा गाइने हुनाले यसलाई रोइला भजन पनि भनिन्छ । रोइला गीत बढी जुहारीका रूपमा गाउने गरिन्छ । यी गीतले बढी शृङ्गारिक भाव बोकेका हुन्छन् । आँधिखोलाको लोक जीवनमा भिजेर हुर्कँदै आएको हुनाले यस रोइला गीतलाई आँधिखोले रोइला पनि भन्ने गरको पाइन्इछ । रोइला खासगरी चुड्का रोइला र सामान्य रोइलाका रूपमा प्रचलित छन् । गीतका प्रत्येक चरण प्रायः छ वा सात अक्षरमा फैलिएका हुन्छन् । गीतलाई लयात्मकताको ढाँचामा ढाल्दा प्रत्येक चरणको समाप्तिपछि केही बेर अर्को चरणको अलाप तान्ने गरिन्छ । चुड्का जस्तै तीन पाउको गीतमा भनिने रोइलाको पुरै संरचनालाई प्रायः उन्नाइसदेखि एक्काइस अक्षरमा संयोजित गरिन्छ । स्थायी र अन्तराको भेद नहुनु, गाउँदा गाउँदै अघि बढ्दै जानु, खैंजडी मुजुराको तालमा गाइनु यसका विशेषता हुन् । रोइला गीतलाई दोहोरीको रूपमा पनि गाउन सकिन्छ । रूपाकोट क्षेत्रमा प्रचलित रोइला गीतको एक टुक्का यहाँ यसरी प्रस्तुत गर्न सकिन्छ ।

*केटा : पारी वन पालेमा*
*अग्लो रुख टुनियो*
*यतै बसे हुनी हो ।*
*केटी : बस्न मन त थियो*
*कुरा काट्छन् अरुले*
*घर बिगार्नेहरूले ।*

## ४.८ निष्कर्ष

नेपाली लोकगीतका आफ्नै मौलिक विशेषता छन् । सोही कारणले लोकमा प्रिय भएर बसेको छ । यस्तै गरेर रूपाकोट क्षेत्रका लोकगीतका विशेषता पनि त्यसैसँग मिल्दाजुल्दा छन् । जाति र स्थान विशेषमा लोकगीतका आ-आफ्ना मौलिक पहिचान थपिए तापनि सबैको आसय एउटै फेला पर्छ ।

लोकगीत लोकको गीत भएका कारणले गर्दा यसमा सामाजिक जीवनको चित्रण जस्ताको तस्तै अभिव्यक्त भएको छ । सामाजिक जीवन सँगसँगै त्यसमा आर्थिक जीवनको चित्रण पनि भएको हुन्छ । लोक गीत हाम्रा संस्कार र संस्कृति संरक्षणका धरोहर हुन् त्यसैले गर्दा यी गीतमा सांस्कृतिक एवं धार्मिक जीवनको चित्रण उत्तिकै मात्रमा भएको पाइन्छ । साथसाथै, लोकगीत लोक समाजको ऐना भएका कारण यी गीतमा प्राकृतिक र कृषि जीवनको चित्रणसमेत पाइन्छ । नेपाल कृषि प्रधान देश भएका कारण यहाँका गीतमा कृषि जीवनको वास्तविक मुहार देख्न पाइन्छ ।

यसरी सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक, शैक्षिक, धार्मिक सँगसँगै लोकगीतमा प्रेम र विरहको अभिव्यक्ति पनि उत्तिकै मात्रमा अभिव्यक्त भएको हुन्छ । नवयौवना जोडीको प्रेम र विरह वेदनामा परेका परिवारको वेदना पनि लोकगीतमा पाइन्छ । यी लोकगीतमा अभिव्यक्त गीतका भाव र विषयवस्तु हुन् । यसैकारण लोकगीतमा जिन्दगीको कठोर भोगाइ अभिव्यक्त भएको हुन्छ । जवानीको प्रेम अभिव्यक्त भएको हुन्छ । मायालुसँगको विछोड अभिव्यक्त हुन्छ । प्रियजनसँगको वियोगको वेदना अभिव्यक्त हुन्छ । यस्तै यथार्थका विविध पक्षलाई समेटी  लोकगीत गाइदै आएका छन् । रूपाकोट क्षेत्रका गीतमा पनि यिनै पक्ष अभिव्यक्त भएका छन् । यस क्षेत्रका गीत चाहे ती धार्मिक, पर्व, कर्म, संस्कार र बाह्रमासे किन नहुन् । सबै हिजोदेखि नै मौखिक परम्परामा जीवित रहदै आएका गीत नै गुन्गुनाएको पाइन्छ । तिनै लोकगीतले हाम्रो लोकभाषाको संरक्षण गरेका छन् । एक पुस्ताबाट अर्को पुस्तामा पुस्ता हस्तान्तरणको श्रेय लिएका छन् । त्यो मात्र होइन, मनोरञ्जन पनि प्रदान गरेका छन् । यसर्थ लोकगीत लोकजीवनको सजीव चित्र हो । त्यही चित्रमा हामीले हाम्रो संस्कार र संस्कृतिलाई नियालेर त्यसको रक्षा गर्नु वर्तमानको आवश्यकता भएकाले थोरै भए पनि टेवा पुगोस् भन्ने हेतुले रूपाकोट क्षेत्रका गीतको अध्ययन यस अध्ययनपत्रमा गरिएको छ ।

# पाँचौ परिच्छेद

# उपसंहार तथा निष्कर्ष

## ५.१ सारांश

लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीत सबैभन्दा कर्णप्रिय विधा हो । श्रुति परम्परामा जीवित स्वतःस्फूर्त लयात्मक तथा गेयात्मक अभिव्यक्ति नै लोकगीत हो । यसमा मानव जीवन तथा लोकजीवनमा भोग्नु परेका हर्ष-विस्मात्, दुःख-सुख, घात-प्रतिघात जस्ता परिस्थिति प्रतिविम्वित भएका हुन्छन् । लोकगीतले लोकसंस्कृतिलाई जीवन्त बनाएका छन् । लोकगीतमा शीर्षक, संरचना, लय, भाषा, गेयता, कथनपद्धति, भावजस्ता तत्त्व समावेश भएका हुन्छन् । यसमा रचयिता अज्ञात हुनु, मौलिक र स्वभाविक हुनु, कथनमा विविधता ल्याएर उपदेश दिने खालका हुनु, सामाजिक पृष्ठभूमिमा रहेर धार्मिक तथा सांस्कृतिक छाप बसाल्ने सामर्थ्य हुनु लोकगीतका विशेषता मानिन्छन् । लोक गीतलाई लयका आधारमा, सहभागिताका आधारमा, प्रकार्यका आधारमा, क्षेत्रीय आधारमा, जातीय आधारमा र विषयका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । तथापि विषयका आधारमा गरिएको वर्गीकरण बढी वैज्ञानिक मानिन्छ ।

प्रस्तुत **रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन** शीर्षकको अध्ययनपत्र तयार गर्ने क्रममा सम्बन्धित क्षेत्रमा गएर सांस्कृतिक क्षेत्रमा क्रियाशील व्यक्ति, लोकगीत गाउन रुचि भएका लोकगीतका अनुरागी तथा पारखीसँग भेट गरेर छलफलसमेत गरी विभिन्न गीतहरू सङ्कलन गर्ने कार्य गरिएको छ । यस क्षेत्रमा विभिन्न जातजातिका मानिस बसोबास गरे तापनि उनीहरूमा धार्मिक सहिष्णुता पाउन सकिन्छ । हिन्दू धर्म मान्नेले दसैं, तिहार, पुसे पन्ध्र, माघेसंक्रान्ति, चैतेदसैं, वैशाखको संक्रान्ति, साउने संक्रान्ति, कृष्ण जन्माष्टमी, तीज, आदि चाडवाड मनाउने गर्दछन् । यसैगरी, बौद्ध धर्म मान्नेहरूले ल्होछार, वैशाखे पूर्णिमा र कोही कोहीले दसैं तीजजस्ता पर्व पनि मान्ने गरेको पाइन्छ । धार्मिक, सांस्कृतिक, पर्यटकीय, सामाजिक र लोकसाहित्यका दृष्टिले यो क्षेत्र महत्त्वपूर्ण मानिन्छ । तर पनि पहिले र हालका स्थानीय कलाकार, लोक कला, लोक संस्कृति, लोक संस्कारका बारेमा खोजमूलक कार्य हुनसकेको छैन । खोजमूलक कार्य नभए पछि त्यसको लिखत आधार फेला पार्न गाह्रो हुन्छ । सोहीकारण यहाँका लोकगीतको आवश्यक संरक्षण हुन सकेको देखिँदैन ।

यसक्षेत्रमा गाइने गीत बाह्रमासे अन्तर्गतका भ्याउरे, एकोहोरी तथा दोहोरी, रोइला, सालैजोलगायतका विभिन्न गीत पर्दछन् । धार्मिक गीत अन्तर्गत विभिन्न धार्मिक

कार्यक्रममा गाइने भजन पर्दछन् । संस्कार गीतमा रत्यली प्रमुख रहेको छ । त्यसैगरी श्रमगीतमा असारे, दाइँ गीत आदि पर्दछन् भने पर्वगीत अन्तर्गत तीजे गीत, देउसी र भैलो पर्दछन् । यी सबै प्रकारका गीत यस क्षेत्रमा प्रचलनमा पाइन्छन् । यी सबै गीतमा यस क्षेत्रको सामाजिक, सांस्कृतिक, आर्थिक, प्राकृतिक सबै क्षेत्रको चित्रण भएको पाइन्छ ।

रूपाकोट क्षेत्रका लोकगीतको अध्ययन गर्ने क्रममा यस अध्ययनपत्रलाई विभिन्न पाँच शीर्षक र उपशीर्षकमा विभाजन गरेर पूर्ण गरिएको छ । अध्ययनपत्रको पहिलो परिच्छेदमा अध्ययन परिचय राखेर त्यसका विभिन्न उपशीर्षकमा पूर्ण गरिएको छ । यसैगरी अध्ययनको दोस्रो परिच्छेदमा रूपाकोट क्षेत्रको चिनारी प्रस्तुत गरिएको छ । यसैगरी, तेस्रो परिच्छेदमा लोकसाहित्यको विवेचना गरेर लोकसाहित्यका उपविधा, यसका शाखा, प्रशाखा, विशेषता, तत्त्वलगायतका उपशीर्षक राखेर यस पच्छिेदलाई पूर्ण गरिएको छ । यसैगरी अध्ययनपत्रको सबैभन्दा महत्त्वपूर्ण परिच्छेद चारमा रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन गरी ती गीतलाई धार्मिक, कर्म, श्रम, पर्व, बाह्रमासे गीत जस्ता विभिन्न उपशीर्षकमा विभाजन गरी यस परिच्छेदलाई पूरा गरिएको छ । अध्ययनपत्रको पाँचौं परिच्छेदमा उपसंहार तथा निष्कर्ष प्रस्तुत गरिएको । जसमा अध्ययनको सारांशका साथै केही सुझावलाई पनि प्रस्तुत गरिएको छ । यस्तै, परिशिष्ट खण्डमा रूपाकोट क्षेत्रमा प्रचलित लोकगीतलाई सङ्गृहीत गरेर यस अध्ययनलाई पूर्ण गरिएको छ ।

## ५.२ निष्कर्ष

नेपाली लोकसाहित्यको महत्त्वपूर्ण विधा लोकगीत मानव जीवनको अभिन्न अंग हो । लोकगीतमा जीवनका उकाली-ओराली, दुःख-सुख, हासो-रोदन सबै लोकगीतमै समावेश भएको पाइन्छ । त्यो मात्रै होइन, यसमा विकासका कुरा पनि पाइन्छन् । विनास र विकृतिका सन्दर्भ पनि लोकगीतमा पाउन सकिन्छ । यसैले गर्दा लोकगीत एक सचेत नागरिकका लागि ऐना हो । ऐनामा जस्तो देखिन्छ प्रतिबिम्ब पनि त्यही प्रस्तुत हुने गर्दछ ।

समयको परिर्वतनसँग लोकगीतका विषयवस्तु, भाका, लय र शब्दमा पनि परिवर्तन आएको पाइन्छ । श्रुति परम्पराबाट विस्तारित लोकगीत अहिले आधुनिक प्रविधिले जहाँ र जुनसुकै समयमा पनि सुन्न सकिने भएको छ । हिजोका मौलिक लोक संस्कार र संस्कृति बोकेका गीत कानकानमा गुञ्जन पुगे तापनि त्यसमा हिजोको जस्तो मौलिकता पाउन सकिँदैन । यो जटिल समस्याका रूपमा देखिएको छ । लोकगीतको परम्परा र यसको विकास

सँगसँगै समय र समाजमा आएको परिवर्तनले लोकगीतका विषयवस्तु बदलिँदै गएका छन् । यस तथ्यलाई नकार्न सकिँदैन । सोही कारण रूपाकोट क्षेत्रका लोकगीतको अध्ययन गरे पश्चात् प्राप्त केही सुझावलाई प्रस्तुत गर्न आवश्यक देखिन्छ । किनकि पछिल्लो पुस्ता लोकगीतको संरक्षणमा लाग्न सकिरहेको अवस्था छैन । त्यसैले अबको पुस्तालाई हाम्रा लोकसंस्कार, संस्कृति, परम्पराको संरक्षणका लागि प्रोत्साहित गर्न आवश्यक देखिन्छ । पछिल्लो समय हाम्रा मौलिक गानाबजाना लोप हुने अवस्थामा पुगेका छन् । अब मादल, खैंजडी, मुजुरा, बाँसुरी, सारङ्गी जस्ता मौलिक लोकबाजाको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ । लोकगीतका नाममा अनेक विकृति र विसङ्गति भित्रिएका छन् । त्यसलाई अन्त्य गर्नका लागि पहल चाल्दै नेपाली लोक संस्कार, संस्कृतिको संरक्षण र संवद्धनमा टेवा पुग्ने खालका अध्ययन र अनुसन्धान आवश्यक देखिन्छ । त्यो हुन सक्यो भने मात्र लोकगीतको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुन सक्छ । नत्र कालान्तरमा हाम्रा लोकगीत लोप नहोलान् भन्न सकिन्न ।

# सन्दर्भ सूची


अज्ञात, कपिल (२०६७), **नेपाली लोकसाहित्य प्रवृत्ति र अन्वेषण**, काठमाडौं : शब्दार्थ प्रकाशन ।

कर्मा, लीलासिंह (२०२३), **हाम्रो लोकसाहित्य,** काठमाडौं : साझा प्रकाशन ।

कोइराला, शम्भुप्रसाद (२०५६), **लोकसाहित्य : सिद्धान्त र विश्लेषण**, विराटनगर : धरणीघर पुरस्कार प्रतिष्ठान ।

गिरी, जिवेन्द्रदेव (२०५७), **लोकसाहित्यको अवलोकन,** काठमाडौं : एकता बुक्स प्रकाशन ।

गौतम, असफल (२०७२), *'लोकसाहित्य र सेतीको लहर लोककथाको अध्ययन',* **यात्रा** (वर्ष/अङ्क ६, पृ.३०२-३०७), पोखरा : यात्रा प्रकाशन समूह ।

जोशी, सत्यमोहन (२०१४), **हाम्रो लोकसंस्कृति,** काठमाडौं : रत्न पुस्तक भण्डार ।

थापा, धर्मराज (२०१६), **मेरो नेपाल भ्रमण,** पोखरा : लेखक स्वयम्

............... (२०२०), **हाम्रो लोकगीत,** काठमाडौं : रेडियो नेपाल ।

................ (२०२१), *'नेपाली लोकगीत र नाच',* **भानु** १, (पृ.४२) काठमाडौ **:** भानु प्रकाशन ।

................... (२०३०), **गण्डकीको सुसेली**, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थापा, धर्मराज र सुवेदी हंसपुरे (२०४१), **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, कुसुमाकर (२०४४), **पैंयूखोले लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण,** काठमाडौं : त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

......................... (२०७०), **नेपाली लोकगीत**, पोखरा : फिस्टेल पव्लिकेशन प्रा.लि. ।

पन्त, कालीभक्त (२०२८), **हाम्रो सांस्कृतिक इतिहास,** काठमाडौ : सिर्जना प्रिन्टर्स

पराजुली, कृष्णप्रसाद (२०५७), **नेपाली लोकगीतको आलोक,** काठमाडौं : रत्न पुस्तक भण्डार

पराजुली, ठाकुर (२०५६), **नेपाली साहित्यको परिक्रमा,** काठमाडौं : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य,** काठमाडौ : एकल बुक्स प्रकाशन ।

शर्मा वसन्त (२०५७), **नेपाली शब्दसागर**, काठमाडौं : भाभा पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल (२०६३), **लोकवार्ता विज्ञान र लोकसाहित्य,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

परिशिष्ट खण्ड

# रूपाकोट क्षेत्रमा प्रचलित लोकगीत

## १. धार्मिक गीत



**स्रोत**
नाम : सीता पंगेनी
वर्ष : ४०,
ठेगाना : रूपाकोट-६

### १.१ चुडका भजन

कोटी नमस्कार,
देउता जति सबैलाई, देउता जति सबैलाई ।
शंख धुनी लगाए
कैलाशैमा शिवले, कैलाशैमा शिवले ।
रामको फूलबारीमा
छड्के हान्यो मृगले, छड्के हान्यो मृगले ।
छल हो रामैको
हैन मृग सुनको, हैन मृग सुनको ।
मैले चिनिनकि
रामकी सीता हैनन् कि रामकी सीता हैनन कि ।
रामलाई बनीबास
भरतलाई रँजाई, भरतलाई रँजाइँ ।
भाइ लक्ष्मन
रामकै सेवक हुनु भो, राम कै सेवक हुनु भो ।
राम सिकार खेल्दै
सीता लग्यो रावणले, सीता लग्यो रावणले ।

❖❖❖

## १.२ भजन

रामलाई फूलको माला, सीता तिम्लाई सिन्दुर
रामले भाँचे धनु, सीता तिम्लाई के भनु
उही फूलको माया, उही फूलको तोरन
छोप मायालुले, फूल बगायो नदीले

मै छु किनारैमा, फूल बगाउन के दिम्ला
मलाई यसै जाती, गंगाजीलाई फूलपाती
धर्म आधा-आधा, हुन्छ कि हुन्न ए राधा
भाका बेग्ला बेग्लै, दुई खोलीको पानीले

भाका फेर्यौं दाइले, डाली फेर्यो न्याउलीले
हुँदैन हजुर, विना धनको धरिम
जामला वैकुण्ठैमा, नाँच्दै गाउँदै बजाउँदै
वैकुण्ठ धाममा, सकमला कि पुगम्ला
राम्रै बाटो खने, स्वर्ग जाने हो भने ।

❖❖❖

## १.३. आरती भजन



**स्रोत**

नाम : दमन्ती गौतम

वर्ष : ४५, ठेगाना :

ठेगानाः रूपाकोट-६

ॐ जय जगदीश हरे, प्रभु जय जगदीश हरे ।
प्रभुका चरण उपाशक कति कति पार तरे ।
ॐ जय जगदीश हरे ।
मनको थाल मनोहर प्रेम रूपवती, प्रभु प्रेम रूपवती
भावक पुरुष मंगल [२], आरती सब भाती
ॐ जय जगदीश हरे ।
नित्य निरञ्जन निर्मल कारण अभिनाशी, प्रभु कारण अभिनाशी
शरणगत प्रतिपालक[२] , छिनमै सुखराशी
ॐ जय जगदीश हरे ।
सृष्टि स्थितिलय कर्ता त्रिभूवनका स्वामी
प्रभु त्रिभूवनका स्वामी
भक्ति सुधा वर्षाउ[२], शरण पर्यौ हामी
ॐ जय जगदीश हरे ।
असुर भाव निवारक तारक सुख दाता, प्रभु तारक सुखदाता
गुण अनुरूप तिमी हौ[२], हरिहर हौ दाता
ॐ जय जगदीश हरे ।

युगयुग पावन गर्छौं अगणित रूपधरी,
प्रभु अगणित रूपधरी
लीलामय रस विग्रह[२]
करुणा मूर्ति हरि ।
ॐ जय जगदीश हरे ।
समता शान्ति प्रदायक सज्जन हितकारी,
प्रभु सज्जन हितकारी
चरण शरण अब पाऊँ[२], प्रभु भव भयहारी
ॐ जय जगदीश हरे

भावक निर्मल दिउन् सादक फलदायी,

प्रभु सादक फलदायी

जीवन धन्य बनोस[२], प्रभु पद सेवा पाई

ॐ जय जगदीश हरे ।

सम्यम् सुर सरिताको अविरल धारा वहोस्

प्रभु अविरल धार वहोस्

जति-जति जन्म भए पनि, जहाँ-जहाँ जन्म भए पनि प्रभुमा प्रेम रहोस्

ॐ जय जगदीश हरे ।

प्रेम सहित शुभ आरती जसले नित्य गऱ्यो,

प्रभु जसले नित्य गऱ्यो

दिन-दिन निर्मल बन्दै[२] त्यो भव सिन्धु तर्‍यो ।

ॐ जय जगदीश हरे ।

प्रभुका चरण उपाशक, हरिका चरण उपाशक

कति कति पार तरे, ॐ जय जगदीश हरे ।

ॐ जय जगदीश हरे, प्रभु जय जगदीश हरे

प्रभुका चरण उपासक कति कति पार तरे ।

ॐ जय जगदीश हरे ।

❖❖❖

## १.४ सन्जे आरती

सन्जे जगाऊ भक्त त्रिपाला जगाऊ,
सन्जे जगाऊ भक्त त्रिपाला जगाऊ
आरतीको वेला भयो भक्तजन सन्जे जगाऊ
पुरवकि सन्जयवली दक्षिण दिशा जाऊ,
पुरवकि सन्जयवली दक्षिण दिशा जाऊ,
दक्षिणका यमराजले त्रिपाला जगाऊ
सन्जे जगाऊ भक्त त्रिपाला जगाऊ
दक्षिणका यमराज पश्चिम दिशा जाऊ
पश्चिमका वरुणजीले त्रिपाला जगाऊ
सन्जे जगाऊ...
पश्चिमका वरुणजी उत्तर दिशा जाऊ
उत्तरका महादेवले त्रिपाला जगाऊ
सन्जे जगाऊ...
उत्तरका महादेव पुरवका दिशा जाऊ
पुरवका महादेवले त्रिपाला जगाऊ
सन्जे जगाऊ...
पुरवका चन्द्र सूर्य आकाशमा जाऊ
आकाशमा इन्द्रजीले त्रिपाला जगाऊ
सन्जे जगाऊ...
आकाशका इन्द्रजी पातालामा जाऊ
पातालका बासुकी नागले त्रिपाला जगाऊ
सन्जे जगाऊ...
पातालका बासुकी नाग यही ग्रहमा आऊ
यही ग्रहका भक्तजनले त्रिपाला जगाऊ
सन्जे जगाऊ... ।

❖❖❖



**स्रोत**

नाम : सावित्री अधिकारी
वर्ष : ४९,
ठेगाना : रूपाकोट-६

## १.५ लम्बरी भजन



**स्रोत**

नाम : दमन्ती अधिकारी

वर्ष : ९२

ठेगाना : रूपाकोट-६

हे राम त राम राम राम लौ सुन सबैले
हे बसेका पञ्चले सुन न सबैले
हे ज्ञान रूपी हृदयमा राखन सबैले
हे अठार पर्वको एक पर्व भनौला
हे बयान गर्छौं हामीले लौ सुन सबैले
हे चौबिसे राजाको बयान हुन लाग्यो

हे सरगुण वालाको ल सुन बयान
हे दशरथ राजाको लौ सुन बयान
हे सरगुणका बारीमा केराऊको घारी
हे सरगुणले विवाह गरे कुलच्छिन नानी
हे सरगुणका मातापिता अन्धा र अन्धी थिए
हे सरगुणका बाला त सधैका गुमाला
हे एक दिनको कुरा भन्छौ के भयो भनौला

हे कुलच्छिन नारीले के गरिन भनौला
हे मोही खिर भन्छौ पकाइन भनौला
हे सधैका खिर जाउली साँझी लौ दुधको
हे आजको खिर जाउली बाँसी लौ दुधको
हे मोहीको खिरज जाउली दिइन लौ भनौला
काया गयो राम राम काया गयो महीका खिरले काया गयो
हरि हरि मोहीका खिरले काया गयो
कासी लैजाउ बाला, कासी लैजाऊ
अन्धा र अन्धीलाई कासी लैजाऊ
हरि हरि अन्धा र अन्धिलाई कासी लैजाऊ
हे एक वाला सरगुणलाई हत्य लौ भयो र
हे कास र कुशको सिको लौ बनाए

हे दाहिने कुममा अन्धा राखे देब्रे कुममा अन्धी
हे अन्धा र अन्धीलाई बोकी लौ चलेर ।

हे जाँदा भए बाला जाँदा भए
हे अन्धा र अन्धीलाई लाँदा भए
हरि हरि अन्धा र अन्धीलाई जाँदा भए

हे जाँदा र जाँदा जाँदा काँ पुगे भनौला
हे सरजु गङ्गाको नजिकैमा पुगेर
हे गङ्गाका तिरैमा पुगेनी भनौला

पानी र देऊ बाला पानी खान देऊ
अन्धा र अन्धीलाई पानी खान देऊ
हरि हरि अन्धा र अन्धीलाई पानी खान देऊ

हे एकु वाला सरगुणलाई काँ बिसाम भयो र
हे आकाशैमा राख मभने गरुड चलिले हान्ला
हे पातालमा राखम भने धमिराले खाला
हे त्यसैवेला बालाले बिचैमा राखेर
हे जोर तुम्बा भिरेर जल भर्न गएर
हे राम र राम राम लौ सुन सबैले
हे दशरथ राजा भने हरिणको दफान
हे एतापट्टी जल भर्न गएर
हे पहिला तुम्बा भनेर ढोली पोखी दिएर
हे दोसरी तुम्बा भरदा गुडुगुडु गऱ्यो
हे हरिणले पानी खायो भन्ने हौ भयो
हे दशरथ राजाले बाणै जब छोडे

मार्‍यौं मामालाई मार्‍यौं मामा
हरिणको छल पारी मार्‍यौं मामा
हे हरिणमारी भनी राजा लौ आएर
हे कठै बरा भानिज ढलेको देखेर
हे राम त राम राम लौ सुन सबैले
हे बसेका पञ्चले सुन सबैले ।

हे ज्ञान रूपी हृदयमा राख न सबैले
हे दशरथ राजाले के गरे भनौला
हे जोर तुम्बा भिरेर जल लिएर गए
हे अन्धा र अन्धी निर पुगे

पानी खाउन आमै पानी खाउन
हामीले ल्याएको पानी आउन
हरि हरि हामीले ल्याएको पानी खाउन

हे बाला सरगुणको बोली र पनि होइन
हे बाला  सरगुणको हिँडाइ पनि होइन
हे बाला सरगुणको दम्को पनि होइन
हे बाला सरगुणको आवाज लबज पनि होइन
❖❖❖

# २ संस्कार गीत



**स्रोत**

नाम : दमन्ती अधिकारी

वर्ष : ९२

ठेगाना : रूपाकोट-६

## २.१ व्रतबन्ध गरिदेऊ भन्ने मागल

सानै मन सानै चित्त नैरगरे बाबाले ।
बारम्बार हुनी होइन हामरो करिमा ॥

एकै हजार लाउने भए चारै हजार लगाइदेऊ ।
बारम्बार हुने छैन हामरो करिमा ॥
सकम्लता मेरा बाबा तिम्रो भारा तिरम्ला ॥
नैरसके मेरा बाबा भलै आसिक ॥।
दूबो झैं त छादिए ।
पाती झैं त मौलाए ॥
बासै झैं त नुगे बालै ।
काश झैं त फुले बालै ॥
दिएम् बालै दिएम् बाल भलै आसिकै ।
सानै मन सानै चित्त नैरगरे आमाले ।
बारम्बार हुने छैन हामरो करिमा ।
चारै पाथी लाउने भए दशै पाथी लगाइदेऊ ।
बारम्बार हुने छैन हामरो करिमा ॥
धरिमा त तिम्रो आमा करिमा त हामरो ।
दिएम् बालै दिएम् बाल भलै आसिकै ॥

❖❖❖

## २.२ रत्यौली



**स्रोत**

नाम : शान्ति नेपाली

वर्ष : ४०

ठेगाना : रूपाकोट-६

चैतमा मकै रोप्यो असारैमा धान,
रत्यौलीमा नाच्नलाई किन खोज्छ्यौ मान
खरी झरे झर्ला ठोकी दे मादलु
मैले गीत गाउँदा गम्की दे मादलु ।

सबै मिलि रत्यौलीमा नाच्ने हो गाउने हो,
यति राम्रो लर्के जोवन कहिलेलाई साँच्ने हो ।
खरी झरे झर्ला ठोकी दे मादलु
मैले गीत गाउँदा गम्की दे मादलु ।

सानो छन्जेल गाइको बाच्छो ठूलो भइसी बहर
आजको यस रतेउलीमा पुऱ्याउने हो रहर
खरी झरे झर्ला ठोकी दे मादलु
मैले गीत गाउँदा गम्की दे मादलु ।

कोही पूर्वका कोही पश्चिमका सइँसाथी भेटियो
यो मनको तिर्सना बल्ल पो मेटियो,
खरी झरे झर्ला ठोकी दे मादलु
मैले गीत गाउँदा गम्की दे मादलु ।

❖❖❖



**स्रोत**

नाम : शान्ति अधिकारी न्यौपाने

वर्ष : ३४

ठेगाना : रूपाकोट-६ ।

## २.३ रत्यौली

जहाँ जान्छु गुँहेली खान त्यहीँ पापी बसेछ जोखान
सानै छँदा भाइ भनी सुहायौ, ठूली भयौ चमधारा रुवायौ

आउ बस खाऊ भन्न पर्छ, रुख मुखी बसेसी पात झर्छ
बिहान पाखाको तारा नरोऊ छोरी यस्तै हो संसार

ए आमा म रुँदारुँदै, दियौ डोली उज्यालो नहुँदै
आमाको माया छ गाढा, कसरी होला र भाइ टाढा

कस्तो रैछ छोरीको जुनी पराई घर नगई नहुनी
भाइले खानी दुध मैले खाइन र लाइदेऊ अंश मेरो केही छैन र ।

❖❖❖

# ३ पर्व गीत



**स्रोत**

नाम : सावित्री गौतम

वर्ष : २५

ठेगाना : रूपाकोट-६ ।

## ३.१ वर्ष दिनको तीजमा

वर्ष दिनको तीजमा, म त जान्छु माइतमा
नकराउनु स्वामीराजै हिँड्ने साइतमा
खर्च छैन दलेर चामल छैन कुटेर
स्वामीजीले खानु है मकै भुटेर ।
घुरुघुरु मोही पारेँ, राखेँ भाँडा भोरेर
स्वामीजीले खानुहोला कराइ कोरेर ।
ठूलाठूला स्कुलमा साना-साना घरैमा
गाईडिँयालाई नपारे दाम्ला भरैमा ।
माइत जाँदा खाएको हुँ मैले मकै भुटेर
घर जाँदा स्वामीजीले मारे कुटेर ।
घर जाने वेला भयो कहुँ कता दुकुरी
कठै बरा साथमा छैन कुटुरी ।

❖❖❖

## ३.२ वरिलै तीजको गीत



**स्रोत**

नाम : कमला नेपाली

वर्ष : ५०

ठेगाना : रूपाकोट-६ ।

बाबाजीको आगनीमा वायुपंख घोडा वरिलै
नाच्न गाउन मन त थियो तर छैन जोडा वरिलै

वर्ष दिनको तीजको वेला छमछम नाचम् वरिलै
सबै चेली जम्मा भइयो चट्ट कम्मर भाँचम वरिलै

भातै र खाउला भिनुवाको तरकारी तामा वरिलै
घरैमा छैनन् दयालु सासु माइतैमा छैनन् आमा वरिलै

भदौ र मासको अँधेरी राता उगार भाउजु ढोका वरिलै
हिजै र देखी खाएकी छैन साह्रै नै लाग्या छ भोक वरिलै

बाबार जीको दैलारमुनि भलाय चरीको बास वरिलै
आफ्नी आमालाई रुदारुँदै छाडियो अर्काकी आमाको आस वरिलै

❖❖❖

## ३.३ देउसी गीत



**स्रोत**

नाम : नवराज अधिकारी

वर्ष : ५०

ठेगाना : रूपाकोट-६ ।

भन भन भाइ हो देउसी रे
हे राम्ररी भन देउसी रे
हे यो रातो माटो देउसी रे
हे लड्दै र पढ्दै देउसी रे
हे आएका हामी देउसी रे
हे बलिमा राजाले देउसी रे
हे पठाएर देउसी रे
हे केराको थम्बा देउसी रे
हे दस भाइ जम्मा देउसी रे
हे यो घरमा देउसी रे
हे लक्ष्मीले देउसी रे
हे बासै गरून देउसी रे
हे छोरा छोरी देउसी रे
हे पढी गुनी देउसी रे
हे पासै गरून् देउसी रे
हे एक घर हैन देउसी रे
हे दुई घर हैन देउसी रे
हे चारै दिशा देउसी रे
ए पुग्नु नै पर्ने देउसी रे
ए यो घर कत्रो देउसी रे
ए दरबार जत्रो देउसी रे
ए फलोस् फूलोस देउसी रे
ए माटो छुँदा देउसी रे
ए अन्नै मिलोस् देउसी रे
ए ढुङ्गा छुदा देउसी रे
ए देउतै मिलोस देउसी रे
ए राम्ररी भन देउसी रे
ए सोरमा सोर देउसी रे
ए मिलाइकन देउसी रे
ए भन मेरा भाइ हो देउसी रे ।

❖❖❖

# ४ श्रम गीत

## ४.१ दाइँ गीत



**स्रोत**

नाम : अमृत तिवारी

वर्ष : ३२

ठेगाना : रूपाकोट-६ ।

मियाँको टुप्पामा बसिहाल्यो कोइली
गोरु खेद्नी केटीलाई ढिँडोको चोइली
हो..हो.. माले गोरु हो..हो ।
एउटा गोरु झाले माले अर्को गोरु तिखे
गोरु खेद्नी केटा त साह्रै रैछ लिखे
हो..हो.. काले हो..हो ।
पुतली गाईको बाच्छो बरादो माली गाईको नाती
हिँड्न लाग्यो मेरो भाइ बरादो हो धान परालमाथि ।
हो हो ..............
रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो हो
माल मधेसको सह ल्याउ ।
हो हो हो ................
सिङले बोक खुरले माड मेरो भाइ बरादो हो
कानले बताउ पुछारले बडार हवाइ हवाइ हो ।
हो हो हो...............
मियोको टुप्पोमा मेरो भाइ बरादो हो परालको तान्द्रो
गोरु धपाउने ठिटालाई मेरो भाइ बरादो मुसाको आन्द्रो ।
ह.... ह.... ह.............
माल मधेरको सह ल्याऊ
रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो
माल मधेसको ल्याऊ हवाइ हवाइ ।
ह ह ह...............
रिङ्दै जाऊ घुम्दै जाऊ मेरो भाइ बरादो हो
अन्नपूर्ण भरिपूर्ण माल मधेसको सह ल्याउ हवाइहवाइ हो ।
ह ह ह ................ ।

❖❖❖

## ४.२ असारे गीत



**स्रोत**

नाम : सावित्री अधिकारी

वर्ष : ४९,

ठेगाना : रूपाकोट-६

साउनमा खानी दुधिला मकै मंसीरमा कसार
पूर्वको ढोका खोलेर हेर्दा लाएछ असार

बाबा र जीको दैला र मुनी ढुकुर लुक्ने बिऊ छ
फरालेर मरम् भने मनखत लाउँदो जिऊ छ

असारलाई भनी कुटेका चिउरा माघमा छुन लाए
नजिकको पाइ छ भन्थ्याउनी बाबा मेलैमा जून लाए

आधा र बारी खेती र बाला आधा त रुख्यानी
रातै र पऱ्यो झाम्कुरी बस्यो विदा देऊ मुख्यानी

असारे मासको दबदबे हिलो छि मलाई घिन लायो
ए बाबा मलाई फरिया किन्दा छ बिस रिन लायो

असारे मासको दबदबे हिलो छिः मलाई गनायो
सौताको छोरो मुटुको किलो झड्किलो जनायो

हिन न हिन दिदी र बहिनी मेलामा जाने हो
एक महिना धान रोपेर छोडम् वर्षदिन खाने हो ।

❖❖❖

# ५ बाह्रमासे गीत

## ५.१ सालैजो



नाम : नीलबहादुर गुरुङ

वर्ष : ६३

ठेगाना : रूपाकोट-६

हा..हा.. सुरिलै गयो बाँसैको लिंगो
सालैजो भइँ छोयो टुप्पैले...
हा..हा.. न तिम्रो छोरो न तिम्रो छोरी
सालैजो के गऱ्यो रूपैले ।
हा..हा. हाँसो र खेलो यो सबैसित
सालैजो जुग जानी कोसित
हा..हा.. जुग जाने कोसित...

हा..हा.. कुरालाई परे नेपालै जाउँला
धनपरे तिरौँला..
हा..हा.. धनपरे तिरौँला ।
हा..हा.. रूपाको कोट बयर पाक्यो
सालैजो चरीले चाखेको
हा.. हा.. त्यत्तिमा सारै गाउने सीप छैन
सालैजो वचनै राखेको ।

हा.. हा.. सेतीको पुल लचक्कै लच्क्यो
सालैजो फलामै जीपले
हा.. हा.. बिग्रेको चरन सपारी लैजाऊ
सालैजो तिम्रै सीपले ।

❖❖❖

## ५.२ सालैजो



**स्रोत**

नाम : प्रकाश गुरुङ

वर्ष : ३४

ठेगाना : रूपाकोट-६ ।

स्वरलाई दिने नरसिंह बाजा सालैजो
ताल दिने ढोलकी
यसैमा गरी बोली र हाँसी सालैजो
जुग जानी होला कि ?

माझी है दाइले जालैर खेल्यो सालैजो
जाल पुग्यो दोभान
मैं खान दिउँला मैं लाउँन दिउँला सालैजो
मै लिउँला जीवन ।
रूपाको कोट बराह थोक
जुधाउँदा जुध्दैन
यही मन रून्छ यही मन हाँस्छ सालैजो
बुझाउँदा बुझ्दैन ।

दिनै र भोरी नाम्लै र बुन्यो सालैजो
सिर्जन सकिन
हितैको मायाले गाएको गीत सालैजो
बिर्सन सकिन ।

गाईले खाइन भैंसीले खाइन सालैजो
आगोले खायो वन
पहरो भए रसाई जान्थ्यो सालैजो
धन्य हो तिम्रो मन ।

झम र झम झ्याउँकिरी बास्यो सालैजो
काँकरी झ्यालैमा
टपक्कै टिपी मै लाने छैन सालैजो
मुखैको ख्यालैमा ।

❖❖❖

## ५.३ एकोहोरी गीत



नाम : गजुल्दिन मियाँ

वर्ष : ४२

ठेगाना : रूपाकोट-६

कसले मलाई बोलायो मेलामा मनमा पीर परेको वेलामा ।
औसेलुको पात न मलाई सैसाथे न जुनेली रात

जहिले पनि म एक्लै हुँदा, न्याउली पनि तर्सियो मरुँदा ।
औसेलुको पात....

जहाँ टेक्छु त्यही पहिरो जानी, को छ मेरो कट्क्कै मन खानी ।
औसेलुको पात....

कतैबाट पाइएन न्याय, कसले दिन्छ दुःखीलाई उपाय ।
औसेलुको पात....

मनलाई आज लाइरछ झरी, फेवाताल झैँ आँसुको पोखरी ।
औसेलुको पात....

भोक छैन निद छैन रातमा, आफ्नो भन्नी कोही छैन साथमा ।
औसेलुको पात....
कहिले खान्न कहिलेकहीँ खाकी छु, एक्लो जीवन बिताउँदै आकी छु ।
औसेलुको पात....

यति पीर मनैमा लिनु, लौन ईश्वर दुःखीलाई साथ दिनु ।
औसेलुको पात....।

❖❖❖

## ५.४ दोहोरी गीत

केटाः जान्छु विदेश उठेर राती तिम्लाई सम्झी चिरिन्छ यो छाती
फूलको बासना, मनमा पीर भएनी मायालु मुसुक्क हाँसन ।

केटीः नजाऊ प्यारा कतार र मलाय, सुन उब्जन्छ यही माटो चलाए
फूलको बासना...,

केटाः विदेश जान मलाई मन थिएन, साहुँको रिनले घर बस्न दिएन
फूलको बासना...,

केटीः मेरो माया मुग्लानको मुलुक देख्न पाए झैँ हुन्छ झुलुक्क ।
फूलको बासना...,

केटाः भन्छेऊ प्यारी नबस आऊ भनी, के गरेर बुझाम्ला साऊँ पनि
फूलको बासना...,

केटीः तिमी र म स्वदेशमै फिरम्ला, साहुँको रिन काम गरी तिरम्ला
फूलको बासना...,

केटाः नरोऊ प्यारी त्यसरी धर्केर, आउछु छिट्टै म घर फर्केर
फूलको बासना...,

केटीः देश विकासमा कम्मरु कसम्ला, खाले फाँडो खाएर बसम्ला ।
फूलको बासना...।

❖❖❖



**स्रोत**

नाम : राजकुमार तामाङ

वर्ष : ३३

ठेगाना : रूपाकोट-६

VS

नाम : सावित्री गौतम

वर्ष : २५

